वर्ष ३६, अङ्क ८, २०८० साल माघ

January-February 2024

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









३० आकाशमा धुवाँको अक्षर

अक्षर वा मूर्त आकृतिको माध्यमबाट आफ्ना उत्पादनको विज्ञापन गर्ने विधि नै स्काइराइटिङ हो । समग्रमा यो आकाशमा सन्देश लेख्ने परिपाटी हो ।

३८ शक्ति राष्ट्रलाई थला पारेको आर्थिक महामन्दी

महामन्दीको आरम्भ अमेरिकाबाट भएको थियो । अमेरिकाबाट सुरु भएको मन्दीको असरले सन् १९३३ सम्म सारा विश्वलाई चपेटामा पाऱ्यो ।

६७ घातक हुन्छ मस्तिष्कको क्यान्सर

मस्तिष्क कडा हड्डीभित्र सीमित ठाउँमा अवस्थित हुने भएकाले सानोभन्दा सानो ट्युमरले पनि अन्यत्रभन्दा जोखिम निम्त्याउँछ ।

५३ मध्यपूर्वको गहिरो सङ्कट

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०९३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
तारा बस्याल

उत्पादन विभाग
ओम भुसाल

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान

पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौँडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/–
वार्षिक मूल्य रु.२५०/–

सम्पादकीय

हितैषी शाकाहारी भोजन

समाजमा शाकाहारी र मांसाहारी संस्कृतिबीच अचेल चर्चा चुलिनुलाई हामी शाकाहारी संस्कृतिको प्रभाव बढ्दै जानु हो भन्न सक्छौँ। आधुनिक समाजको भोजन संस्कृति माछामासुमा अधिक निर्भर रहेकोमा दुईमत छैन र पौष्टिक तत्त्वहरू आवश्यक मात्रामा प्राप्त गरी हृष्टपुष्ट रहन मांसाहार नै सर्वोत्तम भएको तर्क राख्नेहरू छन् तर हाम्रो समग्र स्वास्थ्य र प्राकृतिक सन्तुलनको महत्त्वबाट चिन्तन गर्दा यो वितर्क मात्र लाग्छ। शाकाहारले वास्तवमा आफ्नै विशिष्टता बोकेको छ र यसमा कुनै तर्कवितर्कको आवश्यकता पनि छैन, यो मांसाहारको विकल्प पनि होइन तथा सम्पूर्णमा जीवनोपयोगी, प्रकृतिको उपहार र दीर्घायुको एक माध्यम हो।

आदिम वा प्राचीन युगमा जीवन धान्न मानिसले आफ्नो भोजन कसरी र के चयन गरे त्यो बेग्लै बहसको विषय हुन सक्छ तर आधुनिक जमानामा विश्वको बढ्दो जनसङ्ख्याको पेट भर्न तथा पोषणको सजिलो विकल्पका रूपमा मानिसले माछामासुलाई आफ्नो भोजनमा समावेश गर्नुले नै समाजमा मांसाहार प्रवृत्तिको बाहुल्यता भएको मान्न सकिन्छ। मांसाहारबिना शरीरले पर्याप्त पोषण प्राप्त गर्न सक्दैन भन्ने बुझाइमा पनि सत्यता छैन। शरीरलाई चाहिने पोषक तत्त्व आपूर्ति गर्ने कतिपय गेडागुडी, अन्नपात, फलफूल र तरकारी शाकाहारी खाद्यवस्तुमा पर्छन्।

भन्नलाई त मांसभक्षण गर्नेहरूले मांसाहारका अनेक लाभ सूचीकृत गर्न सक्लान्, यसलाई अपरिहार्य भएको बहस पनि गर्न सक्छन्। विश्वमा अचेल टड्कारो रूपमा देखिन थालेका केही समस्याले चाहिँ मांसाहारका लाभभन्दा हानि धेरै रहेको स्पष्ट हुन्छ। यसले गर्दा पनि हुन सक्छ मांसाहारको दुष्प्रभावको बुझाइ व्यापक बन्नाले शाकाहारी भोजन संस्कृतिको विकासमा बल पुगेको। यसमा अर्को महत्त्वपूर्ण पक्षलाई समेत जोडेर हेर्नुपर्ने हुन्छ– मांसाहारका लागि चौतर्फी पशुपन्छी हिंसाले गर्दा आध्यात्मिक प्रभाव बढ्दै जानु र आधुनिक चिकित्साले पनि शाकाहारी भोजनलाई बढी स्वास्थ्यवर्द्धक भएको प्रयोगसिद्ध सिफारिस गर्नु। "पोषणले मात्र रोग निको पार्न सकिन्छ" भन्ने चिकित्सा विज्ञानका पिता हिपेक्रेट्सले सयौँ वर्षपहिले स्थापित गरेको दर्शन आधुनिक चिकित्सा विज्ञानको युगमा धेरै सान्दर्भिक देखिन्छ। मानव शरीरलाई खानाको साथसाथै पोषण पनि आवश्यक हुन्छ। पेट भर्न र स्वादका लागि मात्र खाना खाने होइन, यसबाट दैनिक यथेष्ट पोषण शरीरलाई प्राप्त हुनुपर्दछ। पोषण प्राप्तिको भरपर्दो माध्यम हो शाकाहारी भोजन।

शाकाहारी हुनुको फाइदालाई मानव स्वास्थ्यसँग मात्र जोडेर हेर्नु हुँदैन मानव अस्तित्वसँग यो गाँसिएको छ। स्वास्थ्यभन्दा पनि अस्तित्वको प्रश्न पहिले आउनुको प्रमुख कारण हो, विश्वव्यापी तापक्रम वृद्धि। विश्वमा तापक्रम वृद्धिको चर्चा गर्दा उपभोग प्रणालीको कुरा आउँछ। उपभोग प्रवृत्तिले वास्तवमा उत्पादन प्रणालीमा ठूलो असर पारिरहेको हुन्छ। व्यस्त जीवनले तयारी खाद्यवस्तुको माग बढ्दै गएको छ। यसले रेस्टुराँ र होटलहरूको व्यापार फस्टाउनाले उपभोग्य वस्तुको उत्पादन तथा वितरण प्रणाली असन्तुलित हुँदै वातावरण प्रदूषण बढेको छ। तयारी खाद्यवस्तु प्रायः माछामासुमा आधारित छन्। यी वस्तु मागअनुरूप उत्पादन वृद्धिले हरितगृह ग्यास उत्सर्जन बढाएको छ। यस कारण मांसाहार शरीरको पोषक त हुन सक्ला तर जल, जीवन अनि प्रकृतिको शोषक पनि हो। ■

युवाको मन जित्यो



२०८० साल पुसको युवामञ्च समयमै पढ्ने अवसर मिलेकोमा आभारी छु। यो पत्रिकाको नियमित पाठक भएको नाताले यो पत्रिका कहिल्यै पनि पढ्न छुटाउन सक्दिनँ। युवाको मन जित्न सफल भएको छ यो पत्रिका।

द्रोणाचार्यका सन्तान दनुवार शीर्षकको सामग्री पढ्न पाउँदा खुसी लाग्यो। भूताहा गुडिया शीर्षकको सामग्री पढ्ने अवसर मिल्यो। शीतल गिरीले लेखेको उजिरसिंहले चलाएको भगवती जात्रा शीर्षकको लेख निकै राम्रो लाग्यो। तुम्नो कुलुङले लेखेको पानी पिउनुहोस् स्वस्थ रहनुहोस् शीर्षकको लेख दोहोर्‍याएर पढेँ। पढेपछि पानी एक गिलास पिएँ।

डा. माधव अधिकारीले लेखेको बहुउपयोगी बाबरी फूल शीर्षकको सामग्री सबैले पढ्नै पर्ने रहेछ। बाबरीको अचार बेला बेलामा मैले खाने गर्दछु। अजय शर्माले लेखेको जोखिम छ भिपिएन प्रयोगमा शीर्षकको लेख पढ्ने अवसर मिल्यो। उमेश ओझाले लेखेको अर्थहीन हुँदै एन्टिबायोटिक शीर्षकको सामग्री राम्रो लाग्यो। साहित्यकार प्राडा नारायण चालिसेका बारेमा पढ्न पाएँ। यमबहादुर दुराले लेखेको चौतारी संस्कृति शीर्षकको लेख ज्यादै रोचक रहेछ।

प्राडा सुमनराज ताम्राकारले लेखेको रेडियोथेरापीका अनेक रूप शीर्षकको स्वास्थ्यसम्बन्धी लेख पढ्ने अवसर मिल्यो। युवामञ्च पत्रिकाका आगामी अङ्कमा पनि यस्तै जानकारीमूलक सामग्री पढ्न पाइयोस् भन्न चाहन्छु।

अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ–४, पासीकोट,
उज्यालोबस्ती, काठमाडौं

ताजा घटना चाहियो

युवामञ्चको एउटा पाठक भएकाले मैले यसका बारेमा केही न केही रोचक र सकारात्मक सुझाव दिनु मेरो कर्तव्य ठानेको छु। खासमा भन्ने हो भने म अन्तर्राष्ट्रिय विषयमा चासो राख्ने पाठक भएकाले युवामञ्चले कस्तो लेख प्रकाशित गर्ने गरेको छ भनेर हेर्दै आइरहेको हुन्छु तर मलाई यो विषयमा के भन्न मन लागेको छ भने यो पत्रिकाले म जस्ता पाठकको ध्यान नै तान्न सकिरहेको छैन किनभने विश्वका जल्दाबल्दा विषयलाई जसरी युवामञ्चले उठाउनुपर्ने हो त्यो उठाएको मैले पाएको छैन यसमा लेखकको म ध्यानाकर्षण गराउन चाहन्छु। ताजा घटनाको अपेक्षा म जस्ता पाठकले राखेको हुँ। यो स्वाभाविक अपेक्षा नै हो भन्ने मलाई लागेको छ ।

राधा आचार्य
तनहुँ

गुणस्तरमा सुधार कहिले

म युवामञ्चको सुरुदेखिकै पाठक हुँ। मलाई त अन्य पत्रिका भन्दा यो पत्रिकाकै बढी चिन्ता र चासो हुने गरेको छ। त्यसैले मैले मनमा लागेका दुई/चार शब्द यहाँ पोख्न यो पत्राचार गरेको हुँ। मेरा सुझाव र सल्लाहलाई सकारात्मक रूपमा लिएर मलाई सहयोग गरिदिनु हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु। सर्वप्रथम त मैले यो पत्रिकाको ग्राहक बनाउन चाहेँ भने सजिलै बनाउन पाउदिनँ किन ? अनि यो पत्रिकाको साजसज्जा र कलेवरमा किन खासै परिवर्तन हुन नसकेको ? पुरानै ढाँचाको पत्रिका किन सधैँ ? यसलाई नयाँ बनाउन किन नसकेको ? कागजको गुणस्तरमा किन सुधार नगरेको ? मेरा स्वाभाविक प्रश्नहरूको जवाफ अपेक्षित छ।

मदन शर्मा
विराटनगर–३

सचेत बनौँ


पाँच दिन वा सात दिनका लागि दिनको तीन वा दुई पटक खान सिफारिस

अर्थहीन हुँदै एन्टिबायोटिक

युवामञ्चका बारेमा मैले धेरै पहिलेदेखि नै केही न केही प्रतिक्रिया पठाउने गरेको सम्पादक महोदयका सामु नयाँ र नौलो होइन। यो पटक भने मैले युवामञ्चले स्वास्थ्यसँग सम्बन्धित सामग्रीलाई दिएको महत्त्वका बारेमा केही उल्लेख गर्न मन लागेर यो पत्र लेखेको हुँ।

पुसको युवामञ्चमा छापिएको स्वास्थ्य बारेको लेख सामग्री उल्लेख गरौँ। वान्ता हुँदैमा आत्तिनु नपर्नेदेखि पानी पिएर जीवनलाई स्वास्थ्य बनाउनुपर्नेसम्मका लेख पढ्न पाएर म खुसी भएको छु। यो अङ्कको सबैभन्दा जानकारीमूलक लेख पनि स्वास्थ्य बारेको नै रहेछ। मानव स्वास्थ्यमा एन्टिबायोटिकले कस्तो असर पारिरहेको छ वा छैन भन्ने यो लेख साह्रै नै रोचक लाग्यो।

वास्तवमा लेख पढेपछि नै थाहा भयो कि यसको प्रयोग राम्रोसँग गर्न नजान्दा यो अर्थहीन हुँदै गएको रहेछ । चिकित्सकले भने अनुसार बिरामीले एन्टिबायोटिक सेवन नगर्दा वा बीचैमा छोड्दा पछि गएर बिरामीलाई कामै नगर्दो पो रहेछ। यस विषयमा सबै नेपालीलाई सचेत हुन समेत यो पाठकपत्रमार्फत विनम्र अनुरोध गर्दछु।

कृष्णहरि ढुङ्गाना
सल्लाघारी, भक्तपुर

दिमाग खियाउन पाउँ


युवामञ्चको नियमित पाठक बनेको धेरै भयो। म यो पत्रिका सधैँ पढ्दै आइरहेको छु। मलाई मन पर्ने पत्रिका भएकाले यसका रहेका सामग्री मेरा लागि महत्त्वपूर्ण हुन्छन्। यो भनिरहँदा मेरो मन छुने चाहिँ दिमाग खियाउन मलाई पढ्न बाध्य पार्ने ब्रेन गेम नै हो। म दिमाग लगाउन निकै मेहनत गर्ने मानिस भएकाले पनि यो स्तभ मेरा लागि ज्यादै महत्त्वपूर्ण रहेको ठान्दछु। युवामञ्चले जुन बेलादेखि यो स्तम्भ सुरु गरेको मैले पाएँ, एकदमै प्रसन्न छु। यस्तै दिमाग लगाउने सामग्रीहरू थप भएको हेर्न पाए सुनमा सुगन्ध हुने थियो। सबै युवाको चाहना पनि हो यो भन्ने लागेर यो पत्र लेखेको हुँ। मेरा भावनालाई उचित स्थान दिनु हुनेछ भन्नेमा म ढुक्क छु।

राजन ढुङ्गेल
मकवानपुर

विश्व वेदना बोल्ने सम्पादकीय

मलाई पुसको युवामञ्च मन परेको जानकारी गराउन यो प्रतिक्रिया पठाएको हुँ। सम्पादकीय साह्रै मन परेकाले यो पाठकपत्र लेख्न मलाई हौसाएको हो। सम्पादक महोदयले आजको विश्वले भोगिरहेको वेदनाको विषय उठाएर सम्पादकीयको कलम चलाउनु भएको रहेछ। वास्तवमा भन्ने हो भने जलवायु परिवर्तनको विषय भनेको विश्वकै साझा मुद्दाको रूपमा चित्रित छ। यो मुद्दाको समाधान सबैले मिलेर साझा रूपमा नगर्ने हो भने विश्वका जीवजन्तु मात्र नभएर पूरै मानव जाति नै सङ्कटमा पर्ने निश्चितप्रायः छ। यो कुरालाई बेलैमा मनन गरेर हातेमालो गरेर हिँड्न विश्वका राजनेताहरूलाई म सम्पूर्ण नेपालीका तर्फबाट विनम्र अनुरोध पनि गर्दछु। जहाँसम्म अन्य लेखरचनाको प्रसङ्ग छ सबै चाख लगाएर पढ्ने खालका नै छन्। यस्तै रोचक सामग्रीको अपेक्षा राखेको छु। अन्य विषयमा मेरो खासै गुनासो नभए पनि साजसज्जा र कागजको गुणस्तरमा संस्थान व्यवस्थापनको अझै गम्भीर ध्यान जान जरुरी देखेको छु।

शिवनारायण दास
सर्लाही–३



महाफोहोरी हाजी

अधिकांश मानिसले आफ्नो जीवनमा यस्तो समय बिताएको हुनुपर्छ जुनबेला नुहाउनु भनेको सकभर प्राथमिकता थिएन। हुनसक्छ समयको अभावले, बिर्सेर वा नुहाउने सुविधा नपाएर त्यसो भएको होला।

नुहाउनमा केही दिनको ढिलाइलाई कतै नराम्रो मान्नु भएन। जब तपाईंलाई नुहाउन हप्ता दिन वा त्यसभन्दा बढीको समयपछि जाँगर लाग्छ भने चिन्ता लिनुपर्ने हुन्छ र शरीर गनाउन थाल्छ।

तर वर्षौंसम्म ननुहाए वा ६७ वर्षसम्म नुहाइएन भने के होला ?

एक इरानी मानिस अमौ हाजीको जीवन जिउने तरिका यस्तै थियो। उनलाई विश्वको सबैभन्दा फोहोरी मानिस भनिन्छ।

आधा शताब्दीभन्दा बढी समय हाजी एक यस्तो साधुको जीवन बाँचे जसले स्नान गर्दैनथे, सडकमा मरेका बस्तुभाउ खान्थे र पशुको गोबरको धूमपान गर्दथे। यो कुरा कुनै किंवदन्ती जस्तो लाग्न सक्छ तर हाजी वास्तवमै थिए।

सन् १९२८ अगस्त २० मा जन्मिएका हाजीले आफ्नो जीवन इरानको देज गाह गाउँमा व्यतीत गरे। उनको वास्तविक नाम कसैलाई थाहा छैन तथा उनको बोलाइने नाम अमौ हाजीको भावानुवाद 'पुरानो जमानाको



हाजीको आरम्भिक जीवनका बारेमा त्यति थाहा छैन तर मन कुँडिएपछि आफूले साधु जीवन अपनाएको उनले बताउँथे। गाउँको किनारमा माटोको घरमा उनी बस्दथे तर स्थानीयबीच सुपरिचित थिए र स्थानीयले उनको उपस्थितिलाई अन्यथा मान्दैनथे।

मानिस' हुन्छ । सन् २०२२ अक्टोबर २३ मा ९४ वर्षको उमेरमा हाजीको मृत्यु भयो ।

हाजीको आरम्भिक जीवनका बारेमा त्यति थाहा छैन तर मन कुँडिएपछि आफूले साधु जीवन अपनाएको उनले बताउँथे । गाउँको किनारमा माटोको घरमा उनी बस्दथे तर स्थानीयबीच सुपरिचित थिए र स्थानीयले उनको उपस्थितिलाई अन्यथा मान्दैनथे ।

हाजीले ननुहाउनुको मुख्य कारण के थियो भने साबुन र पानीले नुहाएमा रोग लाग्ने भयले उनी आक्रान्त थिए । यो डर उनीमा यत्तिको जरा गाडेर बसेको थियो कि उनले ६७ वर्षसम्म नुहाएनन् । जसले गर्दा हाजीको छाला धुलो, माटो र पिपसमेतले ढाकिएको थियो ।

एक पटक युवा समूहले हाजीलाई जबरजस्ती नुहाउने कोसिस गरेको थियो तर आफ्नो जिउमा एक थोपा पानी पनि पर्न नदिएर उनी भाग्न सफल भए ।

गाउँमा हाजीलाई नचिन्ने कोही थिएन । ननुहाएको दशकौं भएपछि हाजीको छाला एकनासको कैलो रङको देखिन थाल्यो तथा उनको



कपालसमेत त्यस्तै भए । आफ्नो साजसज्जा बनाइराख्न उनले आफ्नो कपाल र दाह्री आगोले जलाउने गर्दथे ।

नुहाउने डरले मात्र हाजीलाई समाजमा बेग्लै पहिचान दिएको थिएन । उनको आहारा र बानीसमेत विचित्रका र घिनलाग्दा थिए ।

नुहाउने वा हातगोडा धुने कुरा आउँदा हाजीलाई पानीसँग डर लागेको हुनसक्छ तर पिउने कुरामा त्यस्तो थिएन । हाजीले फोहोर भाँडामा राखिएको पाँच लिटर जति पानी दिनहुँ पिउँथे ।

जहाँसम्म खानाको कुरा छ हाजीको खाना खाने बानी सकभर उनको नुहाउने बानीभन्दा घिनलाग्दो थियो । हाजीले आफूलाई कसैले दिएको ताजा खाना खान र पानी पिउन चाहँदैनथे । बरु आफूलाई आवश्यक खाना उनी आफैँ खोज्दथे ।

हाजीले प्रायः सडक किनारमा मरेका जीवजन्तु खाने गर्थे । मृत पशु सिनोमा परिणत भएको भए पनि उनले वास्ता गर्दैनथे । सडेगलेका मासु उनी खान्थे । हाजीले सधैँ काँचो मासु खान्थे तथा के पनि भनिन्छ भने उनलाई दुम्सीको मासु साह्रै मन पर्थ्यो ।

हाजी धूमपानका पनि सोखिन थिए । धूमपानका लागि उनीसँग एउटा पुरानो 'पाइप' थियो । त्यस 'पाइप' मा उनी सुर्ती हाल्दैनथे, बरु धूमपान गर्न 'पाइप' मा जनावरको मल जलाउँथे । उनलाई चुरोटसमेत मन पर्थ्यो तथा एकै पटकमा धेरै चुरोट पिउँदै गरेको उनलाई देख्न सकिन्थ्यो ।

अचम्म मान्नुपर्छ फोहोर पानी र सडेगलेका काँचो मासु खाएर पनि हाजी बिरामी पर्दैनथे । मृत्युको नजिक पुग्दासम्म उनी स्वस्थ नै थिए ।



पोपोई कुनै काल्पनिक चरित्र होइन, बरु वास्तविक मानिस फ्रेन्क फिगेलको व्यक्तित्वमा आधारित छ । फिगेल एक आँखा मात्र भएका एक नाविक थिए । उनी झगडा गरिहाल्ने र धूमपान गर्न 'पाइप' मुखमा च्यापिराख्ने व्यक्तिका रुपमा परिचित थिए । उनकै व्यक्तित्वमा आधारित रहेर कार्टुनिस्टले पोपोई चरित्र विकास गरेका हुन् । फिगेल र उनको कार्टुन चरित्र पोपोई हेर्दा उस्तै देखिन्छन् । ▪

-युवामञ्च

त्यसो भए हाजीलाई केले बिरामी पारेको होला ? नुहाएर त होइन ? हो, धेरै वर्षपछि नुहाएको केही महिनामै उनको मृत्यु भएको थियो ।

हाजीलाई नुहाउन बाध्य पार्ने पहिलो कोसिसपछि गाउँलेले उनलाई जस्तो छ त्यस्तै अवस्थामा छाडिदिएका थिए । हाजीले ननुहाए पनि गाउँलेले वास्ता गरेनन् तर ९४ वर्षको भुत्रा लुगा लगाउँथे । हाजीको सडक किनारमा मरेका जीवजन्तु खाने र फोहोर पानी पिउने बानी हटेन तर चाँडै उनी बिरामी परे र उनको स्वास्थ्य खस्कन थाल्यो ।

स्नान गरेकै कारण हाजीको मृत्यु भएको वा त्यो उनका लागि एक खराब समय थियो, पुष्टि गर्ने कुनै तथ्य छैन । कसै गरी केही महिना बिते र आफ्नै घरमा हाजीले अन्तिम

वास्तवमा गाउँका मानिसले हाजीको जीवनस्तर सुधार्नका लागि वर्षौंदेखि ससाना प्रयास गर्दै नआएको पनि होइन । उनीहरूले हाजीलाई बस्न माटोको सानो घर बनाइदिएका थिए ।



उमेरमा केही गाउँलेले दयालु भाव देखाए तथा हाजीलाई व्यवस्थित स्नानगृहमा लिएर गए । जहाँ हाजीले ६७ वर्षपछि पहिलो पटक स्नान गरेका थिए ।

यो प्रयास सहृदयी मनले गरिएको थियो तथा यसमा कुनै जालझेल थिएन । वास्तवमा गाउँका मानिसले हाजीको जीवनस्तर सुधार्नका लागि वर्षौंदेखि ससाना प्रयास गर्दै नआएको पनि होइन । उनीहरूले हाजीलाई बस्न माटोको सानो घर बनाइदिएका थिए ।

धेरै वर्षको अन्तरालमा नुहाएपछि हाजीको जीवनमा हल्का परिवर्तन आयो । उनी झुप्रोमै बस्थे र



चीनको मध्य भाग लेजाजेनमा ‘यलो’ नदीको किनारमा अवस्थित पुरातात्विक स्थलमा विगतको एक मार्मिक झलक देख्न सकिन्छ । यो एक महत्वपूर्ण खोजको सम्बन्ध चार हजार वर्ष पुरानो कङ्कालसँग छ । यो कङ्काल एक आमा र बच्चाको हो । जसमा आमाले आफ्नो बच्चालाई भूकम्पबाट जोगाउने प्रयास गरेको देखिन्छ । ■

-युवामञ्च



सास लिए। मृत्युका बेला हाजी ९४ वर्षका थिए।

हाजीको मृत्युपूर्व 'तेहरान युनिभर्सिटी अफ मेडिकल साइन्सेस स्कुल अफ पब्लिक हेल्थ' मा 'परासिटोलोजी' का प्राध्यापक डा. घोलमरेजा मोलाभीले फोहोरी जीवनशैली भएर पनि उनको दीर्घायुका बारेमा जान्ने कोसिस गरेका थिए। चिकित्सकको निष्कर्ष अनुसार वर्षौंसम्म अत्यन्त खराब र फोहोरी जीवन जिउनाले हाजीको शरीरमा निकै बलियो प्रतिरक्षा प्रणाली विकास भएको थियो। त्यस बलियो प्रतिरक्षा प्रणालीले हाजीलाई निकै अकल्पनीय परिस्थितिमा समेत स्वस्थ बनाइराख्यो।

तथापि हाजीलाई एउटा बिमार थियो। आफ्नो जीवनको एक समय हाजीको शरीरमा ट्राइकिनोसिस विकास भएको देखियो। सामान्यतया नपकाइएको मासु खाँदा परजीवीले शरीरमा प्रवेश गरेर यो रोग लाग्ने गर्छ।

तर यस रोगले हाजीको नियमित जीवनशैलीमा खासै प्रभावचाहिँ पारेन। हाजीले आफ्नो जीवन जतिसुकै दुष्कर बनाएका हुन् तर उनले कहिल्यै कसैलाई क्षति पुऱ्याएनन्। उनी शान्तिप्रिय मानिस थिए। ▪

-युवामञ्च



चिकित्सकको निष्कर्ष अनुसार वर्षौंसम्म अत्यन्त खराब र फोहोरी जीवन जिउनाले हाजीको शरीरमा निकै बलियो प्रतिरक्षा प्रणाली विकास भएको थियो।

नर्डिक क्षेत्रका केही देश नर्वे, फिनल्यान्ड, नर्वे र स्विडेनमा इस्वी संवत्को २० औं शताब्दीको आरम्भदेखि एक यस्तो परम्परा चलिआएको छ, जसमा नवजात शिशुलाई चिसो मौसममा बाहिर सुताउने गरिन्छ। शिशुलाई स्वच्छ हावा, बरफ बन्ने तापक्रम नै किन नहोस्, मा सुताएमा तिनीहरुको प्रतिरक्षा प्रणाली बलियो हुने र समग्र स्वास्थ्य प्रवर्धन हुने विश्वासमा आधारित छ यो परम्परा। सन् १९५० को दशकमा सोभियत सङ्घमा केही अभिभावक र संस्थाले समेत यस अभ्यासलाई अपनाएका थिए।



यस परम्पराको एक झलक यस तस्बिरमा देखिन्छ। सन् १९५८ मा मास्कोमा खिचिएको यस तस्बिरमा शिशुहरु बर्फिलो मौसममा घरबाहिर मस्तसँग निदाएको देख्न सकिन्छ। ▪

-युवामञ्च

मुगुका मुगाली

कर्णाली अञ्चलको मुगु जिल्लाका केही स्थानमा बाक्लो बसोबास रहेकाले यिनीहरूलाई मुगाली भनिएको हुन सक्छ। जिल्लास्थित मुगुकरण/मुगुकरन भन्ने स्थानमा यिनीहरूको बाक्लो बसोबास रहेकाले पनि यिनीहरू मुगाली कहलाएका हुन सक्छन्।

अर्कोतर मुगालीको बसोबास रहेको क्षेत्र मुगालबाट मुगुको नामकरण भएको पनि हुन सक्छ। नेपालमा कतिपय स्थानको नाम जाति, थर वा पद विशेषले रहेका छन् भने कतिपय जातिको नाम, थर, स्थान विशेषले रहेका अनेकौँ प्रमाण भेटिन्छन्। मुगालीलाई मुगाल वा मुगुम पनि भनिन्छ। उनीहरू आफूलाई मुकुम्पा वा मुकुम भन्छन्।



मुगुको सदरमुकाम गमगढीको उत्तरपूर्वमा पर्ने सबैभन्दा ठूलो स्थानीय तह मुगुम कार्मारोङ गाउँपालिकामा मुगाल (मुगुम) समुदायको उल्लेख्य बसोबास छ। कतिपयले उनीहरूलाई तिब्बती, तामाङ वा भोटे पनि भन्छन् तर मुगाली यी जातिभन्दा भिन्न मानवशास्त्रीय अस्तित्वमा पाइन्छन्। मुगाल गाउँपालिका पूर्वमा डोल्पाको से–फोक्सुन्डो गाउँपालिका र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएकाले मुगालीको सामाजिक जनजीवनमा डोल्पो तथा तिब्बती जनसमुदायको प्रभाव परेको हुन सक्छ।

मुगुको मुगु, माङरी, दाउरा, बोङ्ग्री, कातिका, डोल्फु, मह, करन, ब्युते, कृमीलगायत १२ गाउँ क्षेत्र (करन/करण) र मुगु एक गाउँलाई मुगालीको आदि बसोबास मानिएको छ। यी गाउँमा बस्ने मुगालीलाई बाह्रकरण वा करन (बाह्रगाउँले) पनि भनिन्छ तर मुस्ताङका थकाली जातिमा प्रचलित आठगाउँले र बाह्रगाउँले भन्नेमा यिनीहरू पर्दैनन्। मुगु जिल्लाभित्र मुगु गाउँ रहेको छ।

मुगुका अतिरिक्त कालीकोट, जुम्ला, दार्चुलातिर पनि मुगालीहरूको बसोबास पाइएको छ। यिनीहरूको अनुहारको बनोट, रङ, उचाइ तथा बाहिरी स्वरूप तिब्बतीको जस्तै देखिन्छ। बौद्ध धर्म मान्ने यिनीहरूले सोनाम ल्होसारलाई विशेष पर्वका रूपमा मान्छन्। मुगाली समाजमा लामाको निर्णयलाई आधिकारिक मानिन्थ्यो तर अहिले यस्तो जातीय प्रथा तथा संस्कारमा क्रमशः विघटन आउँदैछ। चाडपर्व, रीतिरिवाजमा लामाको विशेष मूल्य, मान्यता, हैसियत तथा भूमिका रहन्छ। परिवारमा महिलाको निर्णायक शक्ति छ। महिलाको दोस्रो विवाहलाई स्वाभाविक रूपमा लिइन्छ।

व्यापार, चरिचरण र नियमित जनसम्पर्क रहेकाले मुगालीका

अन्तिम संस्कार गर्नुअघि शवलाई पितृको रूपमा पूजा गरिन्छ । त्यसपछि जलाउनेलाई चिता बनाएर जलाइन्छ र जलाएर रहेको खरानीलाई जमिनमा गाडेर अन्तिम बिदाइ गरिन्छ ।





सामाजिक रहनसहन, भाषा तिब्बतीसँग मिल्दोजुल्दो छ । जसलाई मर्दापर्दा, जुठोसुत्केरो विवाह, पारपाचुकेलगायत अन्य जातीय चाडपर्वमा लामा गुरुहरूको भूमिका निर्णायक हुन्छ । उनीहरूले भने अनुसार गर्नुपर्छ । जन्म, छेवर, विवाह, मृत्युलगायतका जातीय सांस्कृतिक विधि, विधानमा लामा गुरु अनिवार्य मानिन्छन् । मागी र स्वेच्छिक विवाह गरिन्छ तर यस्ता विवाहलाई लामाले विधिपूर्वक अनुमति दिनुपर्छ ।

लासलाई गाड्ने वा जलाउने गरिन्छ तर के गर्ने भनेर लामाले भने अनुसार हुन्छ । अन्तिम संस्कार गर्नुअघि शवलाई पितृको रूपमा पूजा गरिन्छ । त्यसपछि जलाउनेलाई चिता बनाएर जलाइन्छ र जलाएर रहेको खरानीलाई जमिनमा गाडेर अन्तिम बिदाइ गरिन्छ । यी सबै कार्यमा बौद्ध विधि र लामाद्वारा गरिने प्रक्रिया अनिवार्य छन् । मुगालीमा प्रथाजन्य संस्था, कानुन र परम्परा थिए तर आधुनिकीकरणका कारणले यस्ता परम्परा तथा प्रचलन मासिँदै छन् । मुगाली समुदायमा चोवा (च्वोवा) र गोवा (ग्वोवा) को राजनीतिक भूमिका थियो तर गाउँपालिका जस्ता राजनीतिक तथा अन्य प्रशासनिक संरचनाका कारण एकातिर मुगालीहरूको मूल प्रवाहीकरण भएको छ भने अर्कोतिर जातीय परम्परा र संस्थाहरू कमजोर हुँदै गएका छन् ।

यिनीहरूको भाषा भोट चिनियाँ परिवारमा पर्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मुगाली भाषाका वक्ता दुई हजार ८३४ रहेका छन् । मुगाल भाषामा गोरखापत्रले सञ्चार सामग्री प्रकाशन गर्दै आएको छ । राष्ट्रिय जनगणना २०७८ मा मुगालको जनसङ्ख्या दुई हजार १२४ रहेको छ । २०५८ र २०६८ सालको जनगणनामा यिनलाई उल्लेख गरिएको थिएन । लामा, तामाङ, दावाजस्ता थर प्रयोग गर्नाले मुगालीको जनसङ्ख्या अन्य जातिमा मिसिएको हुन सक्छ ।

जातिको कुल जनसङ्ख्याभन्दा भाषाका वक्ता सङ्ख्या धेरै देखिएकाले पनि यो पक्ष विचारणीय छ । विगतमा नागरिकता प्रमाणपत्र वितरण टोलीमा खटिएका कतिपय सरकारी अधिकारीद्वारा मुगालीलाई 'तामाङ' थर लेखे नागरिकता दिने, सो नलेखे नदिने गरिएकाले पनि मुगालीको जनसङ्ख्या कम भएको हुन सक्छ ।

यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो तर यिनीहरू तिब्बत र भारततिरको व्यापारमा पोख्त छन् । नेपालको जडीबुटी, मुगा, छुर्पी, घिउ च्याङ्ग्रा, ऊनी सामग्री तिनीहरूले तिब्बत र भारततिर बिक्री गर्छन् भने उताबाट लत्ताकपडा र खाद्यान्न आयात गर्छन् । मुगाली गुरुहरूले बौद्ध धर्म पुस्तक तथा तिब्बती भाषामा पढ्ने पढाउने गरे पनि आम रूपमा यिनीहरू निरक्षर छन् । मूलतः बाह्रकरानका मुगाल खेती, किसानी, पशुपालन गर्छन्, मुगुका मुगालहरू व्यापारमा बढी केन्द्रित छन् । व्यापारको सिलसिलामा मुगालीहरू अन्य जिल्लामा पनि पुगेका छन् । सरकारी नोकरी तथा प्रशासनमा मुगालीको उपस्थिति न्यून छ । अल्पसङ्ख्यक यिनीहरूको राजनीतिक सहभागिता पनि कम छ । मुगा गाउँपालिकामा भने मुगाली समुदायबाट वडाध्यक्ष निर्वाचित भएका छन् । वि.सं. २०७९ को प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक कोटामा मुगाली समुदायबाट पहिलो पटक छिरिङ ल्हामु लामा (मुगाली) सांसद भएका छन् ।

नेपाल सरकारद्वारा आदिवासी जनजातिमा सूचीकृत मुगालीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सीमान्तीकृत समूहमा राखेको छ । ■

-त्रिभुवनचन्द्र वाग्ले

शीतयुद्धको उपज 'आइरन कर्टेन'

'आइरन कर्टेन' एक यस्तो अवैध वैचारिक बाध थियो जसले एक समय युरोपलाई पुँजीवादी र वामपन्थी समूहमा विभाजित गरिदिएको थियो । द्वितीय विश्वयुद्धको समापनसँगै सन् १९४५ मा यसको उत्पत्ति भयो र शीतयुद्ध जारी रहुँञ्जेल सन् १९८९–१९९० सम्म यो अस्तित्वमा रह्यो ।

युनियन अफ सोभियत सोसिलिस्ट रिपब्लिक (युएसएसआर) ले आफूलाई पश्चिमा राष्ट्रहरू, तिनका सहयोगी तथा अन्य गैरवामपन्थी राष्ट्रसँग खुला सम्बन्ध स्थापित गरेर पराश्रित 'स्याटेलाइट स्टेट' अर्थात् अन्य देशको नियन्त्रण भएको राज्यका रूपमा नरहने गरी निरपेक्ष राख्ने विचार र प्रयासको प्रतीक हो यो पारिभाषिक शब्द ।

'आइरन कर्टेन' शब्दको उत्पत्ति

मूलभूत रूपमा 'आइरन कर्टेन' शब्दले थियटरहरूको मञ्चमा आगोको प्रसार रोक्नका लागि सुरक्षार्थ अनिवार्य जडान गरिने फलामे पर्दालाई जनाउँछ । अन्ततः यो पृथकीकरणको विशिष्ट

मित्रराष्ट्र जान्न चाहन्थे सोभियत सङ्घको बढ्दो वैश्विक शक्तिलाई नियन्त्रण गर्न सम्भव छ कि छैन



र कडा माध्यम बन्न पुग्यो, जुन सोभियत सङ्घले १९ औं शताब्दीको आरम्भदेखि अवलम्बन गरिराख्यो ।

सन् १९१३ मा प्रबुद्ध रुसी दार्शनिक भासिली रोजानभले 'द एपोकेलिप्स अफ आवर टाइम' लेखे । लघु निबन्धको एक भागमा यो भनिएको थियो 'झन् झन्, मचक्क र चुइँइ गर्दै रुसको इतिहासमा एउटा 'आइरन कर्टेन' पटाक्षेप भयो । तमासा सकियो ।

पश्चिमाको विश्वासलाई समर्थन गरेको थियो ।

यहाँ उल्लेख गर्नैपर्ने हुन्छ, अमेरिकी लेखक अलेक्जेन्डर क्याम्पबेलले सन् १९४५ मा लेखेको आफ्नो पुस्तक 'इट्स योर एम्पायर' मा फेरि 'आइरन कर्टेन' शब्दावली प्रयोगमा ल्याए । उनले लेखे "मौन र नियन्त्रणको 'आइरन कर्टेन' सन् १९४२ मा जापानको जितदेखि नै कार्यान्वयनमा छ ।"



क्युबाली क्षेप्यास्त्र सङ्कटका कारण एक भयङ्कर मुठभेडको नजिक सोभियत सङ्घ र अमेरिका पुगेका थिए ।

यसबीच सन् १९४३ मा 'बिहाइन्ड द आइरन कर्टेन' शीर्षकमा एउटा लेख प्रकाशित भयो । यसले आफ्नो कथन 'आइरन कर्टेन', जसले पहिलेको भन्दा धेरै नै अधिक सोभियत सङ्घलाई संसारबाट पृथक् गरेको छ । यसबाटै कैयौँ

शीतयुद्ध : ठोस तथ्यहरू

सोभियत सङ्घ र पश्चिमा राष्ट्रबीचको मनमुटावको जरा अनेक वैचारिक, राजनीतिक तथा आर्थिक पक्षसँग जोडिएको थियो । ती हुन् :

- रुसलाई गृहयुद्धतिर धकेल्ने घटनाहरू ।
- द्वितीय विश्वयुद्धताका र त्यसपछिका असहमतिहरू ।
- पूर्वी युरोपेली राष्ट्रहरूमा सोभियतीकरण ।

यी सन्दर्भले दुवै पक्षबीच असहयोग र प्रतिद्वन्द्विता उत्पन्न भयो, जो क्युबाली क्षेप्यास्त्र सङ्कटका कारण एक भयङ्कर मुठभेडको नजिक सोभियत सङ्घ र अमेरिका पुगेका थिए ।

सोभियतीकरणको प्रभाव

सोभियत राजनीतिक प्रणाली अपनाउन प्रोत्साहन गर्ने प्रयास वा सोभियतीकरण अगाडि बढ्दै जाँदा 'इस्टर्न ब्लक' अर्थात् पूर्वी युरोपलाई कडा रूपमा निषेधित क्षेत्र बनाइयो ।

जोसेफ स्टालिनले ती बिन्दुमा प्रभावकारी रूपमा बन्देज लगाइदिए, जहाँ विदेशी सञ्चारकर्मी र कूटनीतिज्ञको प्रवेश जतिसक्दो न्यून हुन गयो ।

यस्तो पनि मानिएको थियो, 'आइरन कर्टेन' पछाडि के खिचडी पाक्दैछ त्यसको केही जानकारी मित्रराष्ट्रका सरकारसँग थियो । यसको सम्भावना अधिक थियो किनभने उनीहरूले सैन्य गोपनीयता चोर्न सोभियत सङ्घमा आफ्ना जासुस खटाएका थिए । मित्रराष्ट्र जान्न चाहन्थे सोभियत सङ्घको बढ्दो वैश्विक शक्तिलाई नियन्त्रण गर्न सम्भव छ कि छैन तर यो कदमलाई बेइमानी भन्न सकिँदैन किनभने सोभियत सङ्घले पनि उनीहरूसँग यस्तै खालको व्यवहार गरिरहेको थियो ।

सोभियत सङ्घ र पश्चिमाबीच बढेको तनाव

विशेषगरी विस्टन चर्चिल सोभियत सङ्घको विस्तारवादी नीतिले चिन्तित थिए । याल्टामा गरेको प्रतिबद्धताबाट स्टालिन पछाडि हटिरहेको आरोप चर्चिलको थियो ।

उनलाई भय थियो अमेरिका अब युद्धपूर्वको जस्तो शक्ति रहने छैन तथा त्यसबाट बेलायत एक्लो पर्न सक्छ र अमेरिकामाथि आश्रित युरोपेली देशहरू सोभियत हमलाको प्रतिवाद गर्न सक्ने छैनन् ।

यही भयले 'ट्रुम्यान डक्ट्रिन' अर्थात् ट्रुम्यान वाद प्रादुर्भाव भयो । यस वादमा भनियो, "आन्तरिक वा बाह्य सत्तावादी शक्तिबाट खतराको अवस्थामा परेका सबै प्रजातान्त्रिक देशलाई अमेरिकाले राजनीतिक, सैन्य र आर्थिक सहयोग उपलब्ध गराउने छ ।"



सोभियत सङ्घले सञ्चारमाध्यममाथि कडा निन्यन्त्रण मात्र बनाएन वैकल्पिक प्रसारणलाई अवरुद्ध पार्ने प्रविधि 'ज्यामर' समेत प्रयोगमा ल्यायो ।

'आइरन कर्टेन' लाई जनजिब्रोको वाक्यांश बनाइदिने भाषण

सन् १९४६ मार्च ५ मा अमेरिकाको मिजौरीमा पर्ने फुल्टनमा विन्स्टन चर्चिलले आफ्नो भाषणमा 'आइरन कर्टेन' भनेपछि यो शब्द लोकप्रिय हुन थाल्यो ।

उनले भनेका थिए, "बाल्टिकमा स्टेटिनदेखि एड्रियाटिकको ट्राइस्टेसम्म पूरै महादेशमा 'आइरन कर्टेन' देखिएको छ । मध्य तथा पूर्वी युरोपका प्राचीन राज्यका सबै राजधानी त्यस लक्ष्मण रेखाको पछाडि पर्दछन् । वार्सा, बर्लिन, प्राग, भियना, बुडापेस्ट,



यो कार्टुन विद्युत्‌विरुद्ध चेतना फैलाउन सन् १८८९ मा सार्वजनिक गरिएको थियो । आजका दिनमा यो कार्टुन वाहियाद लाग्न सक्छ तर यस्तो पनि एक समय थियो, जुनबेला विद्युत्, टेलिफोन र टेलिग्राफका तार अग्ला खम्बा, भवन र पुलमा तानिएका हुन्थे । इस्वी संवत्को १९ औँ शताब्दीको अन्त्यतिर बाटोमा उज्यालोका लागि जडान गरिएको तीन हजार भोल्टका 'आर्क ल्याम्प' का कारण करेन्ट लागेर धेरै मानिस मरे । त्यस कालमा विद्युत्को 'ग्राउन्डिङ' लाई राम्रोसँग बुझिएको थिएन वा त्यसका नियमको पालना गर्नमा लापरबाही गरिन्थ्यो ।

विद्युत्का माध्यमबाट मृत्युदण्ड दिनका लागि 'इलेक्ट्रोक्युसन' शब्द सन् १८८९ मा प्रचलनमा ल्याइएको थियो तर अचानक करेन्ट लागेर मर्ने अवस्थामा यस शब्दलाई प्रयोग गरिएन । गैरन्यायिक मृत्युको सन्दर्भमा प्रयोग गरिने शब्द नभएका कारण विद्युत्का कारणले हुने सबै खालको मृत्युलाई जनाउन पछि गएर 'इलेक्ट्रोक्युसन' को परिभाषा विस्तार गरियो । ■

-युवामञ्च

बेल्ग्रेड, बुखारेस्ट र सोफिया यी सबै प्रख्यात सहर तथा ती वरिपरिको सबै जनसङ्ख्या त्यस अन्तर्गत परेका छन् जसलाई मैले सोभियत वृत्त भन्नु पर्छ र यी सबैमा कुनै न कुनै रूपमा सोभियत प्रभाव परेको मात्र छैन, अधिकतमदेखि केही मामिलामा मास्कोको बढ्दो नियन्त्रणको अधीनमा छन् ।"



हङ्गेरीको निर्णयको हावा युरोपमा फैलियो मजदुर सङ्गठन 'सोलिडारिटी' ले सन् १९८९ मा आंशिक स्वतन्त्र निर्वाचनमा ठूलो जित हासिल गर्‍यो ।



चर्चिल, द सिन्युज अफ पिस

'द सिन्युज अफ पिस' शीर्षकमा बेलायती प्रधानमन्त्री चर्चिलले अमेरिका र बेलायतबीच एउटा बलियो सम्बन्ध बनाइनु आवश्यक रहेको विषयमा जोड दिएका थिए। यसले शीतयुद्धमा प्रवेश पायो तथा सोभियत सङ्घ र पश्चिमा शक्तिलाई एकआपसका विरुद्ध उभ्यायो। यसबाट आगामी चार दशक वा त्यसभन्दा बढी अवधिको भूराजनीतिक परिदृश्य तयार हुन पुग्यो।

चर्चिलको ऐतिहासिक भाषणको अभिप्राय थियो राष्ट्, सहर र जनताबीचको विभाजन पूर्णतया वैचारिक हो, प्रजातन्त्र र वामपन्थी विचारधाराबीचको प्रतिकात्मक विभाजन खतरनाक भएकाले यो वास्तविक फलामभन्दा पनि अभेद्य छ।

जोसेफ स्टालिनले चर्चिलको भाषण युद्धोत्तेजक भनेर भर्त्सना गरे। उनले दाबी गरे यो त अर्को हमलाको विरुद्ध सतर्कता कदम मात्र हो। उनले के पनि आरोप लगाए भने बेलायती प्रधानमन्त्री पूर्वी युरोपमा दक्षिणपन्थी सरकार (रिङ-विङ गभर्मेन्ट) स्थापित गरेर सोभियत सङ्घ हाबी भएका राज्यलाई उक्साउन चाहन्छन्।

'आइरन कर्टेन' र 'बर्लिन वाल'

सीमा सुरक्षाको एक स्वरूप थियो 'आइरन कर्टेन'। यसले अन्ततः अलार्म, निगरानी टावर, बारुदी सुरुङ तथा सुरक्षामा खटिएका सैनिकसम्मको भौतिक रूप धारण गर्‍यो। यसको कठोर बन्देज सन् १९५३ मा स्टालिनको निधन भएपछि सुरु भएको शक्ति सङ्घर्षका कारणले केही हदसम्म खुकुलो भएको थियो।

तथापि कङ्क्रिट र काँडे तारद्वारा सन् १९६१ मा एक सय ५५ किलोमिटर लामो 'बर्लिन वाल' (बर्लिनको पर्खाल) को निर्माण गरिएपछि 'आइरन कर्टेन' ले फेरि कठोर रूप धारण गर्‍यो र सोभियत सङ्घ हाबी भएका देशहरूबाट पश्चिमा देशमा नागरिकले जान नपाउने भए।

यसको एक मात्र उद्देश्य थियो मानिसलाई भित्रै र सूचनालाई बाहिरै राख्ने। यसर्थ ती देशका नागरिकले एकपक्षीय बहस मात्र सुन्न पाउँथे। अमेरिकाको 'सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी' (सिआइए) द्वारा आर्थिक सहयोग प्राप्त 'रेडियो फ्रि युरोप' ले 'आइरन कर्टेन' पार गरेर सोभियत सङ्घमा नियन्त्रित समाचारको विकल्पमा पूर्ण सेवा प्रदान गर्ने कोसिस गरेको थियो तर दुर्भाग्यले त्यसको प्रसारण दीर्घकालीन हुन सकेन। सोभियत सङ्घले सञ्चारमाध्यममाथि कडा निन्यन्त्रण मात्र बनाएन वैकल्पिक प्रसारणलाई अवरुद्ध पार्ने प्रविधि 'ज्यामर' समेत प्रयोगमा ल्यायो।

'आइरन कर्टेन' को पतन

सन् १९८९-१९९० बीच 'आइरन कर्टेन' को अस्तित्व त्यतिबेला समाप्त भयो जब स्वतन्त्रता र न्यायको आवाज अभूतपूर्व रूपमा घन्कियो। जब सन् १९८९ मे मा हङ्गेरीले अस्ट्रियासँगको आफ्नो सिमाना खोल्ने निर्णय गर्‍यो 'आइरन



कर्टेन' विरुद्धको अभियान सुरु भयो। जसै हङ्गेरीको निर्णयको हावा युरोपमा फैलियो मजदुर सङ्गठन 'सोलिडारिटी' ले सन् १९८९ मा आंशिक स्वतन्त्र निर्वाचनमा ठूलो जित हासिल गऱ्यो। जो पोल्यान्डमा साम्यवाद पतनको मुख्य कारण बन्न पुग्यो।

सन् १९८९ मा सुरु भएको आन्दोलनको शृङ्खलाबद्ध प्रतिक्रिया सुरु भएर हङ्गेरी, पूर्वी जर्मनी, बुल्गेरिया र चेकोस्लोभाकियासम्म त्यसको राप पुग्यो।

वामपन्थी सरकार ढाल्नका लागि रोमानियामा मात्र नागरिक र विपक्षी शक्तिबीच हिंसा भयो।

मानिसहरू अहिंसात्मक प्रदर्शन तथा नागरिक प्रतिरोधका माध्यमबाट परिवर्तनको पैरवी गर्न थाले। वामपन्थी सरकार ढाल्नका लागि रोमानियामा मात्र नागरिक र विपक्षी शक्तिबीच हिंसा भयो। त्यसबाहेक सबैतिर शान्ति पूर्वक 'आइरन कर्टेन' पटाक्षेप भएको थियो। ■


–उमेश ओझाद्वारा अनुवादित र सम्पादित।



कुपोषणको असर कतिसम्मको हुन्छ यस तस्बिरले दर्शाउँछ। सन् १८७७ मा भारतमा बेलायती शासन हुँदा मद्रास क्षेत्रमा ठूलो अनिकाल परेको थियो। त्यस अनिकालले पीडित एक भारतीय परिवारलाई यस तस्बिरमा देखाइएको छ। खान नपाएर लगभग कङ्कालमा परिणत भएका मानिस आफ्नो परिवारका अन्य कुपोषित सदस्यको हेरचाहमा लागेको यो मार्मिक दृश्य इतिहासमा अमिट छ। ■


–युवामञ्च


RIPLEY'S Believe It or Not!



एउटा खैरो ब्वाँसोले एक पटकमा नौ किलो मासु हजम गर्न सक्छ ।

लन्डनको एउटा घरमा ढोकामा लगाइएको 'क्रिस्टल डोर नब' बाट सूर्यको अपवर्तित प्रकाश नजिकैको लुगामा पुग्दा आगलागी भएको थियो ।





अमेरिकाको नेभादा मरुभूमिमा हरेक वर्ष अगस्तमा 'इटी फु मुन रेस' मा भाग लिन हजारौँ धावक भेला हुने गर्छन् । एलियनमा आधारित यो म्याराथन दौड मध्यरातमा सुरु हुन्छ र रहस्यमय 'एरिया ५१' नजिकको 'एक्स्ट्राटेरेस्ट्रेल हाइवे' मा यो दौड सम्पन्न गरिन्छ ।

माघीको मेलमिलाप

तिथि अनुसार यो दिन मकर सङ्क्रान्ति पर्दछ। यस दिन कुनै किसिमको बलि चढाउने र काटमार गर्नु हुँदैन भन्ने सामाजिक मान्यता रहिआएको छ।



■ निशा चौधरी

थारूको सबैभन्दा ठूलो पर्व माघी थारूहरूले परापूर्वकालदेखि धूमधामसँग मनाउँदै आइरहेका छन्। थारू समुदायले स्थान विशेष अनुसार फरक फरक तरिकाले विशेष महत्त्व दिएर माघी मनाउने गर्छन्। यस पर्वलाई थारूले विशेष गरेर नयाँ वर्ष, उन्मुक्ति दिवस, सदभाव र मेलमिलापका रूपमा तथा चेलीबेटीलाई कोसेली उपहार दिने पर्वका रूपमा मनाउने चलन रहिआएको छ।

यस पर्वमा धुमरु गीत गाउने, डफ, मादल बजाउने र मघौटा आदि नाच नाच्ने गरिन्छ।

महान् पर्व माघीको ठूलो सामाजिक महत्त्व छ। माघी पर्वले थारू जातिमा रमाइलो तथा रमझम मात्र होइन यस



महान् पर्वले थारू जातिमा आपसी मेलमिलाप, सद्भावना, मान मर्यादा, सेवा सत्कार, आदर र सम्मानका नैतिक पाठ सिकाएर जाने गर्दछ। माघी पर्व खासगरी पुसको २७ गतेदेखि माघको पहिलो हप्तासम्म विभिन्न रूपमा मनाउने गरिन्छ। जसमध्ये माघ १ गतेलाई प्रमुख रूपमा लिइन्छ। तिथि अनुसार यो दिन मकर सङ्क्रान्ति पर्दछ। यस दिन कुनै किसिमको बलि चढाउने र काटमार गर्नु हुँदैन भन्ने सामाजिक मान्यता रहिआएको छ।

माघी पर्व मनाउनका लागि कम्तीमा एक महिना अगाडिदेखि तयारी सुरु हुन्छ। जसमा प्रमुख रूपमा अनदीको गुलियो जाँड, दाउराको व्यवस्था, वनबाट पात टिपेर ल्याई दुना टपरी गाँस्ने, माछा मार्ने, ढिक्री खानका लागि नयाँ चामल पिसाउने, तोरीको तेल पेल्ने आदि कार्य गरिन्छ। साथै नाचगानका लागि पनि विभिन्न स्तर तथा समूहमा तयारी गरिन्छ। जस्तै : केटाकेटी समूह, युवती समूह, युवा समूह, किसान समूह आदि।



महिलाले घरको काममा बढी व्यस्त हुनुपर्ने भएकाले सबभन्दा नजिक पर्ने कुवा, घाट वा खोलानालामा गएर नुहाउने गर्छन् र खानेकुरा तयार गर्नमा लाग्छन्।



थारूले आआफ्नो गच्छे अनुसार यस पर्वमा नयाँ लुगा लगाउने चलन छ। नयाँ कपडा किनेर ल्याई सिलाउने पनि गरिन्छ। आर्थिक अवस्था कमजोर भएकाहरू पनि आफ्ना छोराछोरीका लागि अनिवार्य रूपमा लुगा किनिदिने गर्छन्।

माघी पर्वको सुरुवात र अन्त्य

माघी पर्व पुस महिनाको अन्तिम साता सुरु भएको मानिन्छ। अर्थात् 'जिता मर्ना दिन' (मासुको व्यवस्था गर्ने दिन) देखि माघी सुरु हुन्छ। यस दिन छिमेकीको घरमा गई 'माघक टिप्पा' चाख्ने (माघीको सुरुवात) भनी अनदीको गुलियो जाँड र सुँगुरको मासु खाने गरिन्छ।

माघ लहान (माघ १ गते नुहाउने दिन)

पुस महिनाको अन्तिम रात डफ बजाउने ढमरु गीत र छोकरा, झुमरा नाच नाच्ने गरिन्छ। जब बिहान पहिलो प्रहर सुरु हुन्छ त्यही बेला घरका साना ठूला पुरुष सबैजना सकेसम्म नदीको दोभानमा बाजागाजासहित नुहाउन जाने गरिन्छ। महिलाले घरको काममा बढी व्यस्त हुनुपर्ने भएकाले सबभन्दा नजिक पर्ने कुवा, घाट वा खोलानालामा गएर नुहाउने गर्छन् र खानेकुरा तयार गर्नमा लाग्छन्।

टीका लगाउने

माघी पर्वको उपलक्ष्यमा नुहाइसकेपछि टीका लगाउने क्रम सुरु हुन्छ। यस क्रममा घरमुलीले पहिले आफूलाई टीका लगाइसकेपछि आफ्ना भाइ, छोरा, भतिजा, नाति र अन्य सबैलाई टीका लगाइदिने तथा साइनो अनुसार आफूभन्दा ठूलाबडालाई ढोग्ने र सानालाई शुभ आशीर्वाद दिने गर्छन्।

निश्राउ कहर्ना (कोसेली छुट्याउने)

नुहाइधुवाई गरेर घरमा फर्केपछि घरका सबै पुरुषले

सर्वप्रथम 'निश्राउ कहर्ने' गर्छन् । यसका लागि घरको एउटा कोठामा एउटा भाँडोमा चामल, नुन र मासको दाल राखिएको हुन्छ । यिनै चामल, नुन र मासलाई छुट्टाछुट्टै भाँडामा पाँच पाँच मुठी झिकेर राखिन्छ । यो प्रक्रियालाई 'निश्राउ कहर्ना' भनिन्छ । 'निश्राउ' जति झिकेर राखेको छ त्यसैमा केही थपेर माघीको दोस्रो दिनमा आफ्ना दिदीबहिनीलाई दिन जाने गरिन्छ ।



सेवा ढोग लाग्ने र खानेकुरा खाने

'निश्राउ कहर्ना' सकेपछि घरको सबैभन्दा जेठो महिला वा



माघेसङ्क्रान्तिको महत्त्व

नेपालीको एक महत्त्वपूर्ण पर्व हो माघेसङ्क्रान्ति । ज्योतिषीय दृष्टिकोणमा माघ महिनाको १ गते सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने दिन भएको हुँदा यस दिनलाई माघेसङ्क्रान्ति वा मकर सङ्क्रान्ति भनिएको हो ।

सूर्यको उदयबिन्दु दक्षिणबाट उत्तरतर्फ सर्ने भएकाले यस दिनबाट उत्तरायण सुरु हुन्छ भन्ने मान्यता छ ।

नेपालको हिमाल, पहाड र तराईका बसोबास गर्ने बाहुन, क्षेत्री, राई, मगर, लिम्बू, नेवार, गुरुङ, मगर र थारूलगायतका सबै जनजातिले माघेसङ्क्रान्तिलाई आआफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेका छन् ।

यो पर्व नेपालका विभिन्न नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाएर मनाइन्छ । यस पर्वमा देवघाट, वराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कनकाई, राम्धी, तिलोत्तमा तथा सेतीवेणीलगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको भिड लाग्छ ।

यस पर्वलाई थारू समुदायले माघी भनेर मनाउँछ र नयाँ वर्षको दिन पनि मान्ने गर्छ । थारूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा लिइन्छ यसलाई ।

मगर समुदायले मुख्य रूपमा धूमधामका साथ मनाउने यो पर्वलाई माघ्या पनि भनिन्छ । माघीलाई मगर जातिले तीन दिनसम्म विशेष धूमधामका साथ मनाउने गर्छन् । पहिलो दिन स्नान गरेर पुर्खा तथा कुलायनको पूजा गर्ने र दिदीबहिनीलाई 'निशो' ले पुज्ने प्रचलन छ । दोस्रो दिन माघ खान वनभोजका रूपमा टाढा जाने गर्छन् भने अन्तिम दिन गाउँभरिका पुरुष मिलेर तारो हान्ने चलन छ ।

तराईका जिल्लामा मैथिलीले तिला सङ्क्रान्ति पर्वका रूपमा मनाउँछन् । तराईमा यस दिन खिचडी, तिल र चिउराका लड्डुलगायतका परिकार बनाएर खाने गरिन्छ ।

माघेसङ्क्रान्तिका दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भन्दो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने विश्वास रहिआएको छ ।

जाडो महिनामा पर्ने यो पर्वमा स्नान गरी पोषिला खानेकुरा खाएमा शरीरमा गर्मीको मात्रा बढेर तागत बढ्ने तथा शरीरमा तेल लगाउँदा शरीरमा छालासम्बन्धी समस्या नष्ट हुने मान्यता छ । यसका पछाडि वैज्ञानिक

पुरुषबाट सुरु गरी आफूभन्दा पाका सबैसँग सेवा ढोग लाग्ने र आशिष लिने गरिन्छ। आआफ्ना घरमा सेवा ढोग लागेर खानपिनपछि छरछिमेक तथा गाउँघरमा आफ्ना मान्यजनसँग सेवा ढोग लागेर आशीर्वाद लिने र सानालाई आशीर्वाद दिनुका साथै माघी पर्वको खस्रा मिठा परिकार खाने गरिन्छ।

देशमा थारू जातिले आआफ्नो स्थान विशेष फरक फरक परिकार खाने गर्छन्। जस्तै अनदीको जाँड, दारु, माछा, सुँगुर र बङ्गुरको मासु, ढिकरी, रोटी, तिलको लड्डु, तरुल, सक्खरखण्ड अनदीको उसिनेको भात, खँरिया, खिचडी आदि। यस दिन सम्बन्ध बिग्रेको र बोलचाल बन्द भएकासँग गएर पनि सेवा ढोग लाग्ने गरिन्छ। यसले खेतीपातीको क्रममा तथा अन्य बेला हुन गएका मनमुटाव र रिसइबी बिर्सेर सहिष्णुता, सदभाव पुनर्स्थापना गर्न गराउन मद्दत पुग्छ।

'निश्राउ दिह जैना' (कोसेली दिन जाने)

माघी पर्वको भोलिपल्ट माघी दिवानीको दिन दाजुभाइले आफ्ना दिदीबहिनीलाई 'निश्राउ' (कोसेली) अनिवार्य रूपमा दिन जाने गर्छन्। कोसेलीमा माघ १ गते छुट्याइएको चामल, नुन, दाल र विभिन्न मिठा मिठा परिकार दिन जाने चलन रहेको छ।

दाजुभाइले आफ्ना दिदीबहिनीलाई सदभावका साथ बर्सेनि दिने 'निश्राउ'को ठूलो महत्त्व रहेको छ। माघ २ गते हरेक दिदीबहिनीले 'निश्राउ' दिन आउने आफ्ना दाजु वा भाइको प्रतीक्षा गर्छन्। यस दिन चेलीहरूले 'निश्राउ' दिन आउने दाजुभाइको विशेष स्वागत गरी मिठा मिठा परिकार खान दिने गर्छन्। यसले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्ध अझ प्रगाढ र जीवन्त बन्न मद्दत पुग्छ। यस कुराबाट दाजुभाइले आफ्ना दिदीबहिनीलाई आर्थिक सहयोग, माया, ममता र स्नेह गरेको कुरा प्रस्ट हुन्छ।

थारूले माघ १ गतेदेखि नयाँ वर्षको थालनी भएको मान्दछन्। यसले पुस मसान्तमा गत



आधार पनि छ। जाडोको मौसममा शरीरमा गर्मी आवश्यक हुन्छ। माघेसङ्क्रान्तिमा खाइने खानेकुरामा प्रशस्त मात्रामा पौष्टिक तत्त्व पाइने भएकाले स्वास्थ्यको हिसाबले पनि ती निकै राम्रो मानिन्छन्।

महत्त्व

शिशिर ऋतुमा पर्ने यस सङ्क्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु, तिलको लड्डु तथा खिचडी खानाले शरीरमा गर्मीको मात्रा बढेर तागत मिल्ने तथा मास हाली तताइएको तेल शरीरमा घस्दा शरीर चिसोबाट मुक्त भई छालासम्बन्धी र अन्य रोग नास हुने विश्वास गरिन्छ। जाडोयाममा तिलको तेल घस्नाले, तिलयुक्त परिकार खानाले शरीरमा पौष्टिक तत्त्व वृद्धि हुन्छ भन्ने वैज्ञानिक भनाइ छ।

धार्मिक दृष्टिले मात्र होइन वैज्ञानिक दृष्टिले पनि माघेसङ्क्रान्तिलाई उत्तिकै महत्त्वपूर्ण मानिएको छ। धार्मिक रूपले यस दिन कुनै मानिसले घर, आँगन र आफ्नो शरीर शुद्ध बनाउन सकेन भने सात जन्मसम्म पनि ऊ निर्धन र रोगी हुन्छ भन्ने मान्यता छ। त्यस्तै वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि यस पर्वमा परम्परा र संस्कार जीवन्त तुल्याउन गरिने सम्पूर्ण कार्यबाट मानिसको सरसफाइ हुने, मौसम अनुरूपका पोषिला चिजबिज खाइने तथा निरोगी भइने हुनाले यो सकारात्मक नै देखिन्छ।

उत्तरायणका छ महिना देवताहरूको दिन हो भने दक्षिणायणका छ महिना देवताहरूको रात हो। यस सङ्क्रान्तिदेखि देवताको उज्यालो दिन सुरु हुने भएकाले यस दिनदेखि छ महिनासम्म विवाह, व्रतबन्ध तथा कोटिहोम, लक्ष होम, काम्य वृषोत्सर्ग आदि जस्ता ठूला कार्य गरिन्छन्। यस सङ्क्रान्तिलाई अयन सङ्क्रान्ति पनि भनिन्छ। घिउचाकु खाने दिन पनि हो यो। पुसमा पकाएको पाक मकर सङ्क्रान्तिमा खाने चलन पनि छ। ■

–अच्युतमान सिंह प्रधान
'उत्सुक'

सालको सबै कारोबारको अन्त्य र माघ १ गतेदेखि नयाँ कारोबारको थालनी गर्ने चलन छ । यस क्रममा गरिने विभिन्न क्रियाकलापलाई दुई समूहमा वर्गीकरण गरिएको छ ।

माघी थारूको राष्ट्रिय महान् पर्व हो । यस पर्वले थारूको सामाजिक व्यवहारलाई मर्यादित, सम्मानित, आदरणीय तथा आतिथ्यपूर्ण बनाउन तथा सो अनुसारको पाठ सिकाउने गर्दछ ।



घरायसी कामकाज

माघीको पहिलो र दोस्रो दिनपछि घरका सबै जना एकै ठाउँमा बसेर तयार गरिएका मिठा मिठा परिकार खाँदै घर व्यवहारबारे छलफल गर्छन् । यस क्रममा आगामी वर्षका लागि के के गर्ने के नगर्ने बारेमा समेत छलफल हुने गर्दछ । जस्तै

- घरमुली कसलाई बनाउने ।
- बसाइ सर्ने कि नसर्ने ।
- घर छुट्टिने कि नछुट्टिने ।
- विवाह गर्ने कि नगर्ने ।
- कमैया, कमलरी लाग्ने कि नलाग्ने ।
- खेत जोत्ने वा छोड्ने ।
- जग्गाधनी र जोताहाका सर्तबारे छलफल गर्ने ।
- घरमा काम गर्ने मानिस राख्ने वा नराख्ने ।
- घरको लेनदेनबारे छलफल ।
- घरको काम गर्ने अगुवा कसलाई बनाउने ।
- साहुमहाजन कोसँग व्यवहार गर्ने ।
- आगामी वर्षका लागि योजना बनाउने आदि ।

सामूहिक कामकाज

सामूहिक कामकाजको सम्बन्धमा पनि माघीको तेस्रो दिनदेखि करिब सातौँ दिनसम्म धेरै कामकुराको छिनोफानो लगाउने गरिन्छ । यसका लागि गाउँको हरेक किसानको घरबाट खासगरी घरमुली, बरघरिया वा भलमनसाको घरमा भेला हुने गर्छन् । यस भेलालाई 'खेऱ्या खैना' भन्ने चलन छ । यस भेलामा गरिने छलफलका बुँदा यस प्रकार हुन्छन्–

- गाउँको साझा कुलो, भरुवा, वेगारी तथा सार्वजनिक काममा कसले कति जना लगाउने ।
- गाउँको साझा देवीदेवता तथा विभिन्न पूजापाठ गर्ने गुरुवा राख्ने ।
- बरघर, भलमनसा, चौकीदार, कामी, चिरक्या राख्ने ।
- तिहाइ कसरी दिने र उठाउने सम्बन्धमा कुरा गर्ने ।
- बसाइँसराइ सर्ने कि नसर्ने सम्बन्धमा छलफल गर्ने आदि ।

माघी थारूको राष्ट्रिय महान् पर्व हो । यस पर्वले थारूको सामाजिक व्यवहारलाई मर्यादित, सम्मानित, आदरणीय तथा आतिथ्यपूर्ण बनाउन तथा सो अनुसारको पाठ सिकाउने गर्दछ । यस पर्वलाई नयाँ वर्षका रूपमा, उन्मुक्ति दिवसका रूपमा, सद्भाव र मेलमिलापका रूपमा मनाउने चलन छ । नेपाल सरकारले समेत यस पर्वलाई थारूको राष्ट्रिय पर्वका रूपमा मान्यता दिएकाले यस पर्वको महत्त्व अझै बढेर गएको छ । ■

साहस र हिम्मतको प्रतीक ग्याब्रियला





■ रमेश खनाल

अमेरिकाको लस एन्जल्समा सन् १९८४ अगस्त ५ मा एक अविस्मरणीय घटना भएको थियो। ओलम्पिकको इतिहासमा महिला ओलम्पिक म्याराथन दौड सुरु गरिएको दिन हो यो। ४४ राष्ट्का महिला म्याराथन धाविकामध्ये एक ग्याब्रियला एन्डरसन स्विसी पनि थिइन्। ओलम्पिकमा दौडन स्विट्जरल्यान्डबाट उनी लस एन्जल्स पुगेकी हुन्। उनी ३९ वर्षकी थिइन्।

त्यतिखेर लस एन्जल्समा उखरमाउलो गर्मी थियो। २८ डिग्री सेल्सियस तापक्रममा ४४ राष्ट्का धाविका ४२ किलोमिटर म्याराथन दौड पूरा गर्न तरतरी पसिना चुहाउँदै दौडिरहेका थिए। ग्याब्रियला पनि दौडिरहेकी थिइन्। उनीहरूलाई हौसला प्रदान गर्न बाटोको दुवैपट्टि उभिएका दर्शक ताली बजाइरहेका थिए।

इतिहास निर्माण गर्न म्याराथन धाविकाहरू जोसिएर दौडिरहेका थिए। त्यस क्रममा नोर्वेकी ग्रेटे वाइजिट कहिले अगाडि दौडिन्छिन् त कहिले अमेरिकाकी जोन विन्योट। पोर्चुगलकी रोसा मोटा अलिक पछाडि नै थिइन्। अनि स्विट्जरल्यान्डकी ग्याब्रियला निकै पछाडि। अन्य धाविका पनि एकनास आफ्नै लयमा दौडिरहेका थिए।

हेर्दाहेर्दै अमेरिकाकी धाविका जोन विन्योटले दुई घण्टा २४ मिनेट ५२ सेकेन्डमा दौड पूरा गरेर प्रथम भइन्। स्वर्ण पदक जितेर इतिहास नै रचिन्। उनीपछि नोर्वेकी ग्रेटे वाइजिट (दुई घण्टा २६:१८ मिनेट) रहिन् र पोर्चुगलकी रोसा मोटाले दुई घण्टा २६:५७ मिनेटमा दौड पूरा गरेर तेस्रो स्थान हासिल गरिन्।

स्टेडियमभित्र प्रवेश गर्दा उनको शरीर सन्तुलित थिएन। उनको कमजोर स्थिति देखेर दर्शक छक्क परिरहेका थिए। मेडिकल टिम उनलाई सहयोग गर्न सँगै दौडिरहेको थियो।

जोन विन्योटले दौड पूरा गरेर स्वर्ण पदक जितेको २४ मिनेटपछि स्विट्जरल्यान्डकी ग्याब्रियलाले कोलिसियम स्टेडियमभित्र अन्तिम चार सय मिटर दौडिन प्रवेश गरिन्। स्टेडियमभित्र प्रवेश गर्दा उनको शरीर सन्तुलित थिएन। उनको कमजोर स्थिति देखेर दर्शक छक्क परिरहेका थिए। मेडिकल टिम उनलाई सहयोग गर्न सँगै दौडिरहेको थियो।

मेडिकल टिमले उनलाई सहयोग गर्न चाह्यो तर उनले मानिनन्। दौडिरहेको समयमा कुनै बाहिरी व्यक्तिले छुने गर्नेबित्तिकै उनी अयोग्य भएर प्रतियोगिताबाट बाहिर हुन्थिन्। त्यसैले उनले सहयोग चाहिँदैन भनिन्। उनी जसरी भए पनि ४२ किलोमिटर दौड पूरा गर्न चाहन्थिन्।

उनका खुट्टा लरबरिएका थिए। शरीर असन्तुलित थियो। त्यस्तो असन्तुलित शरीर भए पनि उनले दौड पूरा गर्ने हिम्मत राखिन् र अन्ततः चार सय मिटरको ट्र्याकमा हिँडेर भए पनि दौड पूरा गरिन्। उनको साहस र हिम्मत देखेर हजारौँ दर्शकले ताली बजाएर सम्मान गरे तर उनी त्यत्तिकैमा भुइँमा ढलिन्। उनलाई मेडिकल टिमले स्ट्रेचरमा राखेर उपचार गर्न बाहिर लग्यो।

म्याराथन दौडमा भाग लिने खेलाडीका लागि पाँच स्टेसनमा पानी पिउन दिइन्छ। छैटौँ ठाउँमा पानी पिउँला भन्ने हुँदैन। अन्ततः ग्याब्रियलाले पाँचौँ स्टेसनमा दौडिँदा दौडिँदै पानी पिउन बिर्सिन् र उनलाई जलवियोजन भयो।



उनले यो म्याराथन दौड दुई घण्टा ४५ मिनेट ४२ सेकेन्डमा पूरा गरेकी थिइन्, ४४ जनामध्ये ३७ औँ भइन्। शरीर असन्तुलित भएपछि उनलाई चार सय मिटर दौड पूरा गर्न पाँच मिनेट ४४ सेकेन्ड लागेको थियो।

आखिर किन उनको शरीर एकाएक असन्तुलित भयो ? पहिलो कारण थियो लस एन्जल्सको २८ डिग्री सेल्सियस तापक्रम, दोस्रो कारण हो स्टेसनमा राखिएको पानी शरीरमा नखन्याएर, नपिएर उनी 'डिहाइड्रेट' भइन्।

म्याराथन दौडमा भाग लिने खेलाडीका लागि पाँच स्टेसनमा पानी पिउन दिइन्छ। छैटौँ ठाउँमा पानी पिउँला भन्ने हुँदैन। अन्ततः ग्याब्रियलाले पाँचौँ स्टेसनमा दौडिँदा दौडिँदै पानी पिउन बिर्सिन् र उनलाई जलवियोजन भयो।

अन्ततः उनले लखतरान अवस्थामा म्याराथन दौड पूरा गरिन्। उनको साहस र हिम्मतको सर्वत्र प्रशंसा भयो। उनलाई 'ओलम्पिक हल अफ द फेम' बाट कदर गरियो।

अहिले उनी ७८ वर्षकी भइन्। उनी स्विट्जरल्यान्डको ज्युरिच एडाहोको सन भ्यालिमा बस्छिन्। उनी 'स्कि इन्स्ट्रक्टर' पनि हुन्। स्विट्जरल्यान्डको राष्ट्रिय म्याराथन र १० हजार मिटर दौडको राष्ट्रिय कीर्तिमान उनकै नाममा छ।

उनको साहस र हिम्मतको कदर गर्दै लेखक जोन डेसमन्डले 'Running in cook, Ireland: An Unforgettable Maratthon Finish by Gabriela Andersen - Schiess in the Los Angles Olympics' नामक पुस्तक पनि लेखेका छन्।

जेहोस् सन् १९८४ लस एन्जल्स ओलम्पिक म्याराथन धाविका ग्याब्रियलाको साहस र हिम्मतका लागि प्रसिद्ध छ। हामीले उनको जीवनबाट सिक्ने पाठ भनेको साहस र हिम्मत नै हो। ■

'डिप फेक' को भुमरी



■ अजय शर्मा

के तपाईंले कुनै नेताले अन्य दलको नेतालाई खुलमखुला गाली गरेको भिडियो देख्नु भएको छ ?, कुनै नायिकाको अश्लील भिडियो (पोर्न) हेर्नु भएको छ ?, इन्टरनेटमा कुनै उच्च अधिकारीको पत्याउनै नसक्ने खालको भाषा, हाउभाउ र शैलीको भिडियो भेट्टाउनु भएको छ ?

यदि यस्ता कुरासँग तपाईंको साक्षात्कार भएको छ भने बेलैमा सचेत बन्नुहोस्। यस्ता भिडियो वास्तविक नभएर प्रविधिको प्रयोगबाट पनि निर्माण भएका हुन सक्छन्। त्यसैले यस्ता सामग्री तत्काल सेयर गरेर सनसनी फैलाउनेतर्फ नलागेर यस्ता भिडियोको वास्तविकता पत्ता लगाउने प्रयास गर्नुहोस्।

विश्वमा एआई (आर्टिफिसियल इन्टेलिजेन्स) प्रविधिको विकाससँगै यसका नकारात्मक पक्ष विस्तारै समाजमा देखिन थालेको छ। अहिले प्रविधिको क्षेत्रमा विकास भएका डिप लर्निङ अल्गोरिदम यति धेरै आधुनिक बनिसकेको छ कि तपाईंले डिजिटल दुनियाँमा देख्ने र सुन्ने सामग्री वास्तविकताभन्दा धेरै परका हुन सक्छन्।

डिप लर्निङ तथा एआईको संयोजनले विकास भएको 'डिप फेक' प्रविधिबाट निर्माण भएका भिडियो र तस्बिरलाई हेर्दा कुन वास्तविक हो, कुन नक्कली (फेक) हो भनेर छुट्याउन समस्या पर्न सक्छ। यो प्रविधिले तपाईंको अनुहार अन्य कुनै व्यक्तिको अनुहारसँग साटफेर गरेर मिलाइदिन्छ।

यस्तो प्रविधिको प्रयोग गरेर बनाइएको भिडियो वा अडियो हेर्ने/सुन्नेले कुन सही र कुन गलत हुन् भनेर सजिलै छुट्याउन सक्दैनन्। यस्तो प्रविधिको प्रयोग गरेर जोसुकैले आफूले चाहेको कुरा अन्य कुनै पनि व्यक्तिको मुखबाट भन्न लगाउने, गीत गाउने, नाच्ने, कराउने, रुने, चिच्चाउने, विभिन्न हाउभाउ गर्नेलगायतका कुरा गराउन सक्छन्।





विश्वमा अहिले प्रसिद्ध व्यक्तिहरूको आवाज प्रयोग गरेर फेक समाचार बनाउने र डिप लर्निङको प्रयोग गरेर व्यक्तिको आवाज कपी गरेर बैङ्किङ ठगी गर्ने घटना बढ्दो छ।

'डिप फेक' भिडियो

'डिप फेक' भिडियो प्रविधि 'डिप लर्निङ' र 'फेस स्वापिङ' सफ्टवेयरको प्रयोग गरेर बनाइने पूर्ण रूपमा नक्कली अडियो/भिडियो हो। यस्तो प्रविधिको प्रयोग गरेर कुनै एक व्यक्तिको अनुहार अर्को भिडियोमा सजिलै साटफेर गर्न सकिन्छ। यस्तो भिडियो हेर्ने जोसुकैलाई साँच्चिकै जस्तो लाग्छ। साइबरविद्का अनुसार यस्तो प्रविधि प्रयोग गरेर बनाइने भिडियो छुट्याउनै नसकिने खालको हुन्छ।

केही समययता यस प्रविधिको दुरुपयोग गर्ने क्रम बढेको छ। कुनै व्यक्तिको चरित्र हत्या गर्न कुत्सित मानसिकता भएका मानिसले यस्तो प्रविधिको सहारा लिने गरेका छन्। मनोरञ्जन तथा अन्य सकारात्मक प्रयोजनका लागि निर्माण गरिएका यस्ता एआई टुलले मानिसलाई चुनौती दिन थालेको स्पष्ट भएको छ।

'डिप फेक' भिडियो प्रविधिको प्रयोगबाट तपाईं आफूलाई मन परेको जुनसुकै चलचित्रको दृश्यमा आफूलाई उतार्न सक्नुहुन्छ। यस प्रविधिबाट निर्माण

भएका सामग्रीमा कसैले पनि नक्कली हो भनेर छुट्ट्याउन सक्दैन ।

यस्तै 'डिप फेक' प्रविधिको सहायताले कुनै सार्वजनिक व्यक्तिको आवाजको 'क्लोनिङ' वा कपी गरेर साइबर अपराध गर्ने प्रवृत्तिसमेत बढेर गएको छ । विश्वमा अहिले प्रसिद्ध व्यक्तिहरूको आवाज प्रयोग गरेर फेक समाचार बनाउने र डिप लर्निङको प्रयोग गरेर व्यक्तिको आवाज कपी गरेर बैङ्किङ ठगी गर्ने घटना बढ्दो छ ।

यस्तो प्रविधि प्रयोग गरेर नेपालमा समेत बैङ्किङ ठगीका साथै आगामी चुनावी अभियानलाई यस्तो प्रविधिले प्रभावित गर्न सक्ने नेपालका साइबरविद्ले बताएका छन् ।

'डिप फेक' भिडियोको पछिल्लो सिकार नायिकहरू बनेका छन् । यस




प्रविधिको दुरुपयोग गरेर नायिकाको अश्लील भिडियो सार्वजनिक भइरहेको छ । यस्ता भिडियो प्रायः सबै भाइरल हुने गरेका छन् । जसका कारण नायिकाको चरित्रमै प्रश्न उठ्ने गरेको छ । यस्ता भिडियोबाट बलिउडका नायिका काजोल अग्रवाल, कट्रिना कैफ र रश्मिका मन्दनालगायत सिकार भएका छन् ।

'डिप फेक' को इतिहास


वास्तवमा 'डिप फेक' को सुरुवात तस्बिरबाट सुरु भएको

मानिन्छ। सन् १८६० को अमेरिकी गृहयुद्धको समयमा राजनीतिक स्वार्थका लागि राजनीतिज्ञ जोन कलहवनको शरीरमा अब्राहम लिङ्कनको टाउको जोडेर तस्बिर बनाइएको थियो। यही फोटोलाई पहिलो 'फोटो म्यानुपुलेसन' अर्थात् फोटोमा अदलाबदली/छेडछाड भएको मानिन्छ।

यस्तै २० औं शताब्दीमा सोभियत युनियनका नेता जोसेफ स्टालिनले राजनीतिक हल्ला (प्रोपोगान्डा) फैलाउन 'फोटो म्यानुपुलेसन' को सहयोग लिएको



छिमेकी देश भारतले नयाँ प्रविधिमा आधारित साइबर अपराध तथा एआई र 'डिप फेक' बाट समाजमा पर्न सक्ने नकारात्मक प्रभावलाई कानुनबाट सम्बोधन गर्न नयाँ कानुन ल्याउने तयारी गरेको छ।



बताइन्छ। सन् १९४२ मा इटालीका बेनिटो मुसोलिनी घोडा पनि सम्हाल्न नसक्ने रहेछन् भन्ने सर्वसाधारणलाई भान नपरोस् भनेर मुसोलिनी रहेको एक तस्बिरबाट घोडा स्याहार्ने व्यक्तिको तस्बिर मेटाइएको थियो। यसरी विश्वमा तस्बिर छेडछाड गर्ने क्रम बढ्दै गयो। त्यतिबेला तस्बिरलाई तोडमोड गर्ने तथा एक जनाको टाउको, अनुहार अर्कोमा जोड्न, हटाउन वा कुनै कुरा थप्न विज्ञ व्यक्ति चाहिन्थ्यो। यस्तो गर्न निकै खर्चिलो हुन्थ्यो तर त्यति बेलाका ठूला राजनीतिज्ञहरूले राजनीतिक स्वार्थका लागि यस्तो काम विज्ञ व्यक्तिबाट गराउँथे।


यसक्रममा सन् २०१७ मा 'डिप फेक' प्रविधि प्रयोग गरिएको पोर्न भिडियो रेड्डिट नामक वेबसाइटमा भाइरल भयो। त्यसपछि विश्वमा इन्टरनेटका विभिन्न माध्यमबाट नायिका, नेता, चर्चित व्यक्तिका अनुहार पोर्न भिडियोमा जोडेर सार्वजनिक गर्ने क्रम बढ्यो।

सन् २०१९ देखि अहिलेसम्म आउँदा एआईको प्रयोग गरेर 'डिप फेक' भिडियो, अडियोलगायतका विभिन्न सामग्री इन्टरनेटमा जताकतै पाइन थालेका छन्।

नेपालमा केही वर्षयता नागरिक साइबर हमलाको सिकार हुने क्रम बढ्दो छ। यसको कानुनी उपचारका लागि नेपालका विद्यमान कानुन पर्याप्त छैनन्। छिमेकी देश भारतले नयाँ प्रविधिमा आधारित साइबर अपराध तथा एआई र 'डिप फेक' बाट समाजमा पर्न सक्ने नकारात्मक प्रभावलाई कानुनबाट सम्बोधन गर्न नयाँ कानुन ल्याउने तयारी गरेको छ।

त्यसैले छिटोभन्दा छिटो 'डिप फेक' र एआईबाट हुन सक्ने खतरालाई समयमै सम्बोधन गर्न नेपाल सरकारले समेत उचित कानुन निर्माणमा लाग्नुपर्ने देखिन्छ। ■

स्कुलमा एलियन



सन् १९७३ मा दुई जना मानिसले प्रहरीकहाँ गएर आफूहरूलाई एलियन (अज्ञात प्राणी) ले अपहरण गरेर लगेको दाबी गरे। प्रहरीले ठान्यो यी दुवैजना ढाँट्दै छन्। यसै कारण प्रहरीले दुवै जनालाई एउटा कोठामा एक्लै राखिदिए तर कोठामा गोप्य रूपमा 'रेकर्डिङ' उपकरण जडान गरिएको थियो। प्रहरी त्यतिबेला छक्क परे जब 'रेकर्डिङ' उपकरणमा उनीहरूले एलियनकै बारेमा कुरा गरिरहेको सुने। एलियनले आफूहरूलाई अपहरण गरेर लगेको र आफूहरू धेरै नै डराएको कुराकानी उनीहरूले गरेको सुनियो।

सन् १९७३ अक्टोबर ११ को साँझ ४२ वर्षीय चार्ल्स हिक्सन र १९ वर्षीय क्याल्भिन पार्करले अमेरिकाको मिसिसिपी अन्तर्गतको ज्याक्सन काउन्टीका सेरिफ कार्यालयमा गएर दिएको बयान अनुसार मिसिसिपीको पास्कागौला नदी तटको एउटा घाटमा माछा मारिरहेका उनीहरूले अचानक भुँ गरेको आवाज सुने। साथै दुई वटा नीलो प्रकाश उनीहरूले देखे तथा करिब आठ फिट उचाइ भएको ३०–४० फिटको अण्डाकार वस्तुमा उनीहरूको नजर पर्‍यो।

विद्यार्थीले भने अनुसार जब यान उत्रियो कालो लुगा लगाएका प्राणी उनीहरूको नजिक आए र उनीहरूलाई केही सन्देश दिएर गए।

पार्कर र हिक्सनले दाबी गरे अनुसार लगत्तै उनीहरू होसमा भए पनि पक्षाघात भएको जस्तो भए। रोबोट जस्तो चुच्चे अनुहार तथा गङ्गटो जस्ता भुजा भएका तीन प्राणीले उनीहरूलाई आफ्नो यानमा हालेर लगे, अनि परीक्षण गर्न थाले। परीक्षणपछि ती एलियनले आफूहरूलाई फर्काएको उनीहरूको दाबी थियो।

यसैगरी सन् १९९४ मा बिबिसीका रिपोर्टर टिम लिचलाई जिम्बाब्वेको एक स्कुलमा भएको असामान्य घटनाको रिपोर्टिङ गर्न पठाइएको थियो। आफ्नो रिपोर्टमा उनले लेखे, "बरु म युद्ध क्षेत्रको रिपोर्टिङ सम्हाल्न सक्छु तर यो सक्दिनँ।"

स्कुलमा देखिएको अज्ञात उडनतस्तरीसँग जोडिएको घटना थियो यो। सन् १९९४ सेप्टेम्बरमा जिम्बाब्वेको एक निजी स्कुलमा ६२ विद्यार्थी पढिरहेका थिए। एरियल प्राइमेरी स्कुलमा ती विद्यार्थीले अचम्मको वस्तु आकाशबाट जमिनमा उत्रँदै गरेको देखेका थिए।

विद्यार्थीले भने अनुसार जब यान उत्रियो कालो लुगा लगाएका प्राणी उनीहरूको नजिक आए र उनीहरूलाई केही सन्देश दिएर गए। ती विचित्रका प्राणीलाई देखेर विद्यार्थीहरू स्तब्ध थिए र तीमध्ये केही रुन पनि थाले। यस घटनाले स्कुलको वातावरण नै खराब भयो। विद्यार्थीहरू ६–१२ वर्ष उमेर समूहका थिए। ती सबै विद्यार्थीको मुखमा घटनाका बारेमा लगभग उस्तै कथा सुनियो। उनीहरू सबैले वस्तुको चित्रसमेत समान नै कोरे। आजको दिनसम्म एरियन स्कुलमा अज्ञात उडनतस्तरी देखिएको घटनालाई इतिहासले महत्त्वपूर्ण मानेको छ। ■

–बोमबहादुर रायमाझी

आकाशमा धुवाँको अक्षर

विज्ञापनकै चर्चा गर्दा एउटा पृथक् प्रकृतिको विज्ञापन पनि अस्तित्वमा छ, जसबारे हामीकहाँ सामान्य चर्चा पनि भएको पाइँदैन ।



■ यमबहादुर दुरा

लोकजीवनमा एउटा बहुश्रुत भनाइ छ, "बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन ।" समाज उतिविधि व्यापार–परस्त नभएको समयमै चलेको यो भनाइ अहिलेको व्यापारिक युगमा झनै सान्दर्भिक हुन गएको छ । अचेल त हुने–नहुने सबै कुराको विज्ञापन गरी ग्राहक तान्ने प्रतिस्पर्धा भइरहेको छ ।

अखबार, रेडियो, टेलिभिजन, अनलाइन, होर्डिङ बोर्डजस्ता प्रचार माध्यमहरूमा आउने अनेकन् विज्ञापनले आफ्ना चिजबिजलाई ग्राहकका आँखामा राम्रो देखाउने होडबाजी चलिरहेको छ। यस क्रममा कतै रोमाञ्चक त कतै नखरापूर्ण विज्ञापन आइरहेका छन्, जसका हामी द्रष्टा, भोक्ता साक्षी बनिरहेका छौँ। विज्ञापनकै चर्चा गर्दा एउटा पृथक् प्रकृतिको विज्ञापन पनि अस्तित्वमा छ, जसबारे हामीकहाँ सामान्य चर्चा पनि भएको पाइँदैन।

त्यस पृथक् विज्ञापन विधि हो, स्काइराइटिङ (skywriting)। स्काइराइटिङमा विशेष प्रकारको विमान प्रयोग गरिन्छ। त्यस विमानले उत्सर्जन गर्ने धुवाँबाट आकाशमा अक्षर वा कुनै मूर्त आकृति तयार पारिन्छ। त्यही अक्षर वा मूर्त आकृतिको माध्यमबाट आफ्ना उत्पादनको विज्ञापन गर्ने विधि नै स्काइराइटिङ हो। समग्रमा यो आकाशमा सन्देश लेख्ने परिपाटी हो।

अचेल परिष्कृत प्रविधिको प्रयोग गरेर आकाशमा सन्देश लेख्ने परिपाटी पनि विकास भइसकेको छ। 'प्लेन एन्ड पाइलट म्यागजिन' को अनलाइन संस्करण (मे १९, सन् २०२०) मा उपलब्ध जानकारी अनुसार यस प्रकारको प्रविधि प्रयोग गरी सन्देश लेखिने परिपाटीलाई स्काइटाइपिङ (skytyping) भनिन्छ, जुन स्काइराइटिङकै परिष्कृत संस्करण हो। यस अन्तर्गत तयार पारिने सन्देश डट म्याट्रिक्स प्रिन्टिङ प्रणालीमा आधारित छ।

स्काइराइटिङ पद्धतिमा सिङ्गो आकाश विशाल क्यानभास मानिन्छ भने विमानले फ्याँक्ने धुवाँचाहिँ अक्षर सजाउने कुची हो। त्यही धुवाँबाट आकाशरूपी विशाल क्यानभासमा आकर्षक ढङ्गमा विज्ञापनका अक्षर कोरिन्छन्, सजाइन्छन्। स्काइराइटिङलाई हवाई विज्ञापन (aerial advertising) को एउटा अर्को संस्करण मानिन्छ। कतिपयले स्काइराइटिङलाई आकाशीय पोस्टर (celestial poster) भनी नामकरण गरेको पाइन्छ।



स्काइराइटिङ जहाँ र जे जसरी सुरु भए पनि १९२० को दशकमा प्रवेश गर्दा नगर्दै यसले लोकप्रियता हासिल गर्दै गएको देखिन्छ। भर्खर भर्खर स्काइराइटिङको अभ्यास सुरु हुँदा अमेरिकाका सहरवासी अचम्मित भएका थिए।

इतिहास

स्काइराइटिङ कहाँ र कहिले सुरु भयो भन्नेबारे पर्याप्त मतमतान्तर छ। यसबारे विरोधाभासपूर्ण भनाइ आउने गरेका छन्। कतै बेलायत त कतै अमेरिकाबाट स्काइराइटिङ सुरु भयो भनी दाबी गरिएको पाइन्छ। कतै कतै त फ्रान्सबाट स्काइराइटिङ सुरु भएको भनी लेखिएको पनि पाइन्छ। अमेरिका, बेलायत फ्रान्सबाहेक क्यानडा, अस्ट्रेलिया तथा युरोपका अन्य मुलुकमा पनि स्काइराइटिङको अभ्यास चलेको देखिन्छ।

विभिन्न सन्दर्भ सामग्री अध्ययन गर्दा स्काइराइटिङको इतिहास प्रथम विश्वयुद्धसँग जोडिएको देखिन्छ। प्रथम विश्वयुद्धताका फाइटर प्लेनका पाइलट प्लेनमा उडाउँदा त्यसले छाड्ने धुवाँको मुस्लो देखेर त्यसबाट आकाशमा धुवाँको अक्षर तयार पार्न सकिने रहेछ भन्ने सोचाइ विकास भयो। त्यसपछि ती पाइलटले विभिन्न समय-कालमा आकाशमा धुवाँको अक्षर तयार पार्ने अभ्यासमा सरिक भएको पाइन्छ।

'हिस्ट्री नेट' मा प्रकाशित सामग्रीका अनुसार सन् १९१५ ब्रिटिस पाइलट मेजर सेभेजले स्काइराइटिङ प्रणाली विकास गरेका थिए। यसको सार्वजनिक प्रदर्शनीचाहिँ सन् १९२२ मा गरिएको थियो। यसका विपरीत कतिपय अध्येताले चाहिँ अमेरिकी

पाइलट आर्ट स्मिथले सन् १९१५ मै पानमा–प्यासिफिक मेलामा स्काइराइटिङको कला प्रदर्शन गरेका थिए भनी दाबी गरेका छन्। केही मिडिया इतिहासकारले त सन् १९१० तिर नै यस्तो प्रणाली विकास भइसकेको दाबी गरेका छन्।

स्काइराइटिङ जहाँ र जे जसरी सुरु भए पनि १९२० को दशकमा प्रवेश गर्दा नगर्दै यसले लोकप्रियता हासिल गर्दै गएको देखिन्छ। भर्खर भर्खर स्काइराइटिङको अभ्यास सुरु हुँदा अमेरिकाका सहरवासी अचम्मित भएका थिए। स्काइराइटिङका लागि प्रयोग भएका जहाजको आवाज सुन्दा र त्यसले लेख्ने रोमाञ्चक अक्षर देख्दा सहरवासी घरको झ्यालबाट बाहिर हेर्थे र आकाश दृश्य देखिने रोचक दृश्य हेरेर मनोरञ्जन लिन्थे भन्ने वर्णन 'हिस्ट्री नेट' मा अङ्कित छ।



सन् १९२३ तिर स्काइराइटिङ व्यापक हुँदै गएको देखिन्छ। १९२३ जुनमा 'द न्युयोर्क टाइम्स' मा प्रकाशित एक लेखमा स्काइराइटिङको चर्को विरोध गरिएको थियो। यसले त्यतिञ्जेलसम्म स्काइराइटिङ व्यापक किसिमले फैलिँदै गएको सङ्केत गर्छ। 'हिस्ट्री नेट' ले 'द न्युयोर्क टाइम्स' मा प्रकाशित लेखको सारसङ्क्षेप यसरी प्रस्तुत गरेको छ :



धुवाँको प्रयोग गरेर आल्पस् पहाड तथा आइफल टावरमाथि साबुन, चुरोट तथा अचारको विज्ञापन हुन थालेको छ। यसबाट आकाश धुवाँले भरिन थालेको छ। सहरका अग्ला अग्ला भवनको अपार्टमेन्टमा बस्ने बासिन्दा हैरान छन्। उनीहरू झ्याल थुनेर बस्नुपर्ने अवस्था छ। यसलाई आकाशीय बर्बरता (celestial vandalism) भन्न सकिन्छ।

समयक्रममा स्काइराइटिङ लोकप्रियताको शिखर चढ्न थाल्यो। स्काइराइटिङ लोकप्रियताबारे एउटा रोचक प्रसङ्ग स्मरणीय छ। अमेरिकी म्यागजिन 'द एट्लान्टिक' को अनलाइन संस्करण (अप्रिल १६, सन् २०१४) मा प्रकाशित एक लेखमा 'द न्युयोर्क टाइम्स' लाई उद्धरण गर्दै सन् १९२२ मा न्युयोर्कको टाइम्स क्वायरको आकाशमा एक होटलको फोन नम्बर भएको सन्देश लेखिएको उल्लेख गरिएको छ।

म्यागजिन 'द एट्लान्टिक' का अनुसार आकाशमा लेखिएको सन्देश थियो 'कल भान्डरबिल्ट ७२००।' लेखका अनुसार आकाशमा फोन नम्बर लेखिएको मात्र के थियो, होटलको रिसेप्सनमा एकपछि अर्को गरी फोन निरन्तर बज्न थाल्यो। होटलका रिसेप्सिनिस्टले तीन घण्टाभित्र ४७ हजारभन्दा बढी फोन कल प्राप्त गरेको प्रसङ्ग उल्लिखित छ।

सुरु सुरुमा स्काइराइटिङमार्फत फोर्ड, क्रायस्लर जस्ता मोटर कम्पनीको विज्ञापन भएको पाइन्छ। सोही समयको सेरोफेरोमा 'लक्की



'प्लेन एन्ड पाइलट म्यागजिन' का अनुसार सन् १९१५ मा आर्ट स्मिथले तयार पारेको 'गुड नाइट' नै स्काइराइटिङको पहिलो सन्देश मानिएको छ।



स्ट्राइक' ब्रान्डको चुरोटको पनि विज्ञापन भएको इतिहास भेटिन्छ। सन् १९३२ मा अमेरिकी सफ्ट ड्रिङ्क्स 'पेप्सीकोला' ले पहिलो पटक स्काइराइटिङ प्रयोग गरेको इतिहास देखिन्छ। यसपछि २२ वर्षसम्म स्काइराइटिङमार्फत आफ्नो विज्ञापन गरेको पाइन्छ।

'स्मिथ सोनियन म्यागजिन' का अनुसार सन् १९४० मा मात्रै 'पेप्सीकोला' ले अमेरिकाका ४८ राज्य, क्यानडा तथा दक्षिण अमेरिकामा आफ्ना उत्पादनबारे दुई हजारभन्दा बढी विज्ञापन गरेको थियो।

प्राविधिक पक्ष

स्काइराइटिङमा आकाशको अवस्थाले निर्णायक भूमिका खेल्छ। स्काइराइटिङका लागि प्रयोग हुने विमानको उचाइ, गति तथा दिशाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यसका अतिरिक्त विमानले फाल्ने धुवाँको अर्थपूर्ण व्यवस्थापनले यस कार्यमा उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ।

'एरियल म्यासेजेज' वेबसाइटमा प्रकाशित जानकारीका अनुसार १० हजारदेखि १५ हजार फिट उचाइमा सन्देश लेखिन्छ। एउटा अक्षर आधा माइल लामो हुन्छ भने समग्र म्यासेजको हरफ १५ माइलसम्म फैलिएको हुन्छ। आकाशमा लेखिने अक्षर वा आकृति २० मिनेटसम्म मात्र सग्लो अवस्थामा रहन्छ। त्यसपछि बिग्रन थाल्छ।

पश्चिमी समाजको विज्ञापन चेत पनि गजबकै छ, यति क्षणभङ्गुरपूर्ण अवधिका लागि पनि विज्ञापनमा ठूलो रकम खर्च गरिन्छ। 'प्लेन एन्ड पाइलट म्यागजिन' का अनुसार स्काइराइटिङमा अवस्था अनुसार दुई हजार पाँच सयदेखि १५ हजार अमेरिकी डलर खर्च हुन्छ।

स्काइराइटिङका लागि सफा र शान्त आकाश अपरिहार्य मानिन्छ। हावाहुरी, झरीबादल तथा अँध्यारोमा स्काइराइटिङ सम्भव छैन। यसलाई बीसौं शताब्दीको विशिष्ट विज्ञापन पद्धति मान्न सकिन्छ। 'एरोकर्नर वेबसाइट' मा प्रकाशित लेखका अनुसार स्काइराइटिङका अक्षर वा आकृतिलाई ४८ किलोमिटर परबाट देख्न सकिन्छ।

आकाशमा लेखिने अक्षर प्याराफिन तेल (paraffin oil) बाट निस्कने धुवाँबाट बनाइन्छ, जो वातावरणीय दृष्टिले सुरक्षित मानिन्छ। एउटा अक्षर एक माइल जति अग्लो हुन्छ भने एउटा अक्षर बनाउन ६० देखि ९० सेकेण्ड लाग्छ।

आकाशमा कोरिएका सन्देश

स्काइराइटिङमार्फत विगतमा के कस्ता सन्देश लेखिए, यसबारे यथार्थ विवरण उपलब्ध छैन। यसबारे केही सानातिना र छुटपुट विवरण मात्र उपलब्ध छन्। 'प्लेन एन्ड पाइलट म्यागजिन' का अनुसार सन् १९१५ मा आर्ट स्मिथले तयार पारेको 'गुड नाइट' नै स्काइराइटिङको पहिलो सन्देश मानिएको छ।

अमेरिकी म्यागजिन 'द एट्लान्टिक' को अनलाइन संस्करणमा प्रकाशित पूर्वउल्लिखित लेखका अनुसार सन् १९२४ जुनमा स्काइराइटिङ विधिबाट म्यानहाटनको आकाशमा 'रिमेम्बर फ्ल्याग डे' लेखिएको थियो।

मन्ट्रियल विश्वविद्यालयका प्राध्यापक जिस्लान चिबुको सन् २०१९ मा प्रकाशित स्काइराइटिङसम्बन्धी शोधपत्रमा अमेरिकी आकाशमा लेखिएको राजनीतिक सन्देशबारे चर्चा गरिएको छ। शोधपत्रमा सन् २०१६ को अमेरिकी राष्ट्रपति चुनावमा राष्ट्रपति पदका प्रतिस्पर्धी मार्को रुयिबोका पक्षधरहरूले डोनाल्ड ट्रम्पविरुद्ध आकाशमा लेखाएको सन्देशको सामान्य विवरण दिइएको छ।

मार्को रुयिबोका पक्षधरहरूले लेखाएका सन्देश हुन् : 'अमेरिका इज ग्रेट' (अमेरिका महान् छ), 'ट्रम्प इज डिस्गस्टिङ' (ट्रम्प घृणित छ) 'एनिबडी बट ट्रम्प' (ट्रम्पबाहेक जोकोही स्वीकार्य छ) जस्ता सन्देश लेखाएको उल्लेख गरिएको छ।

यी सन्देश त स्काइराइटिङका सामान्य दृष्टान्त मात्र हुन्। विगतमा स्काइराइटिङमार्फत आकाशमा अनेकन् सन्देश लेखिए। भविष्यमा पनि लेखिने छन्।



विज्ञापनले समाजलाई भ्रामक सूचना दिएर दिग्भ्रमित तुल्याउँछ भन्ने आशय राखेर अमेरिकामा अनेकन् पुस्तक लेखिएका छन्।



अमेरिकी विज्ञापन संस्कृति

पुँजीवादबाट निर्देशित आधुनिक समाजका लागि विज्ञापन अपरिहार्य पक्ष हुन गएको छ। कतिपयले विज्ञापनलाई अर्थतन्त्रको प्राणवायु नै मान्ने गर्छन्। यद्यपि विज्ञापन निर्विवाद र सर्वस्वीकार विषय भने मानिँदैन। विद्वत्वृत्त तथा प्राज्ञिक समुदायमा विज्ञापनको अनेकौँ कोणबाट चिरफार हुने गरेको पाइन्छ।

विज्ञापनका नाममा गरिने धोकाधडीपूर्ण र बढाइचढाइपूर्ण प्रचारपसारबाट सर्वसाधारण नराम्ररी झुक्किन्छन्। यही वास्तविकतालाई देखेर विज्ञापनलाई झुटमुट र अवास्तविक जानकारीको खानीको उपमा दिएर तीव्र आलोचनासमेत गरिएको पाइन्छ। विज्ञापनले समाजलाई भ्रामक सूचना दिएर दिग्भ्रमित तुल्याउँछ भन्ने आशय राखेर अमेरिकामा अनेकन् पुस्तक लेखिएका छन्।

त्यही अमेरिकी समाज हो, जहाँ एकातिर विज्ञापनले समाजमा पारेको असरबारे विभिन्न कोणबाट नकारात्मक टीकाटिप्पणी हुन्छ अर्कोतिर त्यही समाजमा विज्ञापनलाई हदैसम्म सराहना गरिन्छ। विज्ञापनको प्रशंसामा अनेक शानदार सार्वजनिक 'लेक्चर' दिइन्छ। त्यसैले अमेरिकी समाज अजब-गजबको छ भन्न करै लाग्छ।

पुँजीवादले निम्त्याएको भोगवादी संस्कृतिमा रमाएका अमेरिकीहरू विज्ञापनलाई अर्थतन्त्रको इन्जिनलाई चलायमान बनाउने महत्त्वपूर्ण चालकशक्ति मान्छन्। उनीहरू विज्ञापनलाई आर्थिक वृद्धिको 'रचनात्मक क्रान्ति' भन्नसमेत पछि पर्दैनन्। नोबेल पुरस्कार विजेतादेखि समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरू विज्ञापनको खुलेर सराहना गर्छन्।

एकेडेमिक रिसर्च इन्टरनेसन (डिसेम्बर २०१९) मा प्रकाशित विज्ञापनसम्बन्धी एक शोधपत्रका अनुसार सन् १९२५ मा अमेरिकाको ३१ औँ राष्ट्रपति हबट हुभरले विज्ञापन क्लबमा मन्तव्य दिँदै अमेरिकी जीवनमा विज्ञापन महत्त्वपूर्ण आर्थिक शक्तिका रूपमा स्थापित रहेको विचार व्यक्त गरेका थिए।

यसैगरी सन् १९२९ मा अमेरिकी आन्तरिक तथा बाह्य व्यापार ब्युरोका तत्कालीन अध्यक्ष जुलियस क्लेनले विज्ञापनलाई विश्वको आर्थिक प्रगतिको एउटा



अचेल फेसबुक, ट्विटर, इन्स्टाग्रामजस्ता सोसल मिडियाको जमानामा स्काइराइटिङ पहिले जस्तो हुँदैन किनभने आकाशमा लेखिएका सन्देश सोसल मिडियामा तत्कालै अभिलेखित हुन्छन् र सन्देश संसारभरका अडियन्सको फराकिलो घेरामा विस्तार हुन सक्छ ।





मूलभूत तत्त्व भएको भन्दै विज्ञापनको प्रशंसा गरेको प्रसङ्ग पनि सोही शोधपत्रमा अङ्कित छ ।

उदार विज्ञापन संस्कृतिबाट प्रभावित भएर नै होला त्यहाँ स्काइराइटिङजस्तो क्षणभङ्गुरपूर्ण विज्ञापनमा उदार किसिमले खर्च गरिन्छ । त्यसो त अमेरिका विश्व विज्ञापनको विशालतम् बजारमध्ये एक मानिन्छ ।

स्काइराइटिङको भविष्य

अहिले ठूलो जनसमुदायमा क्षणभरमै पुग्ने अनेकन् सहज र सस्तो विज्ञापन प्रणाली भइसकेको छ । यस्तो अवस्थामा स्काइराइटिङजस्तो झन्झटिलो विधिको उतिविधि क्रेज छैन भन्ने विश्लेषण आइरहेका छन् । त्यसैले स्काइराइटिङप्रतिको आकर्षण कम देखिन्छ । हुन पनि हालका दिनमा विज्ञापनका धेरै वैकल्पिक उपाय उपलब्ध छन् ।

पश्चिमी गोलार्द्धमा सन् १९५० को दशकमा टेलिभिजन लोकप्रिय हुन थालेपछि स्काइराइटिङको क्रेज घटेको अध्येताहरूको विश्लेषण छ । अहिले पनि धेरथोरमा स्काइराइटिङको अभ्यास जारी छ । यस्ता अभ्यास आवश्यकताले भन्दा पनि सोखले निर्देशित रहेको देखिन्छ । सोखिनहरूको साम्राज्यमा स्काइराइटिङजस्तो रोचक वैकल्पिक विज्ञापन विधिले भोलिका दिनमा पनि स्थान पाउने अपेक्षा गर्न सकिन्छ ।

आजभन्दा एक शताब्दीभन्दा पहिले नै सुरु भएको स्काइराइटिङलाई कतिपयले आधुनिक समयको ट्विटरसँग तुलना गर्ने गरेको पाइन्छ । यसका पछाडिको कारण के हो भने ट्विटरको सन्देश जति छोटो हुन्छ, त्यसभन्दा छोटो स्काइराइटिङको हुन्छ । यस आधारमा कतिपयले स्काइराइटिङलाई पुरानो जमानाको ट्विटर मान्ने गरेका छन् । स्काइराइटिङर र ट्विटरको यस प्रकारको नाता सम्बन्धलाई एउटा रोचक पक्ष मान्न सकिन्छ ।

अचेल फेसबुक, ट्विटर, इन्स्टाग्रामजस्ता सोसल मिडियाको जमानामा स्काइराइटिङ पहिले जस्तो हुँदैन किनभने आकाशमा लेखिएका सन्देश सोसल मिडियामा तत्कालै अभिलेखित हुन्छन् र सन्देश संसारभरका अडियन्सको फराकिलो घेरामा विस्तार हुन सक्छ ।

तमाम वस्तुस्थितिलाई विश्लेषण गर्दा स्काइराइटिङको भविष्य छैन भनेर किटान गर्न पनि सकिँदैन । यसको भोलिका दिन बहुधा उज्ज्वल छ भन्न पनि कठिन छ । ■



अफ्रिकी मुलुक मलावीमा विधवा महिला, गर्भपतन भएका महिला र पहिलोचोटि महिनावारी भएका महिलाले सैतानको प्रभावबाट जोगिन हाइना भनिने पुरुषसँग अनिवार्य रूपले सम्भोग गराउनुपर्ने चलन छ। सम्भोगका लागि हाइनालाई ज्याला पनि दिनु पर्छ। सम्भोग नगराउने हो भने महिलाले धेरै कष्ट भोग्नपर्ने विश्वास रहिआएको छ।



मलेसियाका पूर्वप्रधानमन्त्री महाथीर बिन मोहम्मदले गिनिज बक्स अफ वर्ल्ड रेकर्ड्‌समा विश्वको पाको प्रधानमन्त्रीका रूपमा आफ्नो नाम लेखाउन सफल भएका छन्। सन् २०१८ मा पछिल्लो पटक प्रधानमन्त्री हुँदा उनको उमेर ९२ वर्ष थियो। यसअघि उनी सन् १९८१ देखि २००३ सम्म २३ वर्ष प्रधानमन्त्री भइसकेका थिए।



भेनेजुएलामा एकै समयमा दुई राष्ट्रपति भएका छन्। निर्वाचित राष्ट्रपति निकोलस मदुरोका विरोधी नेता वान गाइडोले जनसमर्थनको बलमा आफैँलाई राष्ट्रपति घोषणा गरेका थिए। उनको कदमलाई अमेरिका, क्यानडा र बेलायतले तत्काल समर्थन गरे।





भारतका पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको १२ वर्षे शासनकालमध्ये सन् १९७६ देखि १९७७ सम्मको अवधिलाई नसबन्दी आतङ्कको समय मानिन्छ। उक्त अभियानको नेतृत्व उनले आफ्नो छोरा सञ्जय गान्धीलाई सुम्पेकी थिइन्।

भारतको राजस्थान प्रान्तको जयपुर सहरको साँगानेरस्थित जेलमा न पर्खाल छ न न त ढोका छ, ढोका नै नभए ताल्चा लगाउने कुरा पनि भएन। त्यहाँ पहरा दिने सुरक्षाकर्मी नै छैनन्। त्यहाँका कैदी जेल बाहिर गएर काम गर्न स्वतन्त्र छन्।





सन् २०१९ मा अर्जेन्टिनी लोपेज १९ वर्षकै उमेरमा करोडपति भएका थिए। उनी वास्तवमा ह्याकर हुन्। उनको उनको काम भनेको विभिन्न कम्पनीलाई अपराधी ह्याकरको आक्रमणबाट जोगाउनु थियो। ■

-बद्रीप्रसाद घिमिरे

शक्ति राष्ट्रलाई थला पारेको आर्थिक महामन्दी



रतन भण्डारी

सन् १९३० को दशकमा विश्वले आधुनिक इतिहासकै सबैभन्दा ठूलो आर्थिक मन्दीको सामना गर्नुपरेको थियो। 'ग्रेट डिप्रेसन' का नामले समेत चिनिने उक्त आर्थिक मन्दी सन् १९२९ देखि सन् १९३९ सम्म कायम रह्यो। महामन्दीले उपभोक्ताको मागमा कमी, ऋण वृद्धि, महँगीजस्ता समस्या सिर्जना गरेको थियो। औद्योगिक उत्पादनमा समेत कमी आयो।

अमेरिकी सेयर बजारबाट सुरु भएको उक्त आर्थिक महामन्दीले विश्व अर्थतन्त्रलाई धराशायी पारेको थियो । जसको प्रभाव विश्व अर्थतन्त्र र राजनीतिमा पर्‍यो । विश्वभर सबैतिरको जनजीवन कठिन बनेको थियो । लाखौँ मानिसले आफ्नो जागिर गुमाएका थिए । कैयौँ घरवारविहीन बने । कृषि उत्पादनमा पनि ६० प्रतिशतले गिरावट आएको थियो ।

मन्दीका कारण विश्वका अधिकांश मुलुकको आर्थिक गतिविधि अवरुद्ध हुन गई अन्तर्राष्ट्रिय व्यापारसमेत ठप्पप्रायः थियो ।

मन्दीको आरम्भ

महामन्दीको आरम्भ अमेरिकाबाट भएको थियो । अमेरिकाबाट सुरु भएको मन्दीको असरले सन् १९३३ सम्म सारा विश्वलाई चपेटामा पार्‍यो । सन् १९२९ अक्टोबर २९ मङ्गलबार अमेरिकी सेयर बजारमा आएको गिरावटलाई यस आर्थिक महामन्दीको प्रस्थान बिन्दु मानिन्छ ।

त्यसैले त्यस दिनलाई आज पनि कालो मङ्गलबारका रूपमा लिने गरिन्छ । अमेरिकी सेयर बजारमा गिरावटको मनोवैज्ञानिक असर त्यहाँका नागरिकमा पर्न गयो । सोही कारण अमेरिकी नागरिकले आफ्नो खर्चमा १० प्रतिशतसम्म कटौती गरे ।



अमेरिकी सेयर बजारमा गिरावटको मनोवैज्ञानिक असर त्यहाँका नागरिकमा पर्न गयो । सोही कारण अमेरिकी नागरिकले आफ्नो खर्चमा १० प्रतिशतसम्म कटौती गरे । जसले गर्दा माग प्रभावित बन्न पुग्यो ।



जसले गर्दा माग प्रभावित बन्न पुग्यो । उपभोक्ताले बैङ्कको ऋण तिर्न छोडे । त्यसको असर समग्र बैङ्किङ प्रणालीमा पर्न गयो । बैङ्कहरूले कर्जा दिन छोडे । बैङ्कहरूले कर्जा दिन छोडेपछि बैङ्कबाट पैसा झिक्ने परिपाटी चुलियो । सोही कारण कैयौँ बैङ्कले टाट पल्टिएको घोषणा गरे ।

कारण

सन् १९२० को दशकमा अमेरिकी अर्थतन्त्र द्रुततर वृद्धि हुँदा सन् १९२९ सम्म कुल सम्पत्ति दोब्बरले बढ्न पुग्यो । जसलाई 'द रोरिङ ट्वान्टिज'

भनिन्छ। वाल स्ट्रिटस्थित न्युयोर्क स्टक एक्सचेन्जमा केन्द्रित स्टक बजारमा अमेरिकी करोडपति, होटेल मजदुर, चौकीदार, कुल्लीसम्मका सबैले आफ्नो बचत स्टकमा खन्याए। परिणामतः सेयर बजार उकालो लाग्यो।

सन् १९२९ मा आइपुग्दा अमेरिकी सेयर बजारले उचाइको शिखर चुम्यो। सन् १९२९ को मध्यमा आइपुग्दा अमेरिकी अर्थतन्त्रमा हल्का मन्दी देखिन थाल्यो। त्यसपछि उपभोक्ताले खर्च कटौती गरे। बजारमा सामान बिक्न छाडे। नबिकेका सामान फिर्ता हुन थाले। जसको असर कलकारखानामा पर्न गयो तर स्टकको मूल्य भने बढ्दै थियो।

सन् १९२९ अक्टोबर २४ मा लगानीकर्ताले ठूलो मूल्यका सेयर

सोही कारण सेयर बजार धराशायी बनेको थियो। सेयर बजारमा देखा परेको सङ्कटका कारण सेयर बजारले उपभोक्ताको विश्वास गमाउन पुग्यो।



सामूहिक रूपमा बेचेपछि स्टक बजार दुर्घटना मुखरित भयो। त्यस दिन एक करोड २९ लाख डलरको सेयर कारोबार भएको थियो। अक्टोबर २४ को त्यस दिनलाई 'ब्ल्याक थर्ड्स्' भन्ने गरिन्छ। त्यसको पाँच दिनपछि अर्थात् २९ अक्टोबरमा वाल स्ट्रिटमा आतङ्कको अर्को लहर छायो। 'ब्ल्याक ट्युजडे' भनिने त्यस दिन एक करोड ६० लाख डलरको सेयरको कारोबार भयो।

त्यसरी कारोबार भएका सेयर 'मार्जिन' स्टक थिए। सोही कारण सेयर बजार धराशायी बनेको थियो। सेयर बजारमा देखा परेको सङ्कटका कारण सेयर बजारले उपभोक्ताको विश्वास गुमाउन पुग्यो। खर्च र लगानीमा आएको मन्दीले कारखाना र अन्य व्यवसायले उत्पादनलाई सुस्त बनाए। कामदारलाई कामबाट निकाले। रोजगारीमा जोगिएकाको पनि ज्याला घटाइयो। उनीहरूको क्रयशक्तिमा समेत ह्रास आयो।

त्यसपछि अधिकांश अमेरिकी नागरिकको कारोबार क्रेडिटमा हुन





थाल्यो । अधिकांश नागरिक ऋणमा फसे । हुँदाहुँदा अमेरिकी महामन्दी देशभित्रै सीमित रहेन त्यसको असर विश्वव्यापी रूपमा देखिन थाल्यो । खासगरी युरोपमा अर्को ठूलो सङ्कट आइलाग्यो ।

महामन्दीका कारण अमेरिकाको बेरोजगारी सङ्ख्या १५ लाखबाट बढेर एक करोड ३० लाख पुगेको थियो । महामन्दीको युरोपमा परेको असरका कारण अमेरिकाको युरोपेली ऋण डुब्ने स्थितिमा पुग्यो । अमेरिकामा सन् १९३२ को राष्ट्रपति आमनिर्वाचनमा आर्थिक महामन्दीका कारण रिपब्लिक पार्टीका हवर्ट हुबर पराजित भएका थिए । डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिका उम्मेदवार रहेका फ्याकलिन डी. रुजवेल्ट आर्थिक सुधार कार्यक्रमलाई चुनावी मुद्दा बनाएका कारण विजयी भए ।

निर्वाचनमा विजयी भएपछि राष्ट्रपति रुज्वेल्टले आर्थिक महामन्दीबाट बाहिर निस्कन नयाँ चुनावी मुद्दा अघि सारे । रुज्वेल्टले अमेरिकी अर्थव्यवस्थामार्फत कृषि र उद्योगबीच सन्तुलन ल्याउने, मजदुर–कामदार, रोजगारदाता र उपभोक्ताबीच सन्तुलन कायम गर्ने, आन्तरिक बजार सुदृढीकरणका साथै अन्य मुलुकसँगको व्यापार बढाउने घोषणा गरे ।

पुँजीवादको अवस्थालाई मध्यनजर गर्दै अमेरिकाले दोस्रो विश्वयुद्धपछि पश्चिम युरोपेली देशलाई सुदृढ पार्ने योजना अघि सारेको थियो ।

युरोपमा प्रभाव

आर्थिक महामन्दीले युरोपमा सोभियत रुसबाहेक अन्य मुलुकमा नराम्रो असर पारेको थियो । जर्मनीमा बेरोजगारी बढ्यो । महामन्दीका कारण सन् १९३२ मा जर्मनीमा बेरोजगारको सङ्ख्या बढेर ६० लाख पुगेको थियो, महँगीले शिखर चुम्यो । त्यस अवस्थामा जर्मनी भर्सायल सन्धि अनुसार अन्य मुलुकलाई प्रथम विश्वयुद्धको क्षतिपूर्ति तिर्दै आएको थियो । यही अवस्थालाई भजाएर हिटलर जर्मनीको राज्यसत्तामा पुग्न सफल भएका थिए । अझ भन्नुपर्दा जर्मनीमा नाजीवादका पछाडि यो आर्थिक महामन्दी पनि एउटा मुख्य कारण थियो ।

आर्थिक महामन्दीको सामना बेलायतले पनि गरेको थियो । महामन्दीका कारण बेलायतले सुनको निर्यातमा रोक लगायो । पछि बेलायतले व्यापारमा संरक्षणवादी नीति अवलम्बन गर्‍यो । सोही कारण व्यापारको सन्तुलन बेलायतको पक्षमा हुँदा उसलाई महामन्दीबाट बाहिर आउन सजिलो भएको थियो ।

युरोपेली अन्य देशको तुलनामा फ्रान्समा महामन्दीको प्रभाव कम परेको थियो । त्यसको एक प्रमुख कारण थियो फ्रान्सले त्यतिबेला जर्मनीबाट प्रथम विश्वयुद्धको क्षतिपूर्ति असुल्नु ।

कम्युनिस्ट राष्ट्र भएकाले सोभियत सङ्घले आफूलाई पुँजीवादी प्रणालीबाट अलग राखेको थियो। पुँजीवादी देशहरू सोभियत सङ्घसँग टाढा थिए। सोही कारण पनि अमेरिकामा देखा परेको आर्थिक महामन्दीको असर युरोप र एसियामा पर्दासमेत सोभियत सङ्घलाई त्यसले छुन सकेन। त्यस अवधिमा सोभियत सङ्घले उल्टो औद्योगिकीकरण विस्तार गऱ्यो। स्टालिनको नीति तथा पञ्चवर्षीय योजनाका कारणले सोभियत सङ्घको आर्थिक स्थिति सुदृढ बन्न पुग्यो। जसका कारण संसारमा कम्युनिस्ट प्रणालीप्रतिको मोह विश्वका अन्य मुलुकमा देखिन पुगेको थियो भने पुँजीवादी राज्य व्यवस्थाप्रति वितृष्णा फैलिएको थियो।

पुँजीवादको अवस्थालाई मध्यनजर गर्दै अमेरिकाले दोस्रो विश्वयुद्धपछि पश्चिम युरोपेली देशलाई सुदृढ पार्ने योजना अघि सारेको थियो। 'सैन्य योजना' का नामले परिचित उक्त अमेरिकी योजनामा विश्वयुद्धका कारण ध्वस्त मुलुकको पुनर्निर्माण गरिने भनिए पनि सारमा सोभियत सङ्घको प्रभावका कारण विश्वव्यापी बनिरहेको साम्यवादको सम्भावित विस्तार रोक्नु थियो तर यस योजना अनुसार अघि सारिएको अमेरिकी नीति सफल हुन सकेन र सोभियत सङ्घको प्रभाव कायमै रह्यो। यता एसियामा जापानका सम्राट हिरोहितोले आर्थिक महामन्दीबाट राहत पाउन सकिन्छ कि भन्ने आधारमा चीनको मन्चुरियामा आक्रमण गरी खानी विकास गरेका थिए।

राष्ट्रपति हुनुअघि हुभरले अमेरिकी वाणिज्य सचिवका रूपमा काम गरेका थिए। सोही कारण उनी अमेरिकी सरकारले अर्थव्यवस्थामा सिधै हस्तक्षेप गर्नु हुँदैन भन्ने मान्यता राख्थे।



उन्मुक्ति

अमेरिकाका राष्ट्रपति ह्युबर प्रशासनले महामन्दीसँग जुझ्नै सकेन । ह्युबर प्रशासनको समयमा महामन्दी झन् झन् चरम रूप धारण गर्दै गयो । त्यस अवस्थामा ह्युबरको प्रशासनले असफल बैङ्कहरू र अन्य संस्थालाई सरकारी ऋणका साथै आर्थिक सहयोगको प्रयास गऱ्यो । जसको उद्देश्य ती बैङ्कले ऋण सहयोगको बदलामा व्यवसायीलाई ऋण उपलब्ध गराउने छन् भन्ने थियो ।

तर ह्युबर प्रशासनको उक्त योजना सफल भएन । राष्ट्रपति हुनुअघि ह्युबरले अमेरिकी वाणिज्य सचिवका रूपमा काम गरेका थिए । सोही कारण उनी अमेरिकी सरकारले अर्थव्यवस्थामा सिधै हस्तक्षेप गर्नु हुँदैन भन्ने मान्यता राख्थे ।

राष्ट्रपति हुनुअघि ह्युबरले अमेरिकी वाणिज्य सचिवका रूपमा काम गरेका थिए । सोही कारण उनी अमेरिकी सरकारले अर्थव्यवस्थामा सिधै हस्तक्षेप गर्नु हुँदैन भन्ने मान्यता राख्थे ।



त्यस महामन्दीको बीचमा भएको आमनिर्वाचनमा राष्ट्रपतिमा निर्वाचित रुज्वेल्टले अर्थतन्त्र सुधारका दिशामा ठोस कदम चाले । सन् १९३३ मार्च ४ मा सबै अमेरिकी राज्यले सबै बैङ्कलाई बन्द गर्न आदेश दिए ।

अमेरिकी अर्थतन्त्र त्यतिबेला यस्तो अवस्थामा पुगेको थियो कि अमेरिकी अर्थ मन्त्रालयसँग सरकारी कर्मचारीलाई तलब दिने पर्याप्त पैसासमेत थिएन । राष्ट्रपति बनेपछि उनले निर्वाचनताकाका प्रतिबद्धतालाई कार्यान्वयनको दिशामा लगे । जसका कारण अमेरिकी अर्थतन्त्रमा सुधारका सङ्केत देखिए ।

औद्योगिक तथा कृषि उत्पादनमा वृद्धि भएपछि न्यूनतम ज्याला दर र कामका लागि अधिकतम समय तोकियो । रुज्वेल्टले वित्तीय प्रणालीमा सुधारका लागि फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनमा निक्षेपकर्ताहरूको खाताको सुरक्षा गर्न र सेक्युरिटिज एन्ड एक्सचेन्ज कमिसनलाई स्टक बजार नियमनको दायरामा ल्याए ।

औद्योगिक राष्ट्र भएर पनि



जर्मनी र अन्य 'एक्सिस पावर'हरूविरुद्धको सङ्घर्षमा बेलायत र फ्रान्सलाई समर्थन गर्ने राष्ट्रपति रुज्वेल्ट प्रशासनको निर्णयसँगै रक्षा उत्पादनले निजी क्षेत्रमा थप रोजगारीका अवसर सिर्जना गरेको थियो ।



महामन्दी सुरु हुँदा अमेरिकामा बेरोजगारी बीमा तथा सामाजिक सुरक्षाको व्यवस्था थिएन । त्यसैले सन् १९३५ मा पहिलो पटक अमेरिकी कांग्रेसले सामाजिक सुरक्षा ऐन पारित गऱ्यो । जसका कारण पहिलो पटक अमेरिकी नागरिकलाई बेरोजगारी, अपाङ्गता र वृद्धावस्थामा पेन्सन दिने व्यवस्था लागू भयो ।

उसो त आर्थिक मन्दीबाट उत्मुक्तिका सङ्केत सन् १९३३ को मध्यतिर देखा पर्न थालिसकेका थिए । त्यसपछि अमेरिकी सरकारले अमेरिकी अर्थव्यवस्था सुधार कार्य थप तीन वर्षसम्म जारी राख्यो । जर्मनी र अन्य 'एक्सिस पावर'हरूविरुद्धको सङ्घर्षमा बेलायत र फ्रान्सलाई समर्थन गर्ने राष्ट्रपति रुज्वेल्ट प्रशासनको निर्णयसँगै रक्षा उत्पादनले निजी क्षेत्रमा थप रोजगारीका अवसर सिर्जना गरेको थियो ।

सन् १९४१ डिसेम्बरमा पर्ल हार्बरमा जापानी आक्रमणपछि अमेरिकाले दोस्रो विश्वयुद्धमा प्रवेश गऱ्यो । सोही कारण अमेरिकाले हतियार उत्पादनमा थप जोड दियो । भएभरका कारखाना सञ्चालनमा ल्याइयो । जसले गर्दा युवाले सेनामा भर्ती हुने, बाँकी बेरोजगार हतियारलगायतका कलकारखानामा काम गर्न थाल्दा त्यहाँ रोजगारीका प्रशस्त अवसर सिर्जना हुन पुग्यो ।

त्यसपछि आर्थिक महामन्दीले विस्तारै उन्मुक्तिको मार्ग लिएको थियो । अन्ततः सन् १९२९ मा सुरु भएको महामन्दी सन् १९३९ मा दोस्रो विश्वयुद्धको थालनीपछि समाप्तिको दिशामा लाग्यो । ■

जब आकाशमै विमानको छत उड्यो !



पाइलटले फर्केर हेरे जहाँ पहिले प्रथम श्रेणीको क्याबिनको छत थियो त्यहाँबाट आकाश देखिँदैछ । ककपिटको ढोका भएको स्थानको छतमा प्वाल भएको थियो ।

सन् १९८८ मा हवाईमाथिको आकाश उड्डयन इतिहासको एक अविश्वसनीय र विस्मयकारी घटनाको साक्षी बनेको थियो । अलोहा एयरलाइन्सको फ्लाइट–२४३ सँगको त्यो घटना चानचुने थिएन । उड्दाउड्दै त्यस विमानको संरचना नै ध्वस्त भएको थियो । चमत्कार नै मान्नु पर्छ विमानको छत नै उड्दा पनि चालकदलका सदस्यले विमानलाई सकुशल अवतरण गराए । मात्र एक जनाको त्यस घटनामा ज्यान गयो ।

अलोहा एयरलाइन्सको फ्लाइट–२४३ ले हवाई राज्यको एक टापु हाइलोबाट ओआहु टापुको होनोलुलु जान अन्तर्राष्ट्रिय उडानका लागि सन् १९८८ अप्रिल २८ अपराह्न प्रस्थान गरेको थियो । विमानमा चालकदलका पाँच जना र ९० यात्रु थिए ।

विमान थियो बोइङ ७३७–२०० । आफ्नो सुरक्षा र विश्वसनीयताका लागि परिचित यो विमान व्यावसायिक फ्लाइटमा प्रयोग भइरहन्थ्यो । विमानले उडान भर्नुपहिले फ्लाइटको सुरक्षाका लागि अनिवार्य मानिएका सबै सुरक्षा जाँचसमेत गरिएको थियो तर कसैले पनि चिताएका थिएनन् यसरी आकाशमै विमानको छत उड्ने छ ।

विमानले उडान भरेको लगभग २३ मिनेट भएको थियो । २४ हजार फिटको



उचाइमा उडान भरिरहेका बेला अचानक ठूलो आवाज गर्दै विमानको छतको एक भाग हावामा उछिट्टियो। पाइलटले फर्केर हेरे जहाँ पहिले प्रथम श्रेणीको क्याबिनको छत थियो त्यहाँबाट आकाश देखिँदैछ। ककपिटको ढोका भएको स्थानको छतमा प्वाल भएको थियो।

क्याबिनदेखि विमानको पखेटासम्मको भागमा छत थिएन। न्यून दबाबले छत उड्दा त्यसैमुनि उभिइरहेका 'फ्लाइट अटेन्डेन्ट' ५८ वर्षका सिबी लान्सिङ हावामै उडे। उनको शव फेला परेन।

भाग्यले त्यतिबेला सबै यात्रुले 'सिट बेल्ट' बाँधिराखेका थिए। यस कारण थप कसैको ज्यान गएन तर ६५ यात्रुलाई चोट लाग्यो।

रनवेतिर बढ्दै गर्दा विमानको 'नोज गियर' अर्थात् अगाडिको पाङ्ग्रा सही किसिमले तयार छ कि छैन चालकदल यकिन थिएन तर जस्तो समस्या आए पनि चालकदल विमानलाई सकुशल अवतरण गराउन सफल भयो।

छत उडेपछि अचानक न्यून चाप सिर्जना भएर विमानमा ठूलो तनाव उत्पन्न हुन पुगेको थियो। हावाले विमानको संरचना नै ध्वस्त पार्ने र विमानलाई टुक्राटुक्रा बनाउने खतरा उत्पन्न भयो। जसै विमानमा न्यून चापले कम्पन्न भयो क्याप्टेन रोबर्ट सर्नस्टाइमर र 'फर्स्ट अफिसर' मेडलिन मिमी टम्पकिन्सले आपत्कालीन कारबाही गर्न थाले। ती दुवैसँग समग्रमा यस आधुनिक



हवाईको समुद्री आर्द्र र नुनिलो वायुयुक्त वातावरणमा लामो समय निरन्तर छोटो दूरीमा उडान भर्दा विमानको ढाँचामा क्षय उत्पन्न भएको तथा त्यो कमजोर पर्न गएको अनुसन्धानको निष्कर्षमा उल्लेख गरियो ।

विमानलाई १० हजार घण्टाभन्दा बढी उडाएको अनुभव थियो ।

कप्तान रोबर्टले आफ्नो बहुमूल्य अनुभव प्रयोग गरे । उनले हावाको घनत्व बढी हुने कम उचाइमा विमानलाई तत्काल झार्ने निर्णय लिए, जहाँ यात्रु र चालकदललाई सास लिन सजिलो भयो । अगाडि बढ्दै चालकदलले रेडियो सम्पर्क गरी माउईको काहुलुई विमानस्थलतिर लिएर गए। अगाडि बढ्दै जाँदा विमानको एउटा इन्जिन काम नलाग्ने भयो ।

रनवेतिर बढ्दै गर्दा विमानको 'नोज गियर' अर्थात् अगाडिको पाङ्ग्रा सही किसिमले तयार छ कि छैन चालकदल यकिन थिएन तर जस्तो समस्या आए पनि चालकदल विमानलाई सकुशल अवतरण गराउन सफल भयो, विमानका बाँकी सबै यात्रुको सुरक्षित उद्धार भयो ।

विमान अवतरण भएपछि सबै यात्रुलाई पर्यटक गाडीमा राखेर स्थानीय अस्पताल लगिएको थियो किनभने त्यस टापुमा मात्र दुई एम्बुलेन्स थिए । यस्तो खतरनाक अवस्थासँग जुध्न त्यस सानो टापुमा त्यति बन्दोबस्त थिएन ।

त्यसपछि सुरु भयो दुर्घटनाको अनुसन्धान । अमेरिकाको नेसनल ट्रान्सपोर्टेसन सेफ्टी बोर्डले यस घटनाको विस्तृत अनुसन्धान गर्‍यो र आफ्नो निष्कर्ष दियो । अनुसन्धानको मुख्य ध्यान विमानको संरचनामा उत्पन्न समस्याको कारण खोज्नु थियो । संरचना कसरी असफल भयो ? प्रश्न यही थियो ।

अनुसन्धानले निष्कर्ष दियो, फ्युजलाज (विमानको ढाँचा) विफल हुनुको कारण हो त्यसमा प्रयुक्त धातु वर्षौंदेखिको कैयौं दबाब शृङ्खलाले कमजोर पर्नु । हवाईको समुद्री आर्द्र र नुनिलो वायुयुक्त वातावरणमा लामो समय निरन्तर छोटो दूरीमा उडान भर्दा विमानको ढाँचामा क्षय उत्पन्न भएको तथा त्यो कमजोर पर्न गएको अनुसन्धानको निष्कर्षमा उल्लेख गरियो ।

विमानमा यात्रा गरिरहेका गायल यामामोटोले समेत यस तथ्यलाई पुष्टि गर्ने गरी भने, "विमानले उडान भर्नुपहिले नै मैले छतमा चिरा परेको देखेको थिएँ तर मैले कसैलाई भनिनँ ।"

पछि बोइङ कम्पनीले समेत यसरी धातु कमजोर पर्दै जाने पनि नियमित जाँच गर्न निर्देशिका नै जारी गरेको थियो । ■

– *युवामञ्च*

मेरो पुस्तकालय



धर्मेन्द्र झा


पत्रकार/साहित्यकार

लामो समयदेखि पत्रकारितामा आबद्ध धर्मेन्द्र झा पत्रकारहरुको छाता संस्था नेपाल पत्रकार महासङ्घको सभापतिसमेत भइसकेका छन् । राजनीतिशास्त्र, मिडिया प्रविधि र मैथिली गरी तीन विषयमा स्नातकोत्तर गरेका झा नेपाल सरकारको समाचार संस्था 'राष्ट्रिय समाचार समिति' मा कार्यकारी अध्यक्षको जिम्मेवारीमा रहेका छन् । सिरहा जिल्लाको लहान नगरपालिका-१४, बस्तीपुरमा जन्मिएका झा नेपाली एवं मैथिली साहित्यमा धर्मेन्द्र विह्वलको नामले परिचित छन् । मैथिली एवं नेपाली साहित्य र पत्रकारितामा निरन्तर कलम चलाउँदै आएका झाका एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।

अध्ययनशील विह्वल आफूलाई पुस्तकप्रेमी विद्यार्थी भन्न रुचाउँछन् । उनी पुस्तकको महत्त्व र गरिमाको बारेमा भन्छन्, "जसरी कर्दले खुकुरीमा धार लगाउँछ, ठीक त्यसरी नै पुस्तकले मानिसको जीवनको स्वरुप निर्धारण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । पुस्तकले मानिसको ज्ञानको स्तरमा वृद्धि मात्र गर्ने होइन बरु यसले समग्रमा मानिसको जीवन निर्देश गर्ने कार्यसमेत गर्दछ ।"

पुस्तक नभएको भए आजको जस्तो ज्ञान र सूचनाको प्रसार सम्भव हुने नै थिएन भन्ने विह्वल पुस्तकले मानिसलाई अपूर्णताबाट पूर्णतातर्फ र अँध्यारोबाट उज्यालातर्फ डोऱ्याउन मद्दत गर्ने बताउँछन् । आफ्नो निवासमा सानोतिनो पुस्तकालय नै खडा गरेको बताउने विह्वल देश-विदेशको भ्रमणका अवसरमा रुचिका पुस्तक किन्ने गरेको जानकारी दिन्छन् । उनको बुझाइमा पुस्तक त्यस्तो झ्याल हो जहाँबाट मानिसले सम्पूर्ण सृष्टि, सभ्यता र समग्र जीवनको जानकारी र आनन्द प्राप्त गर्न सक्छ । किताब नभएको भए अहिलेको संसार यस्तो नभएर संवादहीन अवस्थामा हुन्थ्यो होला भन्ने कल्पना गर्ने विह्वल मानवीय अनुभूतिको दस्तावेजीकरण हुन सकेका कारण नै मानवीय विकासक्रम अघि बढेको ठान्छन् । चेतनाको स्तरमा वृद्धि हुँदै आएर आजको बुद्धिमान मान्छे कहलिएको मान्छे भोलिका दिनमा जहाँ पुग्ला त्यो ज्ञानको भण्डार जुन रुपमा भए पनि पुस्तककै रुप भएको उनी बताउँछन् ।

"कतिपय पुस्तक पढिन्छन् भने कतिपय त हेरिन्छन् मात्र," उनी भन्छन्, "मैले वर्तमानसम्म सङ्ख्यात्मक रुपमा कति पुस्तक हेरें त्यो भन्न सक्दिनँ । हेरेका सबै पुस्तक पढें भन्ने दाबी सायद कसैले पनि नगर्ला । पुस्तक पढ्नु भनेको अक्षरमा आँखा दगुराउनु मात्र होइन । पुस्तक पढ्नु भनेको पुस्तकसँगै बाँच्नु हो



र त्यसलाई आत्मसात् गर्नु हो । कुनै पनि पुस्तकले मानिसको जीवन प्रभावित हुन्छ र सकारात्मक परिवर्तन ल्याउँछ भने साँचो अर्थमा त्यो पुस्तक पढेको ठहरिन्छ ।”

आफूले पढेकामध्ये महाभारतका केही अंशले अत्यन्तै गहिरो प्रभाव पारेको उनको अनुभव छ । उनको विचारमा महाभारतमा वर्णित धेरै कुरा मानव सभ्यताका धरोहर हुन् र यसले मानिसलाई सदैव शिक्षा प्रदान गरिरहेको छ । महाभारतमा कृष्णको चमत्कार र कौरव-पाण्डवबीचको युद्धमा मात्र सीमित छैन । महाभारतमा जीवनको उद्देश्य, महत्व र निष्कर्ष निहित भएकाले सर्वकालिक र महत्त्वपूर्ण ग्रन्थ हो । प्रस्तुत छ, झा (विह्वल) ले पछिल्लो समयमा पढेका पाँच पुस्तक:

धरा



सञ्चारकर्मी डा. नवराज लम्सालको महाकाव्य ‘धरा’ निकै पठनीय पुस्तक छ। काव्यात्मक यो पुस्तक मातृभूमि र राष्ट्रियताका विषयमा केन्द्रित छ। डा. लम्सालले धरा अर्थात् सिङ्गो पृथ्वी र खासगरी आफ्नो जन्मभूमिप्रति व्यक्त गरेका सम्वेदनात्मक काव्यिक विचार मन्त्रझैँ प्रभाव पार्ने खालका छन् । प्रकृतिसँग मान्छे सदा ऋणी भएको लम्सालले धरामा उल्लेख गरेका छन् ।

पुरुष–परीक्षा



मैथिली साहित्यका महाकवि विद्यापतिद्वारा रचित ‘पुरुष-परीक्षा’ नामक कथा सँगालोको धीरेन्द्र प्रेमर्षिले नेपालीमा अनुवाद गरेर सार्वजनिक गरेका छन्। केही महिनाअघि प्रकाशित भएको यो पुस्तक विशेष महत्त्वको छ। मूल संस्कृत भाषामा लेखिएको यो पुस्तकको अनुवाद थुप्रै भाषामा भएको छ। यस पुस्तकमा प्रतिकात्मक रूपमा पुरुषको गुणवत्ता रेखाङ्कित गर्ने वा चिनाउने कथा सङ्कलित छन् । १५ औं शताब्दीमा लेखिएको यस पुस्तकले तात्कालीन समाजको चित्रण गरेकाले इतिहासको झल्कोसमेत दिन्छ ।

ह्युम्यानोमिक्स

छिमेकी मुलुक चीनको समाचार संस्था सिन्ह्वाले हालै प्रकाशनमा ल्याएको ‘ह्युम्यानोमिक्स’ खासमा जर्नल हो। अङ्ग्रेजी र चिनियाँ भाषामा प्रकाशित यो पुस्तक मूलतः अनुसन्धानमा आधारित छ। यसले अर्थशास्त्र र मानवको सम्बन्धका बारेमा मिहिन ढङ्गले खोतल्ने कार्य गरेको छ। चीनले गरेको विकास र मानवीय लगनशीलता बुझ्न निकै उपयोगी छ।




अतीतको ऐना : वर्तमानको अनुहार



साहित्यकार चेवनप्रसाद काफ्लेको यो पुस्तक अनुभूतिपरक छ। लामो समयको सरकारी सेवाबाट अवकाशप्राप्त काफ्लेले आफ्ना प्रारम्भकालीन दिनदेखि वर्तमानसम्मका अनुभवलाई पुस्तकमा छर्लङ्ग हुने गरी उतारेका छन्। एउटा सरकारी जागिरेले भोगेका तीतामीठा अनुभव पाठकका लागि निकै पठनीय छन्।

वनारस टकिज



हिन्दीभाषी सत्य व्यासको यो पुस्तकले पछिल्ला दिनमा निकै चर्चा बटुलेको छ। एउटा विश्वविद्यालयको छात्रावास वरिपरि केन्द्रित यो पुस्तकले विद्यार्थी, छात्रावास र विश्वविद्यालयसँग सम्बन्धित थुप्रै विषयलाई खोतलेर रोचक ढङ्गले कथ्यात्मक शैलीमा पस्किने कार्य गरेको छ। सामान्य विषयवस्तुमा पनि यति रोचक कृति लेख्नुले सत्य व्यास पाठकले रुचाएका लेखक हुन्। ■

– प्रस्तुति : तुलसीहरि कोइराला

नभई नहुने आयोडिन

■ तुम्नो कुलुङ

हाम्रो शरीरमा दैनिक रूपमा नुनको मात्रा बढी भएमा सबैभन्दा ठूलो असर अथवा जोखिम पर्ने भनेको उच्च रक्तचापको सम्भावना बढ्नु हो ।



'आयोडिन' भन्नेबित्तिकै मानव शरीरमा नभई नहुने लवण भन्ने बुझ्नु पर्छ । आयोडिनचाहिँ समुद्री नुनमा बढी पाइन्छ भने समुद्रमा पाइने माछाहरू माकारेल, स्न्यापर, सालमोन, ओइस्टर, कर्डफिस, सेलफिस, टुना आदिमा बढी मात्रामा आयोडिन पाइन्छ ।

पोषणविद्का अनुसार समुद्री लेउ र झ्याउमा पनि आयोडिन हुन्छ । त्यस्तै ब्रोकाउली, पालुङ्गो, बन्दागोभी, सलगम, रायो, चम्सुर आदिमा समेत घेरथोर मात्रामा आयोडिन पाइन्छ । अझ के भनिन्छ भने



आयोडिनको कमीका कारण मानिसमा गलगाँड आउन सक्छ। आयोडिनको कमीले आउने त्यस्तो गलगाँड अस्वाभाविक रूपमा बढ्दै गएमा सास लिने नली थिचिएर मानिसको मृत्यु पनि हुन सक्छ।





कुखुरा, हाँस, कालिज आदि चरा वर्गका पन्छीको अण्डामा पनि केही न केही मात्रामा आयोडिन उपलब्ध हुन्छ। त्यस्तै गरेर डेरी उत्पादन दूध, दही, चिज, बटर आदिमा पनि धेरथोर आयोडिन पाइन्छ। हाम्रा लागि आयोडिनको मुख्य स्रोत भनेको नुन हो।

बढी नुनले के असर गर्छ ?

हामीमध्ये धेरैलाई थाहा छैन दैनिक बढी नुन खाने खाएमा शरीरलाई के कस्तो असर पर्छ ? हाम्रो शरीरमा दैनिक रूपमा नुनको मात्रा बढी भएमा सबैभन्दा ठूलो असर अथवा जोखिम पर्ने भनेको उच्च रक्तचापको सम्भावना बढ्नु हो। जसले गर्दा विस्तारै मुटुको चाल बढ्ने, रक्तप्रवाह गर्ने मुटुका नसा र भल्व फुक्दै जाने जोखिम रहन्छ। अधिक नुनले मिर्गौलामा समेत असर पार्दछ।

आयोडिनको कमीले पर्ने असर

हाम्रो शरीरमा आयोडिनको कमी भएमा छाला खस्रो हुने, कपाल झर्ने, शरीर सुन्निने आदि हुन्छ। त्यस्तै गरेर महिला गर्भवती हुँदा आयोडिनको कमी भएमा गर्भमा रहेको बच्चाको विकास स्वाभाविक रूपमा नहुने, गर्भ तुहिन सक्ने, बच्चा कम तौलको जन्मने, जन्मेको बच्चामा अपाङ्गता देखिने, गर्भवती महिलाको मृत्यु हुन सक्ने सम्भावना रहन्छ।

आयोडिनको कमीका कारण मानिसमा गलगाँड आउन सक्छ।

आयोडिनको कमीले आउने त्यस्तो गलगाँड अस्वाभाविक रूपमा बढ्दै गएमा सास लिने नली थिचिएर मानिसको मृत्यु पनि हुन सक्छ। खासगरी बालबालिकामा आयोडिनको कमी भएमा उनीहरूको मानसिक स्थिति कमजोर हुने, सिकाइ क्षमता नबढ्ने, शारीरिक विकास नहुने, अल्छी गर्ने, कम बोल्ने हुने जोखिम हुन्छ।



आयोडिनको कमी भएका बालबच्चा ढिलो बोल्न नसक्ने, लठेब्रो हुने, पढाइमा कमजोर हुने, पुड्को हुने सम्भावना पनि देखिएको छ।

अचेल मानिसमा गलगाँडको त्यति समस्या नदेखिए पनि थाइराइडको समस्या बढ्दै गएको छ। चिकित्सकका अनुसार शरीरमा आयोडिनको कमी भएमा थाइराइडमा असन्तुलन उत्पन्न हुने सम्भावना रहन्छ। ▪



हनाको (फूल केटी) एक उल्लेखनीय 'कोई' माछा हो, जो दुई सय २६ वर्ष जीवित रह्यो। सन् १९६६ मा 'नागोया वुमन्स युनिभर्सिटी' को 'ल्याबरोटरी अफ एनिमल साइन्स' का प्राध्यापक मासायोसी हिरोले हानाकोको आयु सावधानीपूर्वक सुनिश्चित गर्न दुई महिना समर्पित गरेका थिए।

रुखको आयु जान्न रुखको गिँडमा भएका चक्र (रिङ) गणना गर्ने विधिसरह माछाको आयु त्यसको कत्लामा भएका रिङ गणना गरेर निर्धारित गरिन्छ।

ती रिङलाई विशेषज्ञले 'माइक्रोस्कोप' को प्रयोगद्वारा मात्र देख्न सक्छन्। विभिन्न मौसममा माछाको कत्लामा परेका प्रभावको विविधता ती रिङले सङ्केत गर्छन्। चौडा रिङले ग्रीष्म ऋतुलाई जनाउँछ, जुन अवधिमा माछाले प्रायः बढी खाना खान्छ र उसको वृद्धि पनि चाँडै हुने गर्छ। यसविपरीत साँघुरा रिङले हिउँदयाम जनाउँछन्। त्यस अवधिमा माछाको वृद्धि सुस्त हुने गर्छ।

आयु गणना गर्ने विधिबाट हनाकोको जन्म सन् १७५१ तिर भएको निर्क्योल गरियो। सन् १९७७ सम्म हनाको जीवित रह्यो। हनाकोसँगै सोही पोखरीमा रहेका अन्य 'कोई' माछाको परीक्षण गर्दा ती सबै कम्तीमा पनि सय वर्ष पुगेको पाइएको थियो। ▪

-युवामञ्च

मध्यपूर्वको गहिरो सङ्कट

इजरायल सरकारले हमासलाई समाप्त पार्ने भन्दै खाद्यान्न आपूर्ति बन्द गर्दै गाजा क्षेत्रमा भीषण कारबाही जारी राख्दा त्यहाँ चरम मानवीय सङ्कट देखा परेको छ ।



■ रामप्रसाद आचार्य

इजरायल र हमासबीचको जारी युद्धले मध्यपूर्वको शान्ति प्रक्रिया गम्भीर सङ्कटमा परेको छ । यो युद्ध लम्बिँदै जाँदा क्षेत्रीय युद्ध हुने खतरासमेत बढेको छ । प्यालेस्टिनी इस्लामिक समूह हमासका लडाकुको आक्रमणमा करिब १२ सय इजरायली मारिएपछि इजरायल हमास समाप्त पार्न युद्धमा होमिएको छ ।

गाजा क्षेत्रभित्रका अधिकांश बासिन्दाको घरमुनि बङ्कर बनाएर बसेका हमासका लडाकुलाई समाप्त पार्न अत्यन्तै कठिन छ । हमासका लडाकुलाई मार्न खोज्दा गाजा क्षेत्रका निहत्था तथा निर्दोष मानिससमेत मरिरहेका छन् । इजरायली सैन्य कारबाहीमा २१ हजारभन्दा बढी मानिस मारिएको दाबी गरिएको छ । मारिनेमध्येमा आठ हजारभन्दा बढी बालबालिका छन् । २० लाखभन्दा बढी प्यालेस्टिनी विस्थापित भएका छन् । युद्धले गाजा क्षेत्र ध्वस्त भएको छ ।

इजरायल सरकारले हमासलाई समाप्त पार्ने भन्दै खाद्यान्न आपूर्ति बन्द गर्दै गाजा क्षेत्रमा भीषण कारबाही जारी राख्दा त्यहाँ चरम मानवीय सङ्कट देखा परेको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार गाजामा अहिले दस जनामध्ये नौ जनाले दुई छाक खान पाएका छैनन् अर्थात् लाखौँ गाजावासी चरम खाद्यान्न सङ्कटमा छन्। बालबालिकाले पेटभरी खान पाएका छैनन्। उनीहरू विद्यालय जानबाटसमेत वञ्चित भएका छन्।

यतिखेर गाजा क्षेत्र नर्कतुल्य बनेको छ। त्यहाँ चरम आतङ्कपूर्ण अवस्था छ। आमनागरिक मृत्यु कुरेर बसिरहेका छन्। कति बेला को कहाँ मारिने हुन् भन्ने चिन्ता र त्रास छ। संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले इजरायल र हमास दुवैले युद्ध अपराध गरेको बताएका छन् तर उनीहरूलाई कारबाहीको दायरामा कसले ल्याउने ? अमेरिका खुलेरै इजरायलको रक्षाकवच बनेको छ। इजरायललाई आत्मरक्षाको अधिकार भन्दै अमेरिकाले राष्ट्रसङ्घमा इजरायली कारबाहीविरुद्ध ल्याइएको प्रस्तावमाथि भिटो प्रयोग गरेर विफल तुल्याइदिएको छ। अमेरिकाको आडमा इजरायल थप आक्रामक बनी हमास समाप्त पार्ने भन्दै क्रुर कारबाही गरिरहेको छ।

इजरायलले आक्रमणकारी हमास लडाकुविरुद्ध मात्र प्रत्याक्रमण केन्द्रित गर्न नसक्दा गैरसैनिक हताहती अत्यधिक बढेको हो। यो



हमासको पक्षमा ठूलो क्षति नभएको र सर्वसाधारण नै धेरै मारिएकाले हमास नेतृत्व तत्काल युद्धबाट पछि हट्ने वा आत्मसमर्पण गर्ने पक्षमा देखिएको छैन। जसले गर्दा गाजा क्षेत्रलगायत सम्पूर्ण प्यालेस्टिनी भूमिमा अझ ठूलो रक्तपात हुने खतरा बढेको छ।



कुरा स्वयं इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले पनि स्वीकारेका छन्। सबै क्षेत्रबाट गैरसैनिक हतहती बढेको भन्दै चिन्ता र चासो व्यक्त गरिए पनि इजरालले हमास समाप्त नपारेसम्म कारबाही नरोकिने बताएको छ। हमासको पक्षमा ठूलो क्षति नभएको र सर्वसाधारण नै धेरै मारिएकाले हमास नेतृत्व तत्काल युद्धबाट पछि हट्ने वा आत्मसमर्पण गर्ने पक्षमा देखिएको छैन। जसले गर्दा गाजा क्षेत्रलगायत सम्पूर्ण प्यालेस्टिनी भूमिमा अझ ठूलो रक्तपात हुने खतरा बढेको छ।

यस्तो खतरा देखेर नै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इजरायल र अमेरिका विरोधमा हुँदाहुँदै पनि गाजा क्षेत्रमा मानवीय उद्धारका लागि बडापत्रको धारा ९९ लागू गरे। इजरायल भने महासचिव गुटेर्रेसको यो कदमप्रति

रुष्ट बन्यो। उसले यो कदम स्वीकार नगर्ने भन्दै महासचिवको राजीनामा माग गऱ्यो। बडापत्रको धारा ९९ लागू गरेपछि बसेको राष्ट्रसङ्घको बैठकले युद्ध रोक्ने पक्षमा मतदान गऱ्यो तर युद्ध रोकिएन।

तत्कालीन प्यालेस्टिनी नेता यासेर अराफातलाई कमजोर बनाउन अमेरिकाकै डिजाइनमा हमास समूह गठन भएको मानिन्छ तर अहिले यो समूह नै टाउको दुःखाइ बनेको छ। हमासलाई इजरायल, अमेरिका र युरोपेली सङ्घले आतङ्कवादी समूह भन्छन्। सन् २००६ मा फताहलाई हराएर गाजा क्षेत्रमा हमासले प्रशासन चलाउँदै आएको छ।

इजरायल र प्यालेस्टाइन विवाद आजको होइन, धेरै वर्षदेखिको हो। सन् १९४८ को मे १४ मा इजरायल

सन् १९८७ मा प्यालेस्टिनीहरूले ठूलो विद्रोह गरे। इजरायलका प्रधानमन्त्री यित्ज्याक रविन र प्यालेस्टिनी नेता यासेर अराफातबीच सन् १९९३ मा ओस्लो सम्झौता भयो। यो सम्झौता अनुसार पश्चिमी किनारा र गाजा क्षेत्रमा प्यालेस्टिनीको स्वशासन कायम हुने सहमति भयो। यसमा फताह समूह सहमत भएन र उसले विद्रोह गऱ्यो।

सन् २००६ को चुनावमा गाजा क्षेत्रमा फताह हाऱ्यो र हमासले जित्यो। गाजा क्षेत्रबाट इजरायलले सेना फिर्ता गऱ्यो। सेना फिर्ता गरेपछि पनि परिस्थिति सहज भएन। इजरायल र हमासबीच सम्बन्ध राम्रो भएन। इजरायल र हमासबीच पटक पटक युद्ध भयो। युद्धमा पराजित भए पनि हमासले बेला बेलामा इजरायलमाथि आक्रमण गरी



इजरायल र प्यालेस्टिनी हमासबीच यस पटक इतिहासमै नभएको क्रुर र अमानवीय युद्ध भएको छ।

स्थापना भयो। यो कदमलाई प्यालेस्टाइन र अरबले स्वीकार गरेनन्। फलस्वरूप सन् १९४९ मा अरब र इजरायलबीच युद्ध भयो। युद्ध इजरायलले जित्यो। सात लाख पचास हजार प्यालेस्टिनी विस्थापित भए। सन् १९५६ मा अरब र इजरायलबीच दोस्रो युद्ध भयो। यो युद्धमा इजरायलले इजिप्टको सिनाई प्रान्त कब्जा गऱ्यो।

सन् १९६७ मा इजरायलमाथि इजिप्ट, जोर्डन र सिरियाले आक्रमण गरे। छ दिन युद्ध भयो। इजरायलले सिरियाको गोलान हाइट नियन्त्रणमा लियो। सन् १९७९ मा क्याम्प डेभिड सम्झौता भयो तर कार्यान्वयन भएन।

इजरायली सुरक्षामाथि चुनौती दिन छाडेन।

गत अक्टोबर ७ मा इजरायलको इतिहासमै नभएको ठूलो आतङ्कवादी आक्रमण भयो। हमासका लडाकुले गाजा क्षेत्रबाट पाँच हजारभन्दा बढी रकेट प्रहार गर्दै इजरायलको सुरक्षा घेरा नाघेर प्यारासुटमार्फत इजरायल प्रवेश गरी अन्धाधुन्ध आक्रमण गरे। इजरायली सुरक्षा व्यवस्थालाई अस्तव्यस्त बनाई हमासका लडाकुले करिब १२ सय जनाको हत्या गर्नुका साथै २४० जनालाई बन्धक बनायो। त्यसपछि आक्रोशित इजरायल सरकारले गाजा क्षेत्रमा खाद्यान्न, औषधि, पानी, विद्युत् बन्द गर्दै प्रत्याक्रमण सुरु गऱ्यो।



अधिकारकै विषयमा विगत सय वर्षदेखि दुवै पक्षबीच द्वन्द्व जारी छ । द्वन्द्व समाधान गर्न अहिलेसम्म भएका प्रयास सार्थक हुन सकेका छैनन् ।



इजरायल र प्यालेस्टिनी हमासबीच यस पटक इतिहासमै नभएको क्रुर र अमानवीय युद्ध भएको छ। दुवै पक्षले युद्धको नियम र सीमा पालना गरेनन्। युद्धमा निहत्था महिला, बालबालिका, वृद्धवृद्धा, बिरामी, चिकित्सक, पत्रकार, विदेशी नागरिकको बीभत्स हत्या भएको छ।

युद्धरत दुवै पक्षबीच युद्धविराम गराउन पटक पटक प्रयास भएको छ । पछिल्लो पटक कतारको मध्यस्थतामा सात दिनका लागि युद्धविराम भयो र इजरायल र हमास दुवैले केही बन्धक मुक्त गरे तर युद्धविरामले निरन्तरता पाएन। फेरि युद्ध चर्कियो।

झुक्याएर आक्रमण गरी इजरायलभित्र क्षति पुऱ्याए पनि शक्तिशाली इजरायलसँग कमजोर हमासले युद्ध जित्न सक्दैन। तैपनि इरान, सिरिया, लेवनानलगायतबाट सहयोग जुटाएर हमासले इजरायलविरुद्ध बेला बेलामा आक्रमण गरी इजरायली सुरक्षामाथि चुनौती दिँदै आएको छ।

सन् १९४८ मा इजरायल स्थापना हुनुअघि यहुदीहरू राज्यविहीन थिए भने त्यसयता आफ्नै भूमिमा प्यालेस्टिनीहरू राज्यविहीन बनेका छन्। राज्यविहीन हुँदाको पीडा भोगिसकेका यहुदीले अहिले प्यालेस्टिनीहरूलाई

फेला पऱ्यो ५३ सय वर्ष पुरानो धानको बिरुवा



पुरातत्त्वविद्ले चीनमा ५३ सय वर्ष पुरानो धानको बिरुवा पत्ता लगाएका छन्। यो बिरुवा जुन ठाउँमा भेटिएको छ त्यो हेमुडु संस्कृतिसँग सम्बन्धित छ।

हेमुडु संस्कृति निङ्ग्बोको हेमुडु सहरमा विकसित भएको हो। यो एउटा प्राचीन सभ्यता थियो जुन धानखेतीको प्रगति तथा अद्वितीय रूपमा अग्ला भवनका लागि प्रसिद्ध थियो। यो संस्कृति याङ्ग्जे नदीको तल्लो क्षेत्रमा फक्रिएको थियो।

यो ठाउँमा एउटा उन्नत प्राचीन सिँचाइ प्रणाली तथा तल्लो याङ्ग्जी नदी क्षेत्रका मानिसको सम्बन्धको सबुत पनि फेला परेको छ।

यसलाई चिनियाँ इतिहासको सबैभन्दा ठूलो अन्वेषण मानिएको छ । निङ्ग्बो महानगरीय अनुसन्धान एकेडेमी अफ कल्चरल हेरिटेज म्यानेजमेन्टको रिपोर्ट अनुसार धान रोपिएको यो पूरै इलाका करिब एक हजार

राज्यविहीन नबनाउनुपर्ने हो। गाजा क्षेत्र, पूर्वी जेरुसेलम र पश्चिमी किनारालगायतको प्यालेस्टिनी भूमि इजरायल अधीनस्थ छ। अधिकारकै विषयमा विगत सय वर्षदेखि दुवै पक्षबीच द्वन्द्व जारी छ। द्वन्द्व समाधान गर्न अहिलेसम्म भएका प्रयास सार्थक हुन सकेका छैनन्।

अमेरिका र बेलायतको सहयोगमा इजरायल मध्यपूर्वकै शक्तिशाली राष्ट्र बनेको हो तर प्यालेस्टिनीहरूसँगको अन्त्यहीन विवादले इजरायल सुरक्षित छैन। हरेक पटक युद्ध जिते पनि इजरायल सुरक्षित हुन सकेन। मध्यपूर्वका अधिकांश मुस्लिम देश इजरायलको विरोधमा छन्। प्यालेस्टिनीमाथि बारम्बार भइरहेको इजरायली दमनप्रति उनीहरू रुष्ट छन्।

इजरायलमा सबैभन्दा लामो समय शासन गर्दै अहिले छैटौँ पटक प्रधानमन्त्री बनेका ७४ वर्षीय बेन्यामिन नेतान्याहु दमन गरेरै प्यालेस्टिनीलाई तह लगाउने पक्षमा छन्। नेतान्याहुको यसअघिको १२ वर्षे शासनकालमा दुई पटक भीषण युद्ध भयो। सन् २०१२ को अन्त्य र सन् २०१३ को सुरुमा भएको इजरायल र प्यालेस्टाइनबीचको युद्धले चर्को रूप लिएको थियो। यस युद्धमा प्यालेस्टाइन पक्षमा ठूलो क्षति भयो। त्यसै गरी गत सन् २०२१ को मेमा भएको ११ दिने युद्धले पनि नराम्रो रूप लियो। यस ११ दिने युद्धमा १२ इजरायली र दुई सय ३० प्यालेस्टिनीको मृत्यु भएको थियो।

सन् २०१२ को नोभेम्बरमा इजरायल र प्यालेस्टाइनबीच आठदिने भीषण युद्ध भयो। इजरायली सेनाले गरेको हवाई कारबाहीमा प्यालेस्टिनी हमासका सैन्य प्रमुख अहमद जावरी मारिएपछि सुरु भएको युद्धमा एक सय ६५ प्यालेस्टिनीको ज्यान गयो भने एक हजारभन्दा बढी घाइते भए। इजरायली सेनाको भीषण बमवर्षा र क्षेप्यास्त्र आक्रमणबाट गाजा क्षेत्रस्थित हमासको प्रशासनिक मुख्यालयदेखि थुप्रै भौतिक संरचना क्षतिग्रस्त भएका थिए।



वर्गमिटर क्षेत्रफलमा फैलिएको छ। यो खोज नवपाषाण युगको हेमुडु संस्कृति क्षेत्रको केन्द्रमा गरिएको छ, जुन प्राचीनकालमा मानवीय गतिविधिको एउटा ठूलो स्थल थियो।

उत्खननका क्रममा पुरातत्त्वविद्‌हरूले तीन वटा ढिस्का, नौ वटा खाडलका साथै धान र झारका अवशेष फेला पारे। उनीहरूले एक सिँचाइ तथा जल निकासी प्रणालीका साथै एउटा मार्ग पनि फेला पारेका छन्, जुन धानखेतलाई छिमेकी घरसँग जोड्‌दथ्यो। वैज्ञानिकहरू त्यस ठाउँमा फेला परेको सिँचाइको व्यवस्था देखेर अचम्मित भएका छन्।

अन्तरिक्षमा कछुवा, मुसा र कीरा



इरानले कछुवा, मुसा र कीरा राखेर अन्तरिक्ष यान अन्तरिक्षमा पठाएको छ। भविष्यमा अन्तरिक्षमा मानिस पठाउने तयारीस्वरूप उसले यी जीव राखेर अन्तरिक्षयान प्रक्षेपण गरेको हो। यो यानको नाम सलमान राखिएको छ। सलमान पृथ्वीबाट एक सय ३० किलोमिटरको उचाइमा रहेको कक्षसम्म गएको छ।

सलमानमा पाँच सय केजीको क्याप्सुल थियो। रकेट र क्याप्सुल दुवै इरानमै बनेका हुन्। सोही क्याप्सुलमा ती जीव राखेर अन्तरिक्षमा पठाइएको थियो। ■

महिलाको खेलाडी

रुविना क्षेत्री बेल्बासे (महिला क्रिकेटर)

नेपाली महिला क्रिकेटमा प्रमुख योगदान दिने खेलाडीहरुको नाम लिँदा अगाडि आउने नाम हो रुविना क्षेत्री बेल्बासे । रुविनाले १४ वर्षदेखि निरन्तर राष्ट्रिय महिला क्रिकेट टिमको सेवा गरिरहेकी छन् । ११ वर्ष त राष्ट्रिय टिमको नेतृत्व नै गरिन् । रुविनाले उमेर समूहमा पनि नेपालको नेतृत्व गरेकी छन् । यसै वर्ष उनलाई महिला क्रिकेट टिमको नेतृत्वमा इन्दु वर्माले स्थानापन्न गरिन् ।

तर अहिले पनि नेपाली महिला क्रिकेट टिमकी प्रमुख खेलाडी हुन् रुविना । पुस महिनामा सम्पन्न प्रधानमन्त्री कप राष्ट्रिय महिला टी–२० क्रिकेटमा अविस्मरणीय प्रदर्शन गरेर रुविनाले आफ्नो स्तर अझ पनि धेरै माथि छ भन्ने प्रमाणित गरिन् । अलराउन्डर रुविना सो प्रतियोगिताकै सर्वश्रेष्ठ खेलाडी बनेकी थिइन् । प्रतियोगितामा तीन अर्धशतकसहित तीन सय ४५ रन बनाउनुका साथै ११ विकेट लिएपछि सर्वश्रेष्ठ खेलाडीको होडमा रुविनालाई पछाडि पार्ने कोही भएन ।

रुविनाले सानै उमेरमा क्रिकेट खेल्न सुरु गरेकी हुन् । झापाको काँकडभिट्टामा उनका बुवा र दाइले क्रिकेट खेल्थे । यसैबाट रुविनालाई क्रिकेटमा रुचि जाग्यो । क्रिकेटप्रति रुचि देखेर रुविनाकी आमाले नै उनलाई क्रिकेट एकेडेमीमा भर्ना गरिदिएकी थिइन् । अहिले उनको क्रिकेट जीवन नेपाली क्रिकेटमा मात्र सीमित छैन । सीता रानामगरसँगै रुविना विदेशमा व्यावसायिक क्रिकेट लिग खेल्ने गर्छिन् । साथै यी दुवैले अन्तर्राष्ट्रिय क्रिकेट परिषद्बाट मान्यता प्राप्त महिला टी–२० क्रिकेट फेयर ब्रेक इन्भिटेसनल लगातार खेलिरहेका छन् । रुविना क्रिकेट खेल्न अस्ट्रेलिया पनि पुगेकी छन् ।

नेपाली क्रिकेटमा रुविनाको नाममा अद्भुत कीर्तिमान पनि छ । अन्तर्राष्ट्रिय पदार्पण खेलमै ह्याट्रिकसहित पाँच विकेट लिने दुर्लभ कीर्तिमान उनको नाममा छ । सन् २००९ मा एसिसी महिला टी–२० च्याम्पियनसिपमा खेलेर रुविनाले १६ वर्षकै उमेरमा अन्तर्राष्ट्रिय क्रिकेटमा प्रवेश गरेकी हुन् ।

रुविनाको पहिलो अन्तर्राष्ट्रिय खेल सिङ्गापुरविरुद्ध थियो । सो खेलको अन्तिम ओभरसम्म नेपालको प्रदर्शन राम्रो थिएन । टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा नौ विकेट गुमाएर मात्र ७९ रन बनाएको थियो । सिङ्गापुरले सहजै लक्ष्य पछ्याइरहेको देखिन्थ्यो । सिङ्गापुरलाई अन्तिम ओभरमा पाँच विकेट बाँकी रहेको स्थितिमा मात्र दुई रन आवश्यक थियो । तत्कालीन कप्तान नेरी थापाले खै कुन्नी के सोचेर हो पहिलो पटक खेल्दै गरेकी रुविनाको हातमा बल थमाइन् । रुविनाले सो ओभरमा ह्याट्रिकसहित लगातार पाँच विकेट लिएर नेपाललाई अविस्मरणीय जित दिलाइन् । नेपाली क्रिकेटको इतिहासमै उनी अन्तर्राष्ट्रिय खेलमा ह्याट्रिक लिने पहिलो खेलाडी बनिन् ।

त्यही एक ओभरले रुविनाको खेल जीवन बदलियो । त्यसपछि रुविनाको



खेल जीवन अगाडि मात्र बढेको देखिन्छ। रुविनाले देशका लागि ५० अन्तर्राष्ट्रिय टी–२० खेल खेलिसकेकी छन्। जसमा एक अर्धशतकसहित पाँच सय ८६ रन उनको ब्याट्‌बाट बनेको छ र ३४ विकेट उनको खातामा जोडिएको छ।

रुविनालाई विद्रोही कप्तानका रूपमा पनि चिनिन्छ। नेपालमा अहिले पनि महिला क्रिकेटलाई गम्भीर रूपमा लिइँदैन। वर्षको एक/दुई राष्ट्रिय क्रिकेट प्रतियोगिता हुन्छ भने अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि निकै कम सहभागिता छ। नेपाली महिला क्रिकेटको नेतृत्व लिएर रुविनाले खेलको विकासका लागि सधैँ आवाज उठाइन्। आफ्नै अगाडि महिला क्रिकेटरहरू पलायन भइरहेको देखेर नेपाल क्रिकेट सङ्घ (क्यान) कै विरोधमा रुविना धेरै पटक बोलिन्। त्यसैले उनीमाथि अनुशासनहीनको आरोप पनि लाग्यो तर अहिले रुविनाको प्रयास सार्थक भएको छ। पुस महिनामा क्यानले सार्वजनिक गरेको वार्षिक क्यालेन्डरमा महिला क्रिकेटलाई पनि प्राथमिकता दिइएको छ।

३० वर्षीय रुविनाको कप्तानीमा नेपालले एसिया कप क्रिकेट, एकदिवसीय र टी–२० संरचनाको विश्वकप छनोट खेलेको थियो तर नेपाल विश्वकपमा भने पुग्न सकेन। त्यसैले उनलाई यसले निकै पीडा दिएको छ। उनको अझै एउटा लक्ष्य छ, नेपाली महिला क्रिकेट टिमलाई विश्वकप क्रिकेटमा चयन गराउने। ▪

–प्रजित शाक्य

नेपाल कठिन समूहमा



■ सोमराज पोखरेल

आगामी वर्ष जेठ १९ देखि असार १५ गतेसम्म अमेरिका र वेस्टइन्डिजको संयुक्त आयोजनामा हुने टी–२० विश्वकप क्रिकेटको खेल तालिका सार्वजनिक भएको छ। उक्त तालिका अनुसार दोस्रो पटक विश्वकप खेल्दै गरेको नेपाल कठिन समूह 'डी' मा परेको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसिसीले सार्वजनिक गरेको तालिका अनुसार नेपालको समूहमा टेस्ट मान्यताप्राप्त तीन टिमसमेत रहेका छन्। नेपालले आफ्नो समूहमा दक्षिण अफ्रिका, श्रीलङ्का र बङ्गलादेश जस्ता टेस्ट खेल्ने टिमसँग प्रतिस्पर्धा गर्ने छ। त्यस्तै पाँच टोली रहेको समूह 'डी' मा नेदरल्यान्ड्स पनि रहेको छ।

पहिलो पटक दक्षिण अफ्रिका र श्रीलङ्काविरुद्ध टी–२० अन्तर्राष्ट्रिय खेल खेल्ने छ। बङ्गलादेश र नेदरल्यान्ड्ससँग भने यसअघि नै खेलिसकेको छ। नेपाल कठिन समूहमा रहेको भए पनि एसिया कपमा लिएको अनुभवले नेपाललाई सजिलो हुन सक्छ।

गत कात्तिकमा काठमाडौँमा सम्पन्न एसिया क्षेत्रको विश्वकप छनोटको फाइनलमा पुगेपछि दोस्रो पटक विश्वकपमा नेपालको स्थान सुरक्षित भएको थियो। यसअघि नेपालले सन् २०१४ मा बङ्गलादेशमा भएको विश्वकपमा खेलिसकेको छ। सो विश्वकपमा नेपालले अफगानिस्तान र हङकङलाई पराजित गरेको थियो।

पहिलो पटक टी–२० विश्वकपमा २० टोलीले प्रतिस्पर्धा गर्दै छन्। पूर्वविजेताहरू एवं चिरपरिचित प्रतिस्पर्धी भारत र पाकिस्तान एउटै समूहमा परेका छन्। समूह 'ए' मा भारत र पाकिस्तानसँगै आयरल्यान्ड, क्यानडा र अमेरिकाले प्रतिस्पर्धा गर्ने छन्।

समूह 'बी' मा अस्ट्रेलिया, इङ्ग्ल्यान्ड, स्कटल्यान्ड, ओमान र नामिबिया छन् भने समूह 'सी' मा वेस्टइन्डिज, न्युजिल्यान्ड, अफगानिस्तान, पपुवा न्युगिनी र युगान्डा रहेका छन्। हरेक समूहका शीर्ष दुई टोलीलाई सुपर आठको टिकट दिइने छ।

पहिलो पटक टी–२० विश्वकपमा २० टोलीबीच प्रतिस्पर्धा हुनेछ। पूर्वविजेताहरू एवं चिरपरिचित प्रतिस्पर्धी भारत र पाकिस्तान एउटै समूहमा परेका छन्।



उपाधि ललितपुरलाई

नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगिताको दोस्रो संस्करणको उपाधि ललितपुर सिटी एफसीले जितेको छ। पुस १४ गते भएको रोमाञ्चक फाइनल खेलमा ललितपुरले धनगढी एफसीलाई ३–२ ले पराजित गरेको थियो।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा ललितपुर सुरुमा १–० ले पछाडि परेको थियो तर उसले पछि नतिजा उल्ट्यायो।



धनगढी लगातार दोस्रो पटक उपविजेतामा सीमित भयो। पहिलो संस्करणको फाइनलमा काठमाडौँ रेजर्सले धनगढीलाई पराजित गरेको थियो। लिग चरणका आठ खेलमध्ये तीनमा जित, चारमा बराबरी र एक खेलमा हार बेहोरेर १३ अङ्कसहित दोस्रो स्थानमा रहँदै प्लेअफमा पुगेको धनगढी पहिलो क्वालिफायरमा पोखरा थन्डर्सलाई पराजित गर्दै फाइनलमा पुगेको थियो।

त्यस्तै लिग चरणका आठ खेलमध्ये दुईमा जित, चारमा

बराबरी र दुई खेलमा हार बेहोरेको ललितपुर सिटीले इलिमिनेटरमा काठमाडौँलाई र दोस्रो क्वालिफायरमा पोखरा थन्डर्सलाई पराजित गरी फाइनलमा स्थान बनाएको थियो ।


च्याम्पियन टोली ललितपुरका कप्तान अनन्त तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित भए । ललितपुरकै जेफ बाल्टुसलाई एनएसएलको उत्कृष्ट गोलरक्षक घोषित गरियो । त्यस्तै प्रतियोगितामा छ गोल गरेर इमोह एजेकेल सर्वाधिक गोलकर्ता घोषित भए । धनगढीका रोहन कार्कीलाई उदीयमान खेलाडी घोषित गरियो ।

एपिएफले जित्यो प्रधानमन्त्री कप

प्रधानमन्त्री कप महिला टी–२० क्रिकेट प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको एपिएफ टिमले जितेको छ । पुस १८ गते भएको फाइनल खेलमा एपिएफले कोशी प्रदेशलाई ११ रनले पराजित गरेको थियो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको फाइनल खेलमा पहिले ब्याटिङ गर्दै एपिएफले सात विकेटको क्षतिमा ११४ रन बनायो । जवाफमा कोशीले निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा १०३ रन मात्र बनाउन सक्यो ।

कप्तान रुविना क्षेत्रीले ५८ बलमा ६२ रन जोडे पनि आफ्नो टिमलाई जिताउन सकिनन् । प्रतियोगितामा अपराजित रहँदै एपिएफ उपाधि जित्न सफल भएको हो । लिग चरणमा सबै खेल जितेको एपिएफले पहिलो क्वालिफायरमा कोशीलाई नै हराएको थियो ।





ज्योतिको सन्न्यास

नेपाली राष्ट्रिय टोलीकी ओपनिङ ब्याटर ज्योति पाण्डेले प्रधानमन्त्री कप महिला टी–२० क्रिकेट प्रतियोगिता सम्पन्नसँगै सन्न्यास लिएकी छन् । उनको इच्छा नेपालका लागि खेलेर सन्न्यास लिने थियो तर त्यो तत्काल सम्भव नभएपछि उनले १२ वर्ष खेलेको क्लब एपिएफलाई उपाधि दिलाएर सन्न्यास लिइन् ।

उनले सन् २०१६ मा हङकङविरुद्धको खेलबाट नेपाली राष्ट्रिय टोलीमा पदार्पण गरेकी थिइन् । ज्योतिले नेपालका लागि १७ टी–२० मा दुई सय १० रन बनाएकी छन् । आफ्ना पिता तथा प्रशिक्षक प्रदीपराज पाण्डेकै कारण उनी क्रिकेटमा लागेकी थिइन् ।



इङ्ग्लिस प्रिमियर लिगको क्लब म्यानचेस्टर सिटीले आफ्नो पहिलो सहभागितामै फिफा क्लब विश्वकप फुटबलको २० औँ संस्करणको उपाधि जितेको छ ।

म्यानचेस्टर सिटीलाई उपाधि

इङ्ग्लिस प्रिमियर लिगको क्लब म्यानचेस्टर सिटीले आफ्नो पहिलो सहभागितामै फिफा क्लब विश्वकप फुटबलको २० औँ संस्करणको उपाधि जितेको छ। साउदी अरबमा भएको प्रतियोगिताको फाइनल खेलमा ब्राजिलको क्लब फ्लुमिनेन्सेलाई उसले ४–० गोल अन्तरले पराजित गरेको थियो ।

फ्लुमिनेन्सेले पनि पहिलो पटक यो प्रतियोगिता खेलेको हो । सिटीलाई जिताउन जुलियन अल्भारेजले दुई र फिल फोडेनले एक गोल गरेका थिए। एक गोल फ्लुमिनेन्सेका निनोले नै आफ्नो गोलपोस्टमा छिराएर सिटीको खातामा जोडे ।

विश्वकपमा इजिप्टको क्लब अल आही स्पोर्टिङ क्लब तेस्रो तथा जापानी क्लब उरावा रेड डायमन्ड्स चौथो भयो ।

फिफा क्लब विश्वकपमा सात कन्फेडेरेसनका विजेता क्लबले खेल्ने गर्छन्। अहिलेसम्म क्लब विश्वकप स्पेनी क्लब रियल म्याड्रिडले सबैभन्दा बढी पाँच पटक जितेको छ भने अर्को स्पेनी क्लब बार्सिलोनाले तीन पटक उपाधि उचालेको छ ।

यसपालिको क्लब विश्वकपमा इजिप्टको क्लब अल आही स्पोर्टिङ क्लब तेस्रो तथा जापानी क्लब उरावा रेड डायमन्ड्स चौथो भयो। साउदी क्लब अल इत्तेहादले फेयर प्लेको उपाधि जित्यो। सिटीका रोड्री सर्वोत्कृष्ट खेलाडी घोषित भए। फ्लुमिनेन्सेका गोलरक्षक फाबिओ सबैभन्दा बढी उमेरका फाइनल खेल्ने खेलाडी बने। उनले ४३ वर्षको उमेरमा फाइनल खेलेका हुन्। ■

स्वास्थ्यमा ब्रोकाउलीको उपयोगिता धेरै पक्षबाट प्रमाणित भएको छ ।

क्यान्सरबाट बच्न ब्रोकाउली खानुपर्ने सुझाव कैयौँ अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको छ । ब्रोकाउलीमा पाइने सल्फोराफेन नामक रसायनले मुटुको सुरक्षामा पनि योगदान गर्ने देखिएको छ ।



उपयोगी ब्रोकाउली

सल्फोराफेनले वास्तवमा मुटुलाई सुरक्षा दिने विशेष प्रोटिनलाई सक्रिय पार्ने भनाइ अनुसन्धानकर्ताहरूको छ । हामीलाई थाहा छ तरकारी स्वास्थ्यका लागि राम्रा हुन्छन् तर यी किन स्वास्थ्यवर्धक छन् भनी रहस्य धेरै वर्षसम्म अज्ञात नै रह्यो ।

ब्रोकाउलीका अतिरिक्त मुला, सलगम, तोरी आदिमा पनि सल्फोराफेन पाइन्छ । सल्फोराफेनले ‘एनआरएफ२’ नामक प्रोटिनको सक्रियता बढाउँछ । रक्तसञ्चार प्रणालीमा फोहोर जमेको ठाउँमा यो प्रोटिन निष्क्रिय हुने देखिएको छ । त्यसरी रक्तसञ्चारमा अवरोध आइरहेको क्षेत्र तथा रक्तनली मोडिएको र हाँगा फैलिएको स्थानमा रक्तप्रवाह सुस्त हुन्छ । ▪


-युवामञ्च

मोटोपना भएको कसरी थाहा पाउने ?

बडिमास इन्डेक्स (बिएमआई)द्वारा मानिस मोटो, दुब्लो वा ठिक्कको निर्क्योल गरिन्छ । कुनै मानिसको तौल (किलोग्राममा) लाई उसको उचाइ (मिटरमा)को वर्गले भाग गरी बिएमआई निकालिन्छ । यसको सूत्र हो- kg/m2 ।

बिएमआई २५ भन्दा बढी भएमा मोटो भएको मानिन्छ । बिएमआई ३० भन्दा बढी भएमा अति मोटो अर्थात् ‘ओबेज’ भनिन्छ ।

अफ्रिका र एसियामा बयस्क व्यक्तिको औसत बिएमआई २२-२३ पाइएको छ भने उत्तरी अमेरिकामा २५-२७



खानाबाट पनि लाग्छ रोग



क्याम्पाइलोब्याक्टरले बर्सेनि करोडौँ मान्छेलाई सङ्क्रमित पार्छ। गुलियनबारे सिन्ड्रोमसँग यसको सम्बन्ध हुन्छ। यस सिन्ड्रोमले न्युरोमस्क्युलर पारालाइसिस गराउँछ। यसले गर्दा कोही व्यक्ति सधैँका लागि थला पर्छन्।

ई. कोली '०१५७:एच७' ले खाना सङ्क्रमित भएर विशेष गरी बालबालिका बढी प्रभावित हुने गरेका छन्। यसले हेमोलेटिक युरेमिक सिन्ड्रम उत्पन्न गर्न सक्छ। यस सिन्ड्रमले मिर्गौला असफल पार्दछ। साथै मिर्गौलासम्बन्धी कहिल्यै निको नहुने समस्या, स्नायुको जटिलता र अन्य विकार बच्चामा देखिने सम्भावना रहन्छ।



लिस्टेरिया मोनोसाइटोजिन्सले लाखौँ मान्छे मार्ने गरेको छ। यसले मस्तिष्क र स्पाइनल कर्डलाई सङ्क्रमित गरेर दीर्घकालीन स्नायु विकार गर्नुका साथै आँखा नदेख्ने, कान नसुन्ने, बोल्न नसक्ने वा निल्न नसक्ने अवस्था उत्पन्न गर्न सक्छ। अधिकतर चार वर्षमुनिका बच्चा यसबाट बढी प्रभावित हुन्छन्। गर्भवती महिलालाई लिस्टेरियाले सङ्क्रमित पारेमा गर्भपतन हुने सम्भावना रहन्छ।


बिएमआई छ। युरोप, ल्याटिन अमेरिका, उत्तरी अफ्रिका र प्रशान्त महासागरीय देशहरूमा पनि उत्तरी अमेरिका सरहको बिएमआई देखिएको छ।

सामान्तया बयस्क र पाका मानिसको बिएमआई बढेको हुन्छ। १८.५ भन्दा कम बिएमआई भएको व्यक्ति कम तौल भएको वर्गमा पर्दछ।

विकसित देशमा बिएमआई बढ्दो छ र केही अध्ययनले जनाए अनुसार बाल्यकालमा कुपोषित रहेको तर बयस्क अवस्थामा मोटोपना भएको व्यक्तिमा उच्च रक्तचाप, मुटुको रोग र मधुमेह हुने खतरा हुन्छ। ■

-युवामञ्च

सालमोनेला र खानाबाट सर्ने रोगले केही मानिसमा रिएक्टिव अर्थराइटिसको सुरुवात गराउन सक्छ। रिएक्टिव अर्थराइटिस भएमा जोर्नी सुन्निने र दुख्ने गर्छ। यस अतिरिक्त सालमोनेलाले थुप्रै अन्य समस्या पनि ल्याउँछ। सालमोनेलाबाट बालबालिका बढी प्रभावित हुने गर्छन्।




टक्सोप्लाज्मा गोन्डाईले समेत ज्यान लिने गर्छ। यसको प्रभावबाट दृष्टि समस्याका साथै मस्तिष्क विकार सिर्जना हुन सक्छ। भ्रूण अवस्थामा वा शिशु अवस्थामा यसबाट सङ्क्रमित भएमा १७ वर्षको हुञ्जेलसम्म ८० प्रतिशतमा कमजोरी देखिन थाल्छ। ■

-युवामञ्च

के हो प्रतिध्वनि ?

ध्वनि परावर्तित भएर आउनुलाई प्रतिध्वनि वा अङ्ग्रेजीमा इको भनिन्छ। सोझै ध्वनि सुनेको एकछिनपछि व्यक्तिले त्यसैको इको सुन्छ। अर्थात् इको सुन्नमा केही समय लाग्छ। ध्वनिको गतिले अन्य वस्तुमा ठोक्किएर परावर्तित भई आउन समय लाग्ने भएकाले इको ढिलो सुनिन्छ।



किंवदन्ती अनुसार ग्रीसकी एक परीको नामबाट इको शब्द उद्भव भएको हो। ग्रीसमा उनलाई पहाडकी परी मानिएको छ। ती परी आफ्नो आवाज साह्रै मन पराउँथिन् र उनी अनावश्यक रूपमा ईश्वरकी रानी हीरासँग कुरा गरिरहन्थिन्।

त्यसैले रानी हीरा आफ्नो पति जिससस‌ँग धेरै समय बिताउन पाउँदैनथिन्। एक दिन हीराले इकोको चालबाजी बुझिछन्। त्यसपछि हीराले इकोलाई श्राप दिँदै अबदेखि अरूले भनेको मात्र भन्न सक्नु भनिछन्। तबदेखि इकोले अरू मान्छेले भनेको कुरा मात्र भन्न थालेकाले ध्वनि परावर्तित हुनुलाई इको नै भन्ने गरिएको छ।

कुनै पनि वस्तुमा ठोक्किएर फर्किंदा ध्वनि तरङ्गहरू एकनासले यात्रा गर्दैनन्। त्यसैले इको राम्रोसँग सुनिँदैन र इको सुन्नमा केही समय लाग्छ। ■

-युवामञ्च

घातक हुन्छ मस्तिष्कको क्यान्सर




प्रा.डा. सुमनराज ताम्राकार

मानव शरीरको कुनै पनि भागमा अनियन्त्रित रूपमा कोषको वृद्धि हुनुलाई चिकित्सा भाषामा ट्युमर भनिन्छ। त्यसो भएर मस्तिष्कमा अनियन्त्रित रूपमा कोषिकाहरूको वृद्धि हुनुलाई ब्रेन ट्युमर भनिन्छ भने 'मेलिग्नेन्ट' खालको मस्तिष्कको ट्युमरचाहिँ मस्तिष्क क्यान्सर हो। कम हानिकारक ट्युमरलाई 'बिनाइन' र घातक खालको ट्युमरलाई 'मेलिग्नेन्ट' ट्युमरको कोटामा राखिन्छ।

शरीरको अन्यत्र झैँ मस्तिष्कको हकमा पनि त्यही सिद्धान्त लागू हुन्छ। 'बिनाइन' छिट्टै नफैलिने खालको हुन्छ भने बिरलै मात्र क्यान्सरमा परिणत हुन्छ तर 'मेलिग्नेट' ट्युमर छिटो फैलिनुका साथै यसले अन्य गम्भीर समस्या पनि ल्याउँछ। मस्तिष्क कडा हड्डीभित्र सीमित ठाउँमा अवस्थित हुने भएकाले सानोभन्दा सानो ट्युमरले पनि अन्यत्रभन्दा जोखिम निम्त्याउँछ।

> पेट्रोकेमिकलसम्बन्धी काम गर्ने व्यक्ति, इप्स्टेन बार भाइरसको सङ्क्रमण भएका, विकिरणको प्रभाव एवं कतिपयलाई वंशाणुगत कारणले मस्तिष्कको क्यान्सर हुन सक्छ।

मस्तिष्कको क्यान्सर वृद्ध एवं रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिमा बढ्ता हुन सक्छ तर पनि धेरैजसो मस्तिष्कको क्यान्सरको कारक तत्त्व अज्ञात नै छ। पेट्रोकेमिकलसम्बन्धी काम गर्ने व्यक्ति, इप्स्टेन बार भाइरसको सङ्क्रमण भएका, विकिरणको प्रभाव एवं कतिपयलाई वंशाणुगत कारणले मस्तिष्कको क्यान्सर हुन सक्छ। यस्तै धूमपान, मदिरापान र वातावरणीय प्रदूषणले मस्तिष्क क्यान्सर हुनमा थप बल पुऱ्याउँछ।



मस्तिष्कको क्यान्सरको वर्गीकरण

यसका प्रकारमा एस्ट्रोसाइटोमा (ग्लायोब्लास्टोमा, ५० प्रतिशत), मेनिन्जिओमा (२१ प्रतिशत), पिट्युटरी एडेनोमा (१५ प्रतिशत) र मस्तिष्कका स्नायुका ढकनीको ट्युमर (१० प्रतिशत) छन्। बालबालिकामा मेडुल्लोब्लास्टोमा खालको मस्तिष्कको क्यान्सर बढी हुने गरेको छ। यी त भए प्राथमिक प्रकारका मस्तिष्कभित्रबाटै उत्पत्ति हुने मस्तिष्कका क्यान्सर।


विश्वमा प्राथमिक प्रकारको मस्तिष्कको क्यान्सर बर्सेनि करिब अढाई लाख मानिसमा हुन्छ। जुन सबैखाले क्यान्सरको केवल दुई प्रतिशत मात्रै हो। यसका अतिरिक्त शरीरको अन्यत्र उत्पन्न भएको क्यान्सर पनि फैलिएर मस्तिष्कमा आइपुग्न सक्छ। 'सेकेन्डरी' खालका यस्ता क्यान्सरमा अधिकजसो फोक्सो, स्तन, 'मेलिग्नेन्ट मेलानो' मा भनिने एक प्रकारको छालाको क्यान्सर, मिर्गौला एवं आन्द्राको क्यान्सर मस्तिष्कमा फैलिन सक्छ।

मस्तिष्कको क्यान्सरका लक्षण

मस्तिष्कको कुन भागमा क्यान्सरले असर पुऱ्याएको छ र ट्युमर कति ठूलो भइसकेको छ भन्ने आधारमा यस क्यान्सरका लक्षण देखा पर्छन्। अधिकतर बिरामीमा टाउको दुख्ने, कम्पन छुट्ने, आँखा धमिलो भई हेर्न समस्या हुने, उल्टी हुने, मानसिक चालचलन (व्यवहार) मा परिवर्तन आउने, हिँडडुल गर्न समस्या हुने, कुराकानी तथा स्पर्शसम्बन्धी गडबडी आउने, बेहोस् हुने, पक्षाघात हुने आदि लक्षण देखा पर्दछ।

ट्युमर अर्थात् क्यान्सरका कारण मस्तिष्क सुन्निएर टाउको दुख्ने, आँखा धमिलो हुने, वाकवाकी लाग्ने, उल्टी आउने समस्या देखा पर्दछ। टाउको दुख्नु मस्तिष्कको क्यान्सरको एक लक्षण हो। सुरुवाती अवस्थामा बिहान उठ्नेबित्तिकै टाउको दुख्छ भने पछिका दिनमा दिनभरिजसो टाउको दुख्ने हुन्छ। सुरुमा यो लक्षण पनि बिहानको समयमा देखिने भए पनि विस्तारै यो समस्या बढ्दै जान सक्छ।

टाउको दुख्ने समस्याසँगै खाना खान मन नलाग्ने, उल्टी आउने पनि हुन सक्छ। त्यसै गरी क्रमशः आँखाको दृष्टि कमजोर हुँदै जाने र समयमै उपचार भएन भने



गएपछि शरीरका अङ्गमा मस्तिष्कको नियन्त्रण टुट्दै जान्छ। जसले गर्दा प्रभावित व्यक्तिलाई पक्षाघात हुन थाल्छ। क्यान्सरले मस्तिष्कको केही भाग वा पूरै भाग असर गरे अनुसार शरीरको विपरीत भाग (आधा भाग) ले काम गर्न छोड्ने वा बिरलै कतिपयको पूरै शरीर नचल्ने हुन्छ।

त्यसै गरी मस्तिष्कको क्यान्सर रोगीमा बोल्ने, सुन्ने तथा स्मरण शक्ति पनि कम हुँदै जान्छ। चेतनास्तर कम हुँदै जान थालेसँगै बिरामीलाई भर्खरै वा बिहान के के गरेँ, के खाएँ र सामान कहाँ राखेँ भन्ने कुरा सम्झिन पनि गाह्रो पर्छ। मस्तिष्कको ट्युमरका कारण शरीरका अङ्ग एवं मानसिक अवस्थामा मात्र नभई व्यवहार पनि प्रभावित हुन सक्छ। मानिसले आफ्नो व्यवहारलाई नियन्त्रण गर्न नसक्नाले चिडचिडाहट हुने, उदास रहने, टोलाउने, कसैसँग बोल्ने नचाहने, एक्लो बस्न रुचाउने खालका परिवर्तन देखा पर्न थाल्छ। कतिपय बिरामीमा आवाज हराउने, मुख बाङ्गिने जस्ता समस्या पनि देखा पर्न सक्छ।



क्यान्सरले मस्तिष्कको केही भाग वा पूरै भाग असर गरे अनुसार शरीरको विपरीत भाग (आधा भाग) ले काम गर्न छोड्ने वा बिरलै कतिपयको पूरै शरीर नचल्ने हुन्छ।

आँखाको दृष्टि गुम्न पनि सक्छ।

शरीरका विभिन्न क्रियाकलाप सही अवस्थामा राख्न र शरीरलाई सन्तुलनमा राख्नका लागि मस्तिष्कमा विभिन्न महत्त्वपूर्ण संवेदनशील क्षेत्रहरू हुन्छन्। त्यसैले मस्तिष्कको क्यान्सर हुँदा रिङ्गटा लाग्ने र कम्पन छुट्ने समस्या हुन सक्छ। मुख्यतः 'मेलिग्नेन्ट' खालको मस्तिष्कको क्यान्सर मस्तिष्कभित्र फैलिन थालेपछि बिरामी बारम्बार मुर्छा पर्ने हुन्छ। त्यसअघि क्यान्सर प्रभावित व्यक्तिको हातखुट्टा लुलो हुने हुन्छ, जुन पक्षाघात हुनुपूर्वको अवस्था हो।


मस्तिष्कमा ट्युमर बढ्दै

मस्तिष्कको क्यान्सरको निदान

प्रायः प्रभावित व्यक्तिमा माथि उल्लेखित लक्षण देखा परेसँगै मस्तिष्कको क्यान्सरको आशङ्का गरेसँगै आवश्यक शारीरिक जाँचपछि सिटी स्क्यान, एमआरआई एवं हर्मोन परीक्षणबाट यसको निदान गरिन्छ। यसका साथै नाक, कान र घाँटीको जाँच, आँखाको जाँच, इइजीको आवश्यकता पनि पर्छ।

सिटी स्क्यान वा एमआरआईको परीक्षणका बेला 'कन्ट्रास्ट' भनिने विशेष औषधि दिँदा थप प्रस्टता देखिन्छ भने सुविधासम्पन्न अस्पतालमा पेट स्क्यान गराउन सकिन्छ। पेट स्क्यानको क्रममा

क्यान्सर आशङ्का गरिएको व्यक्तिमा रेडियोएक्टिभ तत्त्व दिएसँगै स्क्यानरबाट क्यान्सरग्रस्त भाग सहजै पत्ता लाग्छ। किनकि क्यान्सरग्रस्त कोषहरू निकै छिटो वृद्धि हुन्छन् भने त्यस्तो छिटो वृद्धि हुने कोषले माथि भनिएको रेडियोएक्टिभ





मस्तिष्कको ट्युमर (विशेषतः बिनाइन खालको) निकै सुस्त गतिमा वृद्धि हुने भएकाले नियमित फलोअपमा राखे मात्र पुग्छ भने 'मेलिग्नेन्ट' खालको ट्युमर भने शल्यक्रिया गरे पनि बल्झिने सम्भावना रहिरहन्छ।



तत्त्व बढी मात्रामा सोस्ने गर्दछन्। ती रेडियोएक्टिभ तत्त्व आखिरमा ग्लुकोज (अथवा सुगर) नै हुन्छन्। छिटो छिटो वृद्धि हुने कोषका लागि बढी मात्रामा ग्लुकोज चाहिने हुन्छ।

उपचार

आरम्भिक अवस्थामै पहिचान भएको खण्डमा विशेषतः 'बिनाइन' खालको मस्तिष्कको ट्युमर शल्यक्रियामार्फत पूर्ण रूपमा निको पार्न सकिन्छ। त्यसो भएर अधिकतर मस्तिष्कको क्यान्सरको मुख्य उपचारका लागि ट्युमर निकाल्ने शल्यक्रिया नै गर्नुपर्ने हुन्छ। साथै यसलाई फैलिन र बढ्न नदिन तथा फेरि हुन नदिन केमोथेरापीको आवश्यकता पर्न सक्छ।

त्यसै गरी कतिपयलाई रेडियोथेरापी आवश्यक पर्छ। यसका साथै मस्तिष्कको ट्युमरका कारण उत्पन्न हुने कम्पन कम गर्न एन्टिकन्भल्सेन्ट औषधि र मस्तिष्कको सुजन घटाउन स्टेरोइड एवं पिसाब गराउने फ्रुसेमाइड औषधि चाहिन सक्छ। केही मस्तिष्कको ट्युमर (विशेषतः बिनाइन खालको) निकै सुस्त गतिमा वृद्धि हुने भएकाले नियमित फलोअपमा राखे मात्र पुग्छ भने 'मेलिग्नेन्ट' खालको ट्युमर भने शल्यक्रिया गरे पनि बल्झिने सम्भावना रहिरहन्छ।

मस्तिष्कको क्यान्सरको उपचारलाई लिएर इम्युनोथेरापी, मेसिकुलर स्टोमटाइटिस भाइरस, रेट्रोभाइरल रेप्लिकेटिङ भेक्टर्सको प्रयोग बारेमा अनुसन्धान भइरहेका छन्।

उपचारको नतिजा

मस्तिष्कको क्यान्सरको समयमा उपचार भएको खण्डमा निको पार्न सकिन्छ तर समयमा उपचार नभएमा बिरामीको मृत्युसमेत हुन सक्छ। उपचारको नतिजा ट्युमरले मस्तिष्कको कुन ठाउँमा र कति भाग ओगटेको छ भन्नेमा बढ्ता भर पर्दछ। ■

भाषा ज्ञान

फाल्गी :	हरियो मकै उसिनेर भारमा राख्ने र जाडोयाममा पोलेर खाइने परिकार
फामफल :	अबोकाडो
इजु :	आमा
जुदो :	भिन्न भएको, छुट्टिएको
जरु :	कुँडेमा दूध पकाउँदा चलाउने ठूलो डाडु
अजुकाउनु :	निद्रामा बरबराउनु
जनजलसा :	जनसागर, जनताको भीड
जेरबन्द :	घोडाको पेटमा बाँध्ने काठीको साज
वसाउनु :	शरीरको कुनै भाग सुन्निनु
सापत्न्य :	सौतेलो व्यवहार
समापित :	समापन गरिएको
सडो :	दुम्सी
निहन्ता :	हत्यारो, घातक
मनिहारी :	शृङ्गारका सामान बेच्ने महिला
पाणिगृहीता :	विवाह गरिएकी, विवाहिता
निउतहार :	निम्तालुहरू
शालिहोत्री :	पशुचिकित्सक
पणबन्ध :	पैसाको बाजी, प्रतिज्ञा
फिनफाँडो :	धुल्याएको वा किचिमिची पारिएको अवस्था
रानफडाइ :	केही बाँकी नरहने गरी बोल्नु

Port	बन्दरगाह
Doss	पलङ, खटिया
Dung	गोबर, मल
Blissful	आनन्दमय, सुखद
Ecstatic	भावविभोर, चित्ताकर्षक
Gigantic	विशालकाय, भीमकाय
Puny	सानो, कमजोर
Splendor	वैभव, शान
Slavery	गुलामी, दासता
Vermilion	सिन्दूर, रातो रङ
Greasy	चिप्लो, तैलीय
Sinner	पापी, दोषी
Gaga	वाहियात, व्यर्थ
Fumble	गडबड गर्नु, खोज्नु
Apparently	स्पष्टतया, निश्चित रुपमा
Bitter	कटु, कठोर
Obedient	आज्ञाकारी, आज्ञापालक
Sanitization	सफाइ, स्वच्छीकरण
Insipid	नीरस, फिक्का
Grumble	बरबराउनु, गुनासो गर्नु
Agitation	हलचल, बेचैनी

ON	IN
a plane	a car
a ship	a helicopter
a bus	a truck
a train	a taxi
a bicycle	a limo
CAN STAND UP INSIDE	CAN'T STAND UP INSIDE



ब्रेन गेम


यस चित्रमा जेब्रा कहाँ छ पत्ता लगाउनुहोस् ।

प्रश्न


एउटा टोकरीमा चार वटा नासपाती र कोठामा चार जना मानिस छन् । हरेक मानिसले एउटा नासपाती लिन्छन् र अन्तिममा एउटा नासपाती टोकरीमा बाँकी रहन्छ । यो कसरी सम्भव भयो ?




यस चित्रमा कति वटा वर्ग छन् ?



पत्ता लगाउन सक्नुहुन्छ बस कुन दिशामा गुडिरहेको छ, दायाँ वा बायाँ ?




उत्तर यसै अङ्कमा





यस चित्रमा लुकेका तीन अनुहार खोज्नुहोस् ।



कुकुरको मालिक पत्ता लगाउनुहोस् ।

अङ्कजाल प्रतियोगिता, माघ-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोर्‍याई भर्नुपर्नेछ।

४. समाधान २०८० फागुन १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।

५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।

६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।

७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

		६		१	३			
		५	७					
			४	९			६	१
९						४	३	
४		१				२		९
	६	८						७
५	१			४	९			
					७	१		
			२	५		३		

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान मङ्सिर अङ्कको उत्तर

समूह क : १. अमेरिकी वैज्ञानिकद्वय कटालिन कारिको र ड्रयु वेसम्यान २. नो विन्टर होलिडेज ३. एरिका गुरुङ (कराँते)

समूह ख : १. जुम्ला २. बर्नाड अर्नाल्ट (फ्रान्स) ३. चीन

समूह ग : १. ऐँठन २. कतार ३. प्राथमिक स्वास्थ्य उपचार

समूह घ : १. भिजिलान्ते २. साङ्ला ३. चीन

समूह ङ : १. उज्वेकिस्तान २. मगर ३. भारत

समूह च : १. जोन क्याडवरी २. स्ट्रवेरी ३. माथिल्लो तामाकोशी

समूह छ : १. पश्मिना २. दार्चुला ३. काठमाडौँ महानगर

अङ्कजाल मङ्सिर अङ्कको उत्तर

गोलाप्रथाद्वारा विजयी

हरिबहादुर थापा, पोखरा
रमिता शाक्य, काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

भरत पाण्डे, बुटवल, निर्मला श्रेष्ठ, विराटनगर, प्रकाश भण्डारी, 'विवेक' गैँडाकोट नवलपुर, उमेशकुमार मास्के, विराटनगर, अनिता गैरे, गैँडाकोट, दिवस भट्टराई, काठमाडौँ, निरु श्रेष्ठ, काठमाडौँ, रघुवर श्रेष्ठ, काठमाडौँ, सुस्मिता अधिकारी, धनकुटा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, कृष्णचन्द्र गौतम, सुखीपुर सिराहा, कमला बस्नेत, झापा, पञ्चनारायण महर्जन, कीर्तिपुर, अहेष महर्जन, कीर्तिपुर, लक्ष्मण रेग्मी, काठमाडौँ, शिला श्रेष्ठ कुलेश्वर काठमाडौँ, रत्न शाक्य, पुल्चोक ललितपुर, सुनील उपाध्याय, काठमाडौँ, असीम श्रेष्ठ चिसापानी रामेछाप, रामाकान्त चौधरी, खडक नपा सप्तरी, रक्षा श्रेष्ठ, ललितपुर, पदमबहादुर खत्री, धरान सुनसरी, सीता महर्जन, काठमाडौँ, नारायण लघु, भक्तपुर, खेमराज घिमिरे कामनपा-९, गौरीशङ्कर रेग्मी, काठमाडौँ, रमेश मानन्धर, काठमाडौँ, गङ्गादेवी विष्ट लखनपुर झापा, बुद्धिबहादुर दुरा, लमजुङ, आलोककुमार तिवारी वीरगन्ज-२६ बिर्ता, अभियान बराल, धनकुटा, दिनेशराज पौडेल, काठमाडौँ, अनिशा महर्जन, पाटन, बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर काठमाडौँ, करुणा घिमिरे, काठमाडौँ, रोजन चालिसे, सर्लाही, हरि महर्जन, शुभ गणपति बचत तथा ऋण सहकारी।

मङ्सिर अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

सुधाता कोइराला, धुलिखेल
प्रतीक्षा कटवाल, सिर्जनानगर भक्तपुर

सही उत्तर मिलाउने अन्य सहभागी

अनुप श्रेष्ठ, सिर्जनानगर भक्तपुर, सुजाता पुरी, पाँचखाल काभ्रेपलाञ्चोक, सिम्रिका माक, भक्तपुर, गौरीश्वर रेग्मी, नयाँबजार, कृष्णचन्द्र गौतम, सुखीपुर सिराहा, पूजा शाक्य, भक्तपुर, अर्चना सुवाल, भक्तपुर, पार्वती श्रेष्ठ, मन्थली-८ रामेछाप, उज्ज्वलविलास वज्राचार्य, नयाँबजार, बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर काठमाडौँ, पदमबहादुर खत्री, धरान सुनसरी, रामप्रसाद उप्रेती, काठमाडौँ, जानुका पन्त, बेँसीसहर, रामाकान्त चौधरी, खडक नपा-१ सप्तरी, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ, नारायण लघु, भक्तपुर, रोजन चालिसे, लालबन्दी सर्लाही, अशोक शर्मा न्यौपाने, भक्तपुर, सहाना श्रेष्ठ, न्युरोड, हरि महर्जन, शुभ गणपति साकोस, गङ्गादेवी विष्ट, लखनपुर झापा, दिनेश श्रेष्ठ, काठमाडौँ, राधेश्याम श्रेष्ठ, काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, रत्न शाक्य पुल्चोक ललितपुर, पञ्चनारायण महर्जन, कीर्तिपुर, रक्षा चौधरी भैँसेपाटी ललितपुर, कमला बस्नेत, झापा, निर्मला श्रेष्ठ, विराटनगर, उमेशकुमार मास्के, विराटनगर, रघुवर श्रेष्ठ, काठमाडौँ, उमेश थापा, कैलाली, खगेन्द्र नाथ, महेन्द्रनगर, नवीन थापा, साङ्ग्रिला बैङ्क असन काठमाडौँ, कल्पना रावल, बर्दिया, अच्युतमानसिंह प्रधान, 'उत्सुक' बालुवाटार काठमाडौँ।

सामान्य ज्ञान प्रतियोगिता मङ्सिरको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	उपासना थापा	सेन्ट जेभियर्स स्कुल, ललितपुर	१००
	गङ्गादेवी विष्ट	लखनपुर, झापा	१००
	नारायण लघु	भक्तपुर	१००
४	आलोककुमार तिवारी	वीरगन्ज-२६ बिर्ता	१००
५	रोजन चालिसे	लालबन्दी, सर्लाही	१००
६	उमेश थापा	प्राइम बैङ्क, कमलपोखरी	१००
७	गणेश रावल	टीकापुर, कैलाली	१००
८	पदमबहादुर खत्री	धरान-१३, सुनसरी	१००
९	बुद्धिबहादुर दुरा	मध्य नेपाल लमजुङ	१००
१०	खगेन्द्र नाथ	महेन्द्रनगर	१००

◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, माघ-२०८०

१		२		३		४		५
		६				७		
८	९			१०				
			११			१२		
१३		१४			१५			
१६				१७			१८	
		१९				२०		२१
२२				२३				
		२४				२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० फागुन १५ भित्र आइपुग्नुपर्नेछ ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन ।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. नजाती, गलत/बेकम्मा
२. एक प्रकारको बाजा
३. सधैँ पानी हुने जग्गा, धाप
४. दूधमा डुबाएर राखिने एकथरी मिठाई
५. 'बाँदरको पुच्छर लौरो .. ....' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
९. छालामा सेता दाग हुने एकथरी सरुवा रोग
११. खाने कुरा, भोजन
१३. शहीद धर्मभक्त माथेमाको जन्मस्थल (काठमाडौँको ....)
१४. आनीबानी, आचार-व्यवहार
१५. ज्यादै थोरै समय, अल्पक्षण
१७. ज्वरो बढ्दाको किसिम
१८. धब्बा, टाटो/कलङ्क
२०. एक प्रकारको फल
२१. जग्गा, भूमि

तेर्सो

१. अखण्डितको विपरीतार्थक शब्द
३. सुर्तीको पातलाई बेरेर बनाइएको एक प्रकारको लामो चुरोट
६. कोसाभित्र दिउल हुने फलविशेष, भुटेर खाइने फल
७. गुण, आकार आदिका हिसाबले समान, उस्तै
८. एकथरी कोसे तरकारी, भुटेर पनि खाइने
१०. सौतेनी आमा/सानी आमा
११. खुर्सानी डढ्दा नाक वा घाँटीमा आउने राग
१२. कपास फट्केर सिरक, डसना आदि बनाउने पेसा भएको व्यक्ति
१४. मुला आदिका ससाना टुक्रा
१५. अप्सरा
१६. राँको, चिराग
१७. समस्याको समाधान/गोरु वा राँगाको जोडी
१९. छान्ने अथवा चुन्ने काम
२०. लेख्न वा छाप्न प्रयोग गरिने वस्तु
२२. प्राप्त/उपलब्धि/सिद्ध
२३. अक्षरका लहर, पङ्क्ति
२४. नमस्कार गर्ने काम, निहुराइ
२५. सिराहा जिल्लाको एक सदरमुकाम

कोठेपद प्रतियोगिता, मङ्सिर अङ्कको उत्तर

नो	र	क		दि	मा	ग		पु
लि		प	छु	वा		रि	ब	न
स	पा	ट		क	रि	ब		जी
	टी		बे	र		मा	न	व
जा		पा	नी		प्या	रा		न
ज	मे	नी		झु	टु		इ	
र		अ	चा	र		मं	घ	ले
को	र	म		झ	ब	क		ला
ट		आ	चा	र		ल	म्प	ट

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : रमा आचार्य
जन्मस्थान : भरतपुर–२, चितवन
जन्म मिति : २०७५।२।३० गते
जन्म समय : दिवा ३:२२ बजे

छोरीको आयु, शिक्षा, स्वास्थ्य, भाग्य र वर्तमान ग्रहदशाका बारेमा बताइदिनु होला ।

तपाईंकी छोरीको जन्म मृगशिरा नक्षत्रको पहिलो चरणमा भएकाले वृष राशि पर्दछ । चलाख अनि चञ्चले स्वभावको बनाउँछ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । अत्यन्त राम्रो दिन र ग्रहयोगमा जन्म भएकाले भविष्यमा राम्रो सफलता मिल्ने देखिन्छ । ग्रह नक्षत्रका अनुसार छोरी भाग्यमानी छन् । चारित्रिक गुण राम्रा हुने छन् । लक्षिन राम्रो रहेको छ । मिठो बोलीवचनका साथै असल बानी व्यवहारसमेत रहेको छ । बौद्धिक क्षमता राम्रो देखिन्छ । भाग्य बलियो लिएर आएकाले भविष्यमा उच्च सफलताका साथै मान प्रतिष्ठासमेत मिल्ने देखिन्छ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । वर्तमान समयमा भद्रिका र बृहस्पतिका शुभ दशा चलेकाले समय राम्रो चलेको छ ।

नाम : शिवानी शर्मा
जन्म स्थान : हेटौँडा, चिसापानी
जन्म मिति : २०५३।९।७
जन्म समय : बिहान ७:१५ बजे

मेरा वर्तमान ग्रहदशा, वैदेशिक यात्रा, शिक्षा, स्वास्थ्य र वैवाहिक स्थितिका बारेमा बताइदिनुहुन अनुरोध गर्दछु ।

नराम्रो ग्रहदशा समय सकिएकाले अब उप्रान्त क्रमशः सफलता एवं उन्नति प्रगति बढ्दै जाने छ । २९ वर्षपछि भाग्योदय हुने देखिन्छ । त्यसपछि तपाईंले सोचेका काम बन्ने छन् । कार्यदक्षता र बौद्धिक क्षमता राम्रो देखिन्छ । ग्रहयोगका अनुसार सुखमय अनि सम्पन्न भविष्यको सङ्केत देखिन्छ । वर्तमान समयमा सामान्य चोटपटकको योग पर्न गएकाले सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ । कुण्डलीमा माङ्गलिक योगसमेत पर्न गएकाले दाम्पत्य सम्बन्धमा सानोतिनो खटपट पर्ने देखिन्छ । माङ्गलिक दोष शान्ति गराएर विवाह गर्दा राम्रो होला । शनिग्रह बलियो रहेकाले भविष्यमा नोकरी नै जीविकोपार्जनको प्रमुख माध्यम बन्ने देखिन्छ । वैदेशिक यात्राका लागि ३२ वर्ष उप्रान्त राम्रो छ । पश्चिमतर्फका देशको यात्रा विशेष फलदायी हुने देखिन्छ ।

नाम : रमेशप्रसाद सिग्देल
जन्म स्थान : काठमाडौँ, नयाँ बानेश्वर
जन्म मिति : २०७३।०१।२९
जन्म समय : राति ९:४ बजे

मेरो छोराको स्वास्थ्य, आयु, विद्या, भाग्य र भविष्यका बारेमा बताइदिनुहुन अनुरोध गर्दछु ।

शारीरिक आरोग्यता अनुकूल देखिन्छ भने दीर्घायुको योग रहेको छ । वर्तमान समयमा साढेसात शनिदशा सकिए पनि उल्कादशा बाँकी नै रहेको छ । जसका कारणले गर्दा झनक्क रिसाउने, भनेको नमान्ने, पढ्न अल्छी गर्ने जस्ता लक्षण देखिन्छन् । सामान्य चोटपटकको योग भएकाले साइकिल चलाउन र एक्लै हिँड्न दिनुभएन । १२ वर्षपछि राम्रो समय सुरु हुन्छ । भविष्यमा पढाइमा उच्च सफलता मिल्ने देखिन्छ । बौद्धिक तार्किक क्षमता राम्रो देखिन्छ तर बढी गफ गर्ने र झुटो बोल्ने केही नराम्रो बानी पनि देखिन्छ । चरलग्नमा जन्म भएकाले विदेशबाट भाग्योदय हुने योगसमेत रहेको छ । चिनामा धनयोग पर्न गएकाले भविष्यमा राम्रो आर्थिक उन्नति प्रगति गर्ने सम्भावना छ ।

नाम : करुणा बस्नेत
जन्म स्थान : दमक झापा
जन्म मिति : २०७५।२।१७ गते
जन्म समय : बिहान ४:३५ बजे

मेरी नातिनीको स्वास्थ्य, वर्तमान ग्रहदशा, पढाइ लेखाइ, भाग्य कर्म र पारिवारिक सुख के कस्तो देखिन्छ ? कृपया बताइदिनुहुनु होला ।

तपाईंकी नातिनीका ग्रहयोग बलिया रहेका छन् । पुनर्वसु नक्षत्रको पहिलो चरणमा जन्म भएकाले मिथुन राशि पर्दछ । सधैँ प्रसन्न अनि शान्त स्वभावको गराउँछ । चर लग्नमा जन्म भएकाले विदेशबाट भाग्योदय हुने देखिन्छ । बौद्धिक क्षमता राम्रो रहेकाले विद्यामा उच्च सफलता मिल्ने छ । कर्मस्थान बलियो रहेकाले भविष्यमा राम्रो काम गरेर सबैको प्रशंसा पाउने देखिन्छ । भविष्यमा राम्रो सफलता मिल्ने ग्रहयोग रहेको छ । आठ वर्षसम्मका लागि भने बालारिष्ट योग पर्न गएकाले सामान्य बिरामी पार्ने देखिन्छ । स्वस्तिशान्ति गराएमा अशुभ दोष हटेर जाने छ ।

२०८० साल माघ महिनाको राशिफल

ज्यो. हरिप्रसाद पौडेल



मेष धार्मिक यात्राको सम्भावना रहेको छ। ग्रहगोचर अनुकूल रहेकाले आँटेका काममा सफलताको सम्भावना रहेको छ। मनोबल उच्च रहनुका साथै कार्यक्षमतामा प्रगति भएर जाने छ। आत्मबल बढेर जानाले प्रतिस्पर्धामा सफलता मिल्ने छ। मानसम्मान, पदप्रतिष्ठासमेत मिल्ने ग्रहयोग रहेको छ। युवावर्गमा प्रेम एवं मनोरञ्जनका अवसर मिल्नुका साथै रमाइलो यात्राको अवसर प्राप्त हुने छ। पठनपाठनका साथै धार्मिक कार्यमा अभिरुचि बढेर जाने छ।

वृष कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्ने देखिन्छ। दैनिक स्वास्थ्यमा सामान्य उतारचढावको स्थिति देखापर्ने योग रहेकाले आहारविहारमा उचित विचार पुऱ्याउनुपर्ने छ। दाम्पत्य सम्बन्धमा सामान्य कटुताको स्थिति पैदा हुने छ भने सन्तानको चिन्ताले समेत पिरोल्ने देखिन्छ। आर्थिक पक्ष भने राम्रो रहेकाले राम्रै आर्थिक लाभ मिल्ने तथा पारिवारिक सुखको अनुभूति गराउने छ। आकस्मिक यात्राको सम्भावनासमेत रहेको छ। महिनाको उत्तरार्धमा रोकिएका काम बन्ने छन्।

मिथुन सामान्य अस्वस्थताका साथै मानसिक दुबिधा बढेर जाने छन्। महिनाको पूर्वार्धमा आँटेका काममा विघ्नबाधा आइपर्नाले केही ढिलासुस्ती गराउने देखिन्छ। आफन्त एवं पारिवारिक सम्बन्धमा सामान्य मनमुटावको स्थिति देखापर्ने छ। दाम्पत्य सम्बन्धमा सामान्य खटपट पर्न सक्ने सम्भावना रहेकाले बोलीवचनमा विचार पुऱ्याउनु आवश्यक छ। महिनाको उत्तरार्धमा सफलता, धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

कर्कट आकस्मिक यात्राको सम्भावना रहेको छ। महिनाको उत्तरार्धमा आर्थिक पक्षका कामबाट सफलता मिल्नुका साथै मनोरञ्जनका अवसर मिल्ने छन्। विद्यार्थी वर्गका लागि पढाइमा विघ्नबाधा आइपर्ने देखिन्छ। आठौँ अढैया शनिदशाले गर्दा सामान्य काममा ढिलासुस्ती गराउने छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ। व्यापारी वर्गका लागि धनागमको योग रहेको छ भने कर्मचारी वर्गका लागि मध्यम फलदायी समय रहेको छ।

सिंह उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक एवं मानसिक आरोग्यता अनुकूल रहने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा गहिरो अभिरुचि लाग्नेछ। पारिवारिक झैझमेला केही थपिने देखिन्छ। महिनाको उत्तरार्धमा सामान्य विवादको सम्भावना रहेको छ। धार्मिक एवं सामाजिक कार्यमा रुचि लाग्नेछ। कर्मचारी वर्गका लागि पदप्रतिष्ठा बढेर जाने छ।

कन्या शारीरिक आलस्यता बढेर जाने छ। सन्तान एवं परिवारको चिन्ताले सताउने छ। विश्वासघातको सम्भावना देखिएकाले साथीसङ्गतमा विचार पुऱ्याउनुपर्ने देखिन्छ। खराब व्यक्तिको सङ्गतले पश्चात्तापसमेत पर्न सक्ने देखिन्छ। नयाँ लगानी एवं लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्ला। पठनपाठनमा समेत बाधाअड्चन आइपर्ने छन्। महिनाको उत्तरार्धमा क्रमशः बाधाअड्चन हट्दै जानुका साथै आर्थिक पक्षका कामबाट समेत लाभ गराउने छ।

तुला घरायसी एवं पारिवारिक चिन्ता केही बढेर जाने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। महिनाको पूर्वार्धमा सामान्य चिसोसम्बन्धी समस्याले सताउने देखिन्छ भने उत्तरार्धमा आरोग्यता अनुकूल रहने छ। धनागम एवं मनोरञ्जनको अवसर मिल्ने छन्। ठूलो लगानी एवं आर्थिक लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्ला। धार्मिक एवं सामाजिक कार्यमा समेत सहभागी हुनुपर्ने छ। पठनपाठनमा सफलताको योग छ।

वृश्चिक आर्थिक पक्षका कामबाट राम्रै लाभ मिल्ने छ। उच्च मनोबलका साथ कार्यक्षमतामा

समेत उल्लेख्य प्रगति भएर जाला । सामान्य चोटपटकको सम्भावना देखिएकाले सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ । पठनपाठनमा सामान्य बाधाअड्चन देखा पर्ने छन् । धार्मिक एवं सामाजिक काममा अभिरुचि बढेर जाने छ । इष्टमित्र तथा आफन्तको सहयोगले काम बन्ने छ । रमाइलो ठाउँको भ्रमण तथा मनोरञ्जनको अवसरसमेत मिल्ने छ । महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जाने छन् ।

धनु रोकिएका काम क्रमशः बन्दैजाने छन् । स्वास्थ्यमा सुधारको योग रहेको छ । घरायसी खर्चको मात्रा केही बढेर जाने छ । महिनाको पूर्वार्धमा मित्र सहयोग, धनागम तथा मनोरञ्जनको अवसर मिल्ने छ भने उत्तरार्धमा आकस्मिक यात्राको सम्भावना रहेको छ । पठनपाठनमा अभिरुचि बढेर जाने छ । महिनाको उत्तरार्धमा काममा आएका विघ्नबाधा क्रमशः हटेर जानुका साथै धनागम एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन् ।

मकर कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्नेछ । अनायासै नसोचका समस्या आइपर्ने छन् । सामान्य अस्वस्थताको योग रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने छ । गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन आइपर्नेछन् । अनावश्यक विवादमा समेत पार्ने देखिएकाले बोलीवचनमा विचार पुऱ्याउनुपर्ने छ । घरायसी खर्चको मात्रा बढेर जाने छ । महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसर मिल्ने छन् ।

कुम्भ सामान्य अस्वस्थताको सम्भावना छ । पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाला । आँटेका काममा अनावश्यक बाधाअड्चन एवं ढिलासुस्तीसमेत गराउने देखिन्छ । लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनुपर्ने देखिन्छ भने ठूलो लगानी नगर्दा नै राम्रो हुने छ । आर्थिक पक्षका कामबाट मध्यम सफलता मिल्नुका साथै सामाजिक एवं धार्मिक कार्यमा अभिरुचि बढेर जाने छ ।

मीन उच्च मनोबलका साथै कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ । आर्थिक उन्नति, प्रगति बढेर जाने छ । प्रतिस्पर्धामा सफलता मिल्ने छ भने विवादमा जित तपाईंकै होला । सामान्य पेट एवं आँखासम्बन्धी समस्या देखापर्ने छ । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत अनुकूल रहने छ । दाम्पत्य सम्बन्धमा मधुरताको अनुभव गराउनुका साथै पारिवारिक सुखको आभाससमेत हुने छ । पठनपाठनमा समेत सन्तोषजनक स्थिति रहने छ । प्रेम एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन् ।

उत्तर

१. अन्तिम मानिसले नासपातीसँगै टोकरी लिन्छ ।
२. ४०
३. बस बायाँ दिशामा गुडिरहेको छ किनभने चित्रमा बसको ढोका देखिँदैन ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ ।

सामान्यज्ञान प्रतियोगिता माघ २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ। यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ। प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ। सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ। उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन। ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन। जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ। सही उत्तरमा अङ्क प्राप्त हुनेछ। यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ। अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. बागमती प्रदेशमा नेपाली भाषाका अतिरिक्त कुन भाषाले सरकारी कामकाजी भाषाको मान्यता पाएको छ ? [१]

२) टाइम एथलेट अफ दी इयर–२०२३ घोषित खेलाडी को नाम के हो ? [३]

३) सिकलसेल एनिमिया नेपालको कुन जाति समुदायमा देखिने गरेको छ ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) आठौँ अन्तर्राष्ट्रिय पर्वतीय महोत्सव कहाँ आयोजना गरिएको थियो ? [३]

२) सेतो कोइला भनेर केलाई चिनिन्छ ? [३]

३) निवृत्तिभरण व्यवस्थापन कार्यालयको नाम पहिले के थियो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) नेपालको सबैभन्दा पुरानो राजमार्ग कुन हो ? [५]

२) सन् २०२३ को नेल्सन मण्डेला पुरस्कार कसलाई प्रदान गरियो ? [३]

३) नेपालमा जिउँदो सहिद भनेर कसलाई चिनिन्छ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) मिस युनिभर्स–२०२३ मा पहिलो प्लस साइज सुन्दरीको नाम के हो ? [७]

२) चोभार सुक्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापनको जिम्मा कसलाई दिइएको छ ? [३]

३) हालै अर्जेन्टिनाको राष्ट्पतिमा निर्वाचित हुने राजनीतिज्ञ को हुन् ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) भारतको मुसाफिर मिडिया हबद्वारा प्रदान गरिने उत्कृष्ट सम्मानबाट सम्मानित नेपाली वायुसेवा कम्पनी कुन हो ? [६]

२) ग्लोबल पोजिसनिङ सिस्टम (जिपिएस) को सुरुवात कुन देशबाट भएको हो ? [६]

३) नेपालको राष्ट्रिय प्रकृति संरक्षण कोषलाई 'प्रत्यक्ष पहुँच एकाइ' का रूपमा मान्यता दिने संस्था कुन हो ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) विसं २०८० को उत्तम शान्ति पुरस्कार प्राप्त गर्ने स्रष्टा को हुन् ? [६]

२) भिजा पेमेन्ट एक्सिलेन्सी अवार्ड २०२३ बाट पुरस्कृत नेपालको वाणिज्य बैङ्क कुन हो ? [६]

३) नेपालमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानको वार्षिक स्थितिको समीक्षा कसले गर्दछ ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) न्युजिल्यान्डको रैथाने बासिन्दा माओरीको युद्ध गीतलाई के भनिन्छ ? [८]

२) अमेरिकाले सूर्यमा पठाएको यानको नाम के हो ? [६]

३) नेपालमा दोस्रो ठूलो विद्युत् सबस्टेसन कहाँ निर्माण गरिएको छ ? [८]

मङ्सिर अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० फागुन १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ।

२०८० साल माघको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० मङ्सिर १ देखि ३० गतेसम्मका राष्ट्रिय घटना

मङ्सिर १ गते :	सामाजिक सञ्जाल टिकटक बन्द गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दस वटा रिट दर्ता ।
मङ्सिर ४ गते :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतद्वारा भएका फैसलाहरूप्रति चित्त नबुझेपछि दुई वटा मुद्दा सर्वोच्च अदालतमा पुनरावेदन ।
मङ्सिर ५ गते :	न्याय परिषद्द्वारा सर्वोच्च अदालतमा छ जना न्यायाधीश सिफारिस ।
मङ्सिर ६ गते :	प्रेस काउन्सिल नेपालद्वारा सञ्चार माध्यमको आवरणमा सर्वसाधारणलाई त्रसित र आतङ्कित गर्ने सामग्री सम्प्रेषण गरेको भन्दै युट्युबलगायत १७ वटा सञ्चार माध्यमलाई २४ घण्टे स्पष्टीकरण ।
मङ्सिर ७ गते :	मन्त्रीपरिषद् बैठकद्वारा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे र नेपाली सेनाका उपरथी ताराध्वज पाण्डेको राजीनामा स्वीकृत ।
-	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा चितवन राष्ट्रिय निकुञ्जभित्र गैरकानुनी रूपमा संरचना निर्माण गरेर उक्त संरचना प्रयोगविहीन अवस्थामा राखेको आरोपमा ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर ।
-	कतारका विदेश राज्यमन्त्री दुईदिने औपचारिक भ्रमणका क्रममा नेपालमा ।
मङ्सिर ९ गते :	बर्दियाको गुलरिया नगरपालिका-४, तुलापुरमा रहेको एक घरमा आगलागी हुँदा तीन जना बालबालिकासहित चार जनाको मृत्यु ।
मङ्सिर १२ गते :	प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घ सम्मेलन (को-२८) मा सहभागी हुन संयुक्त अरब इमिरेट्स प्रस्थान ।
मङ्सिर १५ गते :	नेपाली नागरिकलाई भुटानी नक्कली शरणार्थी बनाई अमेरिका पठाइदिने भन्दै ठगी गरेको अभियोग लागेका नौ जनालाई थुनामै राख्न उच्च अदालत पाटनद्वारा आदेश ।
मङ्सिर १७ गते :	उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का शान्ति स्थापनासम्बन्धी संयुक्त राष्ट्रसङ्घ मन्त्रीस्तरीय बैठकमा भाग लिन घाना प्रस्थान ।
मङ्सिर १८ गते :	जिल्ला अदालत काठमाडौँद्वारा नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) सहितका नेताहरूमाथि राज्यविरुद्धको कसुरमा ३५ दिनभित्र अदालतमा उपस्थित हुन पुर्जी जारी ।
मङ्सिर १९ गते :	रुकुम जिल्ला अदालतद्वारा सोती हत्याकाण्डमा संलग्न ३४ जनामध्ये २४ जनालाई जन्मकैदको फैसला ।
मङ्सिर २० गते :	पर्यटन भिसाको आवरणमा गैरकानुनी बाटोबाटै नेपाली नागरिकलाई रुसको सेनामा भर्ना गराउने गिरोहका नाइके हरिबहादुर विश्वकर्मा (हरि विके) सहित ११ जना पक्राउ ।
-	सात केजी सुनसहित काठमाडौँको न्युरोडबाट पदमप्रसाद पाण्डे प्रहरीको नियन्त्रणमा ।
मङ्सिर २१ गते :	उच्च अदालत पाटनद्वारा दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेलको बिक्री भएको सेयर दर्ता नगर्नू/नगराउनू भनी अल्पकालीन अन्तरिम आदेश जारी ।
मङ्सिर २२ गते :	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १४ केजी सुन बरामद ।
मङ्सिर २७ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा संसद्का महासचिव डा. भरतराज गौतमको राजीनामा स्वीकृत ।
मङ्सिर २८ गते :	जिल्ला अदालत महोत्तरीद्वारा नेकपा एमालेका निलम्बित सांसद लक्ष्मी महतो कोइरीलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दाबाट सफाइ ।
मङ्सिर २९ गते :	राष्ट्रिय सभा सदस्य निर्वाचनमा १२ राजनीतिक दलले भाग लिने ।
-	नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाण ३० लाख धरौटीमा रिहा । ▪

– सरस्वती खत्री, क्षेत्री